# कर्णाली प्रदेश

## दिगो विकास लक्ष्यसम्बन्धी
## प्रदेशगत सार्वजनिक खर्चको खोजीनिती सर्वेक्षण, २०७९





कर्णाली प्रदेश योजना आयोग
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# कर्णाली प्रदेश

# नेपालमा दिगो विकास लक्ष्यसम्बन्धी प्रदेशगत सार्वजनिक खर्च खोजीनिती सर्वेक्षण, २०७९




कर्णाली प्रदेश योजना आयोग

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# कर्णाली प्रदेश, दिगो विकास लक्ष्यसम्बन्धी
# प्रदेशगत सार्वजनिक खर्च खोजीनिती सर्वेक्षण, २०७९

प्रतिलिपि अधिकार @ कर्णाली प्रदेश योजना आयोग, वीरेन्द्रनगर, सुर्खेत, नेपाल
फोन (+९७७)-८३-५२१६७६
इमेल: ppckarnali@gmail.com
वेब: kppc.karnali.gov.np

**प्राविधिक सहयोग:** Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project, UN Joint Fund – UNDP/UNCDF/UN Women

मुख्यमन्त्री

कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्या :
चलानी नम्बर :

## दुई शब्द

मुलुकका राष्ट्रिय लक्ष्यहरूलाई दिगो विकासका लक्ष्यसँग तादात्म्यता कायम गरी सो हासिल गर्न संघ, प्रदेश र स्थानीय सरकारको उत्तिकै दायित्व रहेको छ। कर्णाली प्रदेश सरकार आफ्नो अधिकारसूची र जिम्मेवारीभित्र पर्ने दिगो विकास लक्ष्य (दिविल) हरू पूरा गर्न साथै उपलब्धि प्राप्ति गर्न पूर्ण कटिवद्ध रहेको छ।

कर्णाली प्रदेश सरकारले प्रदेशको आर्थिक तथा सामाजिक रूपान्तरणका आयामहरूलाई समेटी सम्भावित दिविलका सूचकहरू राखी दिगो विकास लक्ष्य पुस्तिका तयार गरी प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ। प्रदेश सरकारको पहिलो आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनामा पनि ती लक्ष्यहरूलाई आन्तरिकीकरण गरी यसको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता रहेको छ।

बजेट तर्जुमा गर्दाको समयमा प्रदेशका प्राथमिकतासँग सन्तुलन कायम गरी दिगो विकास लक्ष्यअनुसार साङ्केतीकरण गर्नुपर्ने हुन्छ। यसले दिगो विकास लक्ष्य प्राप्तिमा भएको विनियोजन र खर्चको लेखाङ्कन गराउन सहयोग गर्दछ। प्रदेशमा बजेट साङ्केतीकरणको अभ्यास केही वर्ष अघिदेखि नै हुँदै आए पनि यसले दिविलअनुसार बजेट विनियोजन र खर्चको अवस्थाबारे दस्तावेजीकरण भइ नसकेको परिप्रेक्ष्यमा यो अध्ययन तथा विश्लेषण अत्यन्त महत्त्वपूर्ण रहने देखिन्छ।

यस प्रदेशमा विनियोजित बजेट र खर्चअन्तर्गतका विद्यमान समस्या तथा सोको निवारणका लागि प्राप्त सुझावहरूले बजेट विनियोजनमा सन्तुलन कायम गर्न, बजेट हस्तान्तरणमा सहजता प्रदान गर्न तथा खर्चमा मितव्ययिता अपनाउन सहज हुनेछ। यस अध्ययनले आगामी दिनमा दिविलअनुसार बजेट र खर्चको पूर्ण साङ्केतीकरणको कार्यलाई समेत सहयोग पुग्ने अपेक्षा गरेको छु।

धन्यवाद !

..................
मा.राज कुमार शर्मा
मुख्यमन्त्री

कर्णाली प्रदेश सरकार
# कर्णाली प्रदेश योजना आयोग
वीरेन्द्रनगर, सुर्खेत
फोन नं.: ०८३-५२१६७६
इमेल: ppckarnali@gmail.com

पत्र-संख्या :

चलानी नम्बर :

## मन्तव्य

दिगो विकासका लक्ष्य तथा मुलुकका राष्ट्रिय लक्ष्यहरु प्राप्त गर्न सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहका प्रयासहरु आवश्यक हुन्छ। यी लक्ष्यभित्रका सूचकहरु प्रदेश तहको क्षेत्राधिकार र जिम्मेवारी भित्र पर्दछन्। प्रदेश सरकारले आफ्नो अधिकार सूची र जिम्मेवारी भित्र पर्ने दिगो विकास लक्ष्य (दिविल) हरु सम्पादन गर्नुका साथै उपलब्धि प्राप्ति गर्न ध्यान केन्द्रित गर्नुपर्दछ ।

कर्णाली प्रदेश सरकारले प्रकाशित गरेको आवधिक योजनामा दिविललाई आन्तरिकीकरण गरी यसको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता गरेको छ। यसका साथै प्रदेशले दिविललाई मध्यमकालीन खर्च संरचनामा पनि समाहित गर्दै बजेट तर्जुमा र कार्यान्वयन गर्दै आएको छ। दिविल अनुसार बजेट विनियोजन गर्दै आएपनि लक्ष्य वमोजिम सबै विनियोजित बजेट र खर्चलाई साङ्केतीकरण गर्ने कार्यले पूर्णता पाएको छैन।

दिविलको कार्यान्वयनको प्रमुख औजार बजेट नै हो। बजेट तर्जुमा गर्दाको समयमा कुन कार्यक्रमले कुन दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउँदछ, त्यस अनुसार साङ्केतीकरण गर्नुपर्ने हुन्छ। यसो भएमा दिगो विकास लक्ष्य प्राप्तिमा भएको विनियोजन र खर्चको लेखाङ्कन हुन सक्छ। प्रदेशमा बजेट साङ्केतीकरणको अभ्यास विगत केही वर्षदेखि हुदै आएपनि यसले दिविल अनुसार बजेट विनियोजन र खर्चको अवस्थाबारे दस्तावेजीकरण भइनसकेको परिप्रेक्ष्यमा राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा गरिएको "नेपालमा दिगो विकास लक्ष्यसम्बन्धी प्रदेशगत सार्वजनिक खर्च खोजीनीति सर्वेक्षण" अध्ययन तथा विश्लेषण अत्यन्त महत्त्वपूर्ण रहने देखिन्छ।

प्रदेशमा विनियोजित बजेट र खर्च अन्तर्गतका समस्या तथा सोको निवारणका लागि प्राप्त सुझावहरुले यस प्रदेशको बजेट विनियोजनमा सन्तुलन कायम गर्न, बजेट हस्तान्तरणमा सहजता प्रदान गर्न तथा खर्चमा मितव्ययिता अपनाउन सहज हुनेछ। यसको अतिरिक्त आगामी दिनमा दिविल अनुसार बजेट र खर्चको पूर्ण साङ्केतीकरणको कार्यलाई यसले सहयोग पुग्ने महशुस गरेको छु। साथै मामला अध्ययनमा "भोकमरीको अन्त्य (दिविल २) र गरिबीको अन्त्य (दिविल १)" लाई केन्द्रित गरी यस विषयमा प्रदेशले गरेको बजेट विनियोजन र खर्चको प्रक्रियामा औंल्याएका समस्याहरुलाई निराकरण गर्दै खर्च गर्ने क्षमतामा समेत सुधार गर्न कर्णाली प्रदेश सरकारलाई सहयोग पुऱ्याउने विश्वास लिएको छु।

अन्त्यमा यस दस्तावेजलाई तयार गर्नमा सहयोगी भूमिकामा रही कर्णाली प्रदेश योजना आयोगलाई प्रोत्साहन गर्नुहुने प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू लगायत सम्पूर्ण मन्त्रीज्यूहरू एवम् विषयगत मन्त्रालयका सचिवज्यूहरु, योजना महाशाखा तथा शाखाका प्रमुखज्यूहरु, स्थानीय तहका प्रमुखज्यूहरु/उप-प्रमुखज्यूहरु, अध्यक्ष/उपाध्यक्षज्यूहरु प्रशासकीय प्रमुखज्यूहरु, विषयगत प्रमुखज्यूहरु, संघ- संस्थाका प्रमुखज्यूहरु, यस आयोगका कर्मचारीहरु एवं आर्थिक तथा प्राविधिक सहयोग गर्नुहुने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम तथा अध्ययन कार्यमा संलग्न नीतिमूलक अनुसन्धान तथा विकास संस्थाप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

..................

श्यामकृष्ण थापा

सदस्य-सचिव,

# विषय सूची

**अध्याय - १** ........ १

**अध्ययनको परिचय** ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ प्रदेशमा दिगो विकास लक्ष्यको कार्यान्वयन ........ २

१.३ सार्वजनिक खर्च खोजीनितीको आवश्यकता र औचित्य ........ ४

१.४ सार्वजनिक खर्च खोजीनिती अध्ययनको उद्देश्य ........ ५

१.५ सार्वजनिक खर्च खोजीनितीको प्रक्रिया एवम् विधि ........ ५

१.६ वित्तीय एवम् सूचना प्रवाहको विद्यमान व्यवस्था ........ १०

१.७ अध्ययनको सीमा ........ १२

**अध्याय- २** ........ १३

**कर्णाली प्रदेशको समग्र विकासको अवस्था** ........ १३

२.१ पृष्ठभूमि ........ १३

२.२ कर्णाली प्रदेशको अर्थतन्त्रको तुलनात्मक स्थिति ........ १४

२.३ सामाजिक क्षेत्र ........ १९

२.४ पूर्वाधार क्षेत्र ........ २२

२.५ वन तथा वातावरण ........ २३

**अध्याय - ३** ........ २५

**दिगो विकासको लक्ष्यअनुसार बजेट विनियोजन र खर्चको प्रवृत्ति** ........ २५

३.१ पृष्ठभूमि ........ २५

३.२ प्रदेशको बजेटको स्रोत विश्लेषण ........ २५

३.३ बजेट विनियोजन तथा खर्चको प्रवृत्ति........ २६
३.४ दिविलअनुसार बजेट विनियोजन र खर्चको विद्यमान प्रवृत्ति........ २७
३.५ दिविलअनुसार बजेट विनियोजन तथा खर्चको प्रवृत्ति ........ २९
३.६ दिविलअनुसार खर्च गर्न सक्ने क्षमता........ ३१
३.७ प्रदेशको समग्र बजेटमा दिविल साङ्केतीकरण कार्यान्वयनको अवस्था ........ ३३

**अध्याय- ४........ ३५**
**दिगो विकासका लक्ष्यअनुसार खर्चको खोजीनिती (मामिला अध्ययन)........ ३५**
४.१ पृष्ठभूमि........ ३५
४.२ प्रदेशमा गरिबी र भोकमरीको अवस्था र विश्लेषण........ ३५
४.३ अध्ययनको उपलब्धि एवम् व्याख्या........ ३६
४.४ मुख्य सूचनादाता अन्तर्वार्ता तथा समूह छलफलका केही अंशको सङ्क्षिप्त निष्कर्ष........ ३८
४.५ निष्कर्ष........ ४१

**अध्याय- ५........ ४३**
**बजेट विनियोजन, हस्तान्तरण र खर्चसम्बन्धी समस्या र समाधान........ ४३**

**अध्याय - ६ ........ ४७**
**दिगो विकास लक्ष्यका सूचकहरूको प्रगति........ ४७**
६.१ सरकारी खर्चले दिविलमा ल्याएको परिवर्तन........ ४७

**अध्याय - ७ ........ ५३**
**निष्कर्ष तथा सुझाव........ ५३**
७.१ निष्कर्ष........ ५३
७.२ सुझाव........ ५६

सन्दर्भ सामाग्री..........................................................................................................५९
अनुसूची १ः तथ्याङ्क सङ्कलन गर्ने प्रश्नावली......................................................................६१
अनुसूची २ : आर्थिक वर्ष  २०७८/७९ को दिविल अनुसार खर्चको साङ्केतीकरण...........................६५

# तालिका सूची


तालिका १: राष्ट्रिय तथा प्रादेशिक तहमा दिगो विकास लक्ष्य सूचकको सङ्ख्या ........................ २
तालिका २: कर्णाली प्रदेशमा सर्वेक्षणका लागि छनौट गरिएका एकाइहरू ............................. ८
तालिका ३: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको योगदान र आर्थिक वृद्धिदर (प्रतिशतमा) ....................................................................................१४
तालिका ४: कुल गार्हस्थ्य उत्पादनमा राष्ट्रिय र कर्णाली प्रदेशको संरचनाको स्थिति ...................१५
तालिका ५ : कर्णाली प्रदेशको राजस्व तथा वित्तीय परिसूचक........................................१६
तालिका ६: कर्णाली प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति ........................................१६
तालिका ७: आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशको सञ्चित कोषको अवस्था (रू. करोडमा)......१७
तालिका ८: औद्योगिक क्षेत्रको परिसूचकको अवस्था र तुलना.........................................१८
तालिका ९: कर्णाली प्रदेशका सामूदायिक विद्यालयमा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात.......१९
तालिका १० : कर्णाली प्रदेशको स्वास्थ्य सूचकको स्थिति (प्रतिशतमा) ...............................२०
तालिका ११: प्रदेशमा लैङ्गिक तथा मानव विकासको अवस्था ........................................२१
तालिका १२: कर्णाली प्रदेशको ऊर्जा सम्बन्धी परिसूचकको अवस्था र अन्य प्रदेशसँगको तुलना.........२२
तालिका १३: कर्णाली प्रदेशको सडक सञ्जालका परिसूचकको अवस्था र अन्य प्रदेशसँगको तुलना .......२३
तालिका १४: प्रदेशको वनक्षेत्रका परिसूचकको अवस्था र अन्य प्रदेशसँगको तुलना ....................२३
तालिका १५: प्रदेशको गत तीन आर्थिक वर्ष को बजेट स्रोत विवरण (रू.लाखमा)....................२६
तालिका १६: प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति ..............................................२७
तालिका १७: विद्यमान साङ्केतीकरण र खर्चको स्थिति (प्रतिशत)....................................२९
तालिका १८: दिविलअनुसार पूर्ण साङ्केतीकरण गर्दा विनियोजित बजेट र खर्चको प्रवृत्ति..................३०
तालिका १९: दिविल अनुसारको बजेट पूर्ण साङ्केतीकरण गर्दाको र विद्यमान साङ्केतीकरणको तुलनात्मक स्थिति..........................................................................................३४
तालिका २० : कर्णाली प्रदेशमा सरकारी खर्चले दिविलमा ल्याएको परिवर्तनको सारांश .................४७


# चित्र सूची


चित्र १: स्रोत प्रवाहको खोजीनिती का अवयवहरू................................................१०
चित्र २: अवधारणात्मक रूपरेखा...........................................................११
चित्र ३: कुल गार्हस्थ्य उत्पादनमा राष्ट्रिय र कर्णाली प्रदेशको संरचनाको स्थिति .....................१५
चित्र ४: दिविलअनुसार खर्च गर्ने क्षमता ...................................................३२

अध्याय - १

# अध्ययनको परिचय

## १.१ पृष्ठभूमि

दिगो विकासका लक्ष्यहरूको मुख्य उद्देश्य एकीकृत ढङ्गबाट सन्तुलित आर्थिक रूपान्तरण र सामाजिक समावेशीकरणसहित वातावरणीय सन्तुलन कायम राख्ने रहेको छ। विशेषगरी विश्वव्यापी आदर्श समाज निर्माण गर्ने अभिप्रायबाट आएको दिगो विकासको अवधारणा निम्न तीनवटा मान्यताबाट प्रेरित छः प्रचुर सम्पन्नताको बिचमा गरिबी रहनुहुन्न, मुलुकहरूले सामाजिक सद्भाव र गतिशीलता कायम राख्दै असमानताहरू अन्त्य गर्ने र समाजभित्र र बाहिर रहेका थुप्रै विभेदहरूको अन्त्य गर्नुपर्दछ, र पृथ्वीको संरक्षण गर्ने नैतिक दायित्व सबैले लिनुपर्दछ। सङ्घीय नेपालको सन्दर्भमा दिगो विकास लक्ष्यले राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहमा समृद्धिको सिर्जना, न्यायमुखी वितरण र दिगोपनालाई मूलप्रवाहीकरण गरी समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गराउने मुख्य उद्देश्य लिएको छ।

राष्ट्रिय लक्ष्यलाई टेवा पुग्ने गरी प्रदेशमा समेत दिगो विकास लक्ष्यका पाँच स्तम्भहरूः मानव, समृद्धि, शान्ति, पृथ्वी, र साझेदारी जस्ता विषयमा सहकार्य र समन्वयात्मक विकासका प्रयासहरू हुने गरेको पाइन्छ। कर्णाली प्रदेशले पनि सहकार्य र समन्वयात्मक विकास गरी प्रदेशको योजनाबद्ध विकासका लागि आवश्यक आय वृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक तथा सामाजिक जोखिमहरूको न्यूनीकरणमार्फत राष्ट्रिय लक्ष्यको वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य (दिविल) हासिल गर्ने सोचसहित उच्चमध्यम आयस्तर भएको मुलुकमा पुग्ने लक्ष्य लिएको छ । यसरी वि.सं. २१०० सम्मका लागि तयार गरिएका दीर्घकालीन लक्ष्य हासिल गरी समुन्नत मुलुकको स्तरमा पुग्ने लक्ष्यमा योगदान दिने गरी आफ्ना नीति तथा कार्यक्रमहरू तय गरेको छ।

कर्णाली प्रदेशले प्रदेशको सन्तुलित अर्थव्यवस्थाको सोचलाई मूर्तरुप दिनका लागि प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) सँग तादाम्यता कायम हुने गरी आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्म प्रत्येक वर्ष तीन वर्षको योजनासहित मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्ययनमा ल्याएको छ |

प्रदेशमा दिगो विकास कार्यान्वयनको मुख्य आधार बजेटको समुचित विनियोजन र यसको कार्यान्वयन नै हो। त्यसैले प्रदेशस्तरमा दिविलका उद्देश्य हासिल गर्न आवधिक तथा वार्षिक कार्यक्रमहरूमार्फत

सरकारका विभिन्न तह र निकायहरूले विनियोजन गरेको बजेट तथा खर्च र यसबाट सूचकहरूमा आएको परिवर्तनको खोजीनिती, सर्वेक्षण र विश्लेषण अत्यन्त महत्त्वपूर्ण हुन्छ । यस प्रतिवेदनले कर्णाली प्रदेशका यिनै विषयहरूलाई समेटेको छ।

## १.२ प्रदेशमा दिगो विकास लक्ष्यको कार्यान्वयन

दिगो विकास लक्ष्यको मूल नारा "कसैलाई पनि पछाडि नछाड्ने" भन्ने रहेको छ । नेपालले प्रदेश तहलाई समेत समेट्ने गरी दिगो विकास लक्ष्य कार्यान्वयको मार्गचित्र २०१६-२०३० निर्धारण गरी कार्यन्वयन गरिरहेको छ। यसका लागि उक्त मार्गचित्रमा नेपालले विश्वब्यापी सूचकहरूका अतिरिक्त राष्ट्रिय र प्रादेशिक सन्दर्भलाई समेट्न सक्ने गरी केही सूचकहरूसमेत थप गरेको छ। सङ्घीयताअनुरूप दिगो विकास लक्ष्यहरूलाई यस प्रदेशको योजना र बजेट प्रक्रियामा समावेश गरी आन्तरिकीकरण गरिएको छ। वित्तीय स्रोतको अनुमान गर्न आवश्यकताको आँकलन, लागत अनुमान र वित्तीय रणनीति तयार गरी स्रोतको परिचालन गरी कार्यान्वयमा ल्याएको छ। प्रदेशका अनुगमन र मूल्याङ्कन दिग्दर्शनमा दिविलका लक्ष्यहरूलाई समेत समावेश गरी दिविलको प्रगति मापनको संस्थागत व्यवस्था गरिएको छ ।

नेपालले प्रतिबद्धताअनुरूप सन् २०१५ मा नै नेपालका निम्ति दिगो विकास लक्ष्य २०१६-२०३० मार्गचित्र तयार गरी दिगो विकास लक्ष्यको कार्यान्वयन गरिरहेको छ। राष्ट्रिय योजनाहरूले दिगो विकास लक्ष्यलाई आत्मसात् गरेका छन्। दिगो विकास लक्ष्यको कार्यसूची अन्तर्गत १७ वटा लक्ष्यहरू, १६९ परिमाणात्मक लक्ष्यहरू र २३७ (दोहोरिएका समेत) वटा विश्वव्यापी सूचकहरू रहेका छन् । नेपालले देशको वस्तुगत यथार्थता समेटने गरी लक्ष्य १४ का सूचकबाहेक अन्य अन्तर्राष्ट्रिय सूचकका अतिरिक्त २५७ सूचकहरू थप गरी ४९४ सूचकहरू निर्धारण गरेको छ। यसका अतिरिक्त प्रदेश सरकारले पनि विभिन्न सूचकसमेत समावेश गरेर प्रदेशको दिविल आधाररेखा तर्जुमा गरी कार्यान्ययनमा ल्याएको छ ।

### तालिका १ः राष्ट्रिय तथा प्रादेशिक तहमा दिगो विकास लक्ष्य सूचकको सङ्ख्या

| लक्ष्य | दिगो विकास लक्ष्य | सूचक सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | परिमाणात्मक लक्ष्य (Target) | विश्वव्यापी | नेपालका थप | कुल |
| १ | हरेक क्षेत्रमा रहेका सबै स्वरूपहरूको गरिबीको अन्त्य गर्ने | ७ | १३ | १७ | ३० |
| २ | भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त | ८ | १४ | १८ | ३२ |

| लक्ष्य | दिगो विकास लक्ष्य | सूचक सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | परिमाणात्मक लक्ष्य (Target) | विश्वव्यापी | नेपालका थप | कुल |
| | गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने | | | | |
| ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने | १३ | २८ | ३२ | ६० |
| ४ | समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने | १० | १२ | ३२ | ४४ |
| ५ | लैङ्गिक समानता कायम गर्ने र सबै महिला र किशोरीलाई सशक्त बनाउने | ९ | १४ | २२ | ३६ |
| ६ | सबैको निम्ति खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने | ८ | ११ | १४ | २५ |
| ७ | धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने | ५ | ८ | ९ | १५ |
| ८ | स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने | १२ | १६ | १४ | ३० |
| ९ | उत्थानशील पूर्वाधारहरू निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने | ८ | १२ | ८ | २० |
| १० | देशभित्र तथा देशहरूबीचको असमानता हटाउने | १० | १४ | १३ | २७ |
| ११ | शहरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने | १० | १४ | १६ | ३० |
| १२ | दिगो उपभोग र उत्पादन ढाँचा सुनिश्चित गर्ने | ११ | १३ | १४ | २७ |
| १३ | जलवायु परिवर्तन र यसका असरहरूसँग जुध्न कार्य अघि बढाउने | ५ | ८ | १६ | २४ |
| १४ | दिगो विकासको निम्ति महासागर, समुद्र र सामुद्रिक स्रोतहरू संरक्षण गर्ने र दिगो रूपमा प्रयोग गर्ने | १० | ० | ० | ० |
| १५ | पृथ्वीको भूपरिधिस्तरीय पारिस्थिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनजङ्गलको दिगो रूपमा व्यवस्थापन गर्ने, वनजङ्गलको विनासलाई रोक्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने, र जैविक विविधताको ह्रासलाई रोक्ने | १२ | १४ | १७ | ३१ |
| १६ | दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच स्थापित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरू निर्माण गर्ने | १२ | २४ | ७ | ३१ |

| लक्ष्य | दिगो विकास लक्ष्य | सूचक सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | परिमाणात्मक लक्ष्य (Target) | विश्वव्यापी | नेपालका थप | कुल |
| १७ | दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनःजीवन्त तुल्याउने | १९ | २४ | ८ | ३२ |
| | जम्मा | १६९ | २३७ | २५७ | ४९४ |

स्रोतः *National Planning Commission, 2020*

## १.३ सार्वजनिक खर्च खोजीनितीको आवश्यकता र औचित्य

सार्वजनिक खर्च खोजीनिती सरकारी र प्रशासनिक विभिन्न तहहरू र पदसोपान (Hierarchy) मा सार्वजनिक कोष तथा अन्य स्रोतहरूको प्रयोगको अवस्थाका बारेमा अध्ययन गर्ने एउटा विधि हो । सार्वजनिक खर्च खोजीनिती भनेको लक्षित वर्गको लागि छुट्याइएको सरकारी बजेट र त्यसको खर्च प्रक्रिया र सो वर्गको समुन्नतिमा परेको प्रभावको विश्लेषण गर्ने औजार हो। यसलाई लक्षित बर्गका लागि प्रवाहित बजेट र खर्चबिचको अनुपात मापन गर्ने वित्तीय प्रवाहको लेखा परीक्षण भनेर पनि बुझिन्छ। यसको कार्यक्षेत्र खर्च खोजीनिती को किसिम र खर्च गर्ने सार्वजनिक प्रशासनका तहहरूले निर्धारित गर्ने गर्दछन् । यसले दिगो विकास लक्ष्यका सन्दर्भमा सार्वजनिक वित्तीय व्यवस्थापन तथा सरकारी बजेटको उद्देश्यअनुरूप कुन स्तरसम्म खर्च गरी सेवाग्राहीको आवश्यकता परिपूर्ति हुन सक्यो भन्ने यथार्थपरक जानकारी उजागर गर्ने महत्त्वपूर्ण साधनको रूपमा कार्य गर्दछ।

जुन-जुन देशहरूमा मूलभूत रूपमा सार्जजनिक खर्चको प्रयोगको जवाफदेहिताको बारेमा प्रश्न उठ्दछ त्यस्ता मुलुकहरूमा सार्वजनिक खर्च प्रयोगलाई जवाफदेही र पारदर्शी बनाउनका लागि यो अध्ययन विधिको प्रयोग गर्ने गरिन्छ। यो अध्ययन विधिले सार्वजनिक खर्चको प्रयोग सन्दर्भका सबै तह र क्षेत्रहरूलाई उत्तिकै प्रथमिकतामा राखेर अध्ययन गर्दछ। सार्वजनिक खर्चको प्रयोगले उद्देश्यबमोजिम परिणाम किन प्राप्त गर्न सक्दैन भनेर अनुसन्धान गर्न सार्वजनिक खर्च खोजीनिती सर्वेक्षण (Public Expenditure Tracking Survey-PETS) अत्यन्तै लाभदायी हुन्छ। यस्तो अध्ययनले सार्वजनिक स्रोतहरू (Public Resources) स्रोतको मुहान (Origin of Resources) बाट स्रोतको गन्तव्य स्थल (Resources destination) सम्म ठिक ढङ्गले पुग्यो कि पुगेन, लक्षित वर्गसम्मको सार्वजनिक स्रोतको वितरण उद्देश्यबमोजिम भयो कि भएन भन्ने कुराको अध्ययन गर्दछ। सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी जवाफदेही र पारदर्शी बनाउन यो विधिले महत्त्वपूर्ण योगदान दिन सक्दछ।

नेपालको सङ्घीय बजेटमा आर्थिक वर्ष २०७३/७४ देखि नै दिगो विकास लक्ष्यको विनियोजन र विनियोजित रकमको खण्डीकृत तथ्याङ्कसमेत प्रतिविम्बित हुने गरी साङ्केतीकरण गरिएको छ। यस प्रदेशले पहिलो आवधिक योजनादेखि नै विकास लक्ष्यका सूचकहरू निर्माण गरी प्रादेशिक योजना तर्जुमालाई दिगो विकास लक्ष्यसँग एकीकृत गरी त्यसको प्रगति मापनको संस्थागत व्यवस्थासमेत गरेको पाइन्छ। यस कारण प्रदेशमा दिगो विकासको लक्ष्य प्राप्तिको लागि भएको यथार्थ खर्च र यसबाट भएको उपलब्धि दस्तावेजीकरण गरी सोको आधारमा आगामी वर्षहरूमा सबै लक्ष्य हासिल गर्नको लागि चाहिने उपयुक्त सुझावसहितको प्रदेशस्तरको यस सार्वजनिक खर्च खोजीनिती निकै महत्त्वपूर्ण रहेको छ।

## १.४ सार्वजनिक खर्च खोजीनिती अध्ययनको उद्देश्य

यस सर्वेक्षणको मुख्य उद्देश्य भनेको कर्णाली प्रदेशमा केन्द्रित रही यस अन्तर्गतका निकायहरू र यसबाट बजेट प्रवाह हुने स्थानीय तहहरूमा दिविल लक्ष्यहरू प्राप्तिका लागि भएको स्रोत विनियोजन तथा खर्चको ढाँचाको यथार्थ अवस्थालाई समग्र रूपमा सार्वजनिक खर्चको खोजीनिती विश्लेषण गरी यससम्बन्धी सुझाव सहितको प्रतिवेदन तयार गर्नु हो।

यस अध्ययनका विशेष उद्देश्यहरू निम्नानुसार छन् :

१) कर्णाली प्रदेशमा दिविलका निम्ति भएको स्रोत विनियोजन तथा खर्चको प्रवृत्तिको विश्लेषण गर्ने।

२) दिविल कार्यान्वयनका लागि भएको स्रोत विनियोजन, हस्तान्तरण, तथा खर्चसँग सम्बन्धित समस्याहरूको पहिचान गर्ने।

३) सार्वजनिक खर्चको प्रभाव स्वरूप दिविलका आधार सूचकहरूमा आएको परिवर्तनको मूल्याङ्कन गर्ने।

## १.५ सार्वजनिक खर्च खोजीनितीको प्रक्रिया एवम् विधि

यस सर्वेक्षण कार्यले प्रदेशस्तरको र प्रदेशले स्थानीय तहलाई हस्तान्तरण गरेको बजेट विनियोजन र खर्चलाई पछ्याउँदै प्राथमिक र द्वितीयक दुवै थरीका तथ्याङ्क सङ्कलन गरी गुणात्मक र परिमाणात्मक दुवै प्रकारले विश्लेषण गरिएको छ। कर्णाली प्रदेश र यसअन्तर्गतका स्थानीय तहका प्रकाशित र अप्रकाशित जानकारीमूलक सामग्रीहरू तथा प्रदेशको वेबसाइटमा उपलब्ध सम्पूर्ण दस्तावेजहरूको अध्ययन तथा विश्लेषण गरी आवश्यकताअनुसार दिविल कोड नगरिएका कार्यक्रम तथा क्रियाकलापहरूको कोडसमेत पूरा गरिएको छ। तथ्याङ्क सङ्कलन गर्नको लागि डेस्क पुनरावलोकन, मुख्य सूचनादाता अन्तरवार्ता र केन्द्रित समूह छलफलको प्रयोग गरिएको थियो। प्राप्त तथ्याङ्कलाई एक्सेल सिटमा राखी परिमाणात्मक तथ्याङ्कबाट आएका परिणामहरूलाई सम्बन्धित गुणात्मक

जानकारीसँग Triangulation गरी निष्कर्ष निकालिएको छ। यस प्रक्रिया तथा विधिको सम्पूर्ण विस्तृत जानकारी यहाँ प्रस्तुत गरिएको छ।

### (क) तथ्याङ्क स्रोत पहिचान

पहिलो चरणअन्तर्गत यस प्रदेशमा २०७६/७७ देखि २०७८/७९ सम्मको बजेट विनियोजन, हस्तान्तरण, आन्तरिक स्रोत तथा खर्चलाई महालेखा नियन्त्रकको कार्यालय र कर्णाली प्रदेशको प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट सिलसिलाबद्ध गरी त्यसको तथ्याङ्कको स्रोत पहिचान गरियो। प्रदेशस्तरबाट प्राप्त गर्न कठिन हुने केही परिमाणात्मक र गुणात्मक तथ्यहरूको लागि यस प्रदेशका स्थानीय तहहरूलाई सूचनाको स्रोतको रूपमा पहिचान गरियो। यस क्रममा केन्द्रबाट भएको बजेट विनियोजन, कर्णाली प्रदेशको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट, प्रगति प्रतिवेदन र वार्षिक कार्ययोजना आदिलाई अध्ययन सामग्रीको रूपमा पहिचान गरियो।

### (ख) तथ्याङ्क सङ्कलन

यस अध्ययनमा गुणात्मक र परिमाणात्मक विश्लेषणका लागि आवश्यक पर्ने प्राथमिक र द्वितीयक दुवै थरीका तथ्याङ्क र सूचनाहरू सङ्कलन गरिएको थियो। यो तथ्याङ्क सङ्कलन कार्य दुई चरणमा सम्पन्न गरिएको थियो। पहिलो चरणमा द्वितीयक तथ्याङ्कको लागि २०७९ असोज २८ गते देखि कार्तिक १५ गते सम्म प्रदेशस्तरको परिमाणात्मक तथ्याङ्क सङ्कलन गरियो भने स्थानीय तहसम्मको दुवै थरीका तथ्याङ्क २०७९ कार्तिक २३ बाट मङ्सिर २ गते सम्ममा सम्पन्न गरिएको थियो। गुणात्मक विश्लेषणका लागि आवश्यक पर्ने तथ्याङ्क र सूचना सङ्कलनका लागि प्रदेशमा ५ र स्थानीय तहमा ५ गरी जम्मा १० वटा मुख्य विज्ञ उत्तरदाता अन्तर्वार्ता र ५ वटा (प्रदेशमा २ र स्थानीय तहमा ३) समूह छलफल सम्पन्न गरिएको थियो। विज्ञ उत्तरदाता अन्तर्वार्ता र समूह छलफलका लागि छुट्टाछुट्टै चेकलिस्ट र प्रश्नावली तयार गरी त्यसमा आधारित रही प्रदेश र स्थानीय तहका सम्बन्धित कार्यालय तथा विज्ञहरूबाट तथ्याङ्क र सूचना सङ्कलन गरिएको थियो। अध्ययनलाई सिलसिलाबद्ध तरिकाले सम्पन्न गर्नका लागि प्रथम चरणमा डेस्क पुनरावलोकन गरी प्राप्त तथ्यका आधारमा अन्य आवश्यक तथ्याङ्क सङ्कलन गर्नको लागि फिल्ड सर्वेक्षण कार्यसमेत सम्पन्न भएको विस्तृत विवरण यस प्रकार छः

### (ग) डेस्क पुनरावलोकन (Desk Review)

यस विधिलाई विशेषतः यस अध्ययनको पहिलो उद्देश्य परिपूर्तिका लागि प्रयोग गरिएको थियो। जसअनुसार सङ्घीय तथा कर्णाली प्रदेशस्तर र यस अन्तर्गतका स्थानीय तहहरूले वेबसाइटमार्फत् उपलब्ध गराएका सम्पूर्ण गुणात्मक र परिमाणात्मक तथ्याङ्क तथा जानकारीहरू समेटिने गरी द्वितीयक तथ्याङ्क सङ्कलन तथा अध्ययन गरिएको थियो। यस क्रममा अध्ययनको क्षेत्र समेट्ने गरी आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको प्रदेशको बजेट विनियोजन, हस्तान्तरण, आन्तरिक स्रोत

तथा खर्चलाई सिलसिलाबद्ध गरी त्यसको तथ्याङ्क एकत्रित गरियो। यस क्रममा केन्द्रबाट भएको बजेट विनियोजन, प्रदेशको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट, प्रगति प्रतिवेदन र वार्षिक कार्ययोजना समेतको अध्ययन गरियो।

डेस्क पुनरावलोकनबाट आएका जानकारीको आधारमा अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क र सूचना सङ्कलनका गर्न अलगअलग चेकलिस्ट र प्रश्नावली तयार गरी प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो। यस प्रतिवेदन तथा चेकलिस्ट र प्रश्नावलीलाई कर्णाली प्रदेश योजना आयोग तथा युएनडिपीमा प्रस्तुत गरी थप प्राथमिक तथ्याङ्क तथा जानकारीको लागि प्रदेशको फिल्ड भ्रमण तय गरिएको थियो। अध्ययनको कार्य क्षेत्र र प्रवृत्तिअनुरूप कर्णाली प्रदेश योजना आयोग, युएनडिपी तथा अध्ययन टिमका विज्ञहरूको सामूहिक छलफल तथा प्रदेशका मन्त्रालयहरूबाट प्राप्त सुझाव अनुसार प्रदेशभित्रका स्थानीय तहबाट समेत तोकिएका स्थानीय तहको फिल्ड भ्रमण गरिएको थियो ।

## (घ) फिल्ड सर्वेक्षण

यस विधिलाई विशेषतः यस अध्ययनको दोस्रो र तेस्रो उद्देश्य पूरा गर्नको साथै मामिला अध्ययनसमेतको लागि प्रयोग गरिएको छ। यस कार्यका लागि प्रथमतः कर्णाली प्रदेश योजना आयोग र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको भ्रमण गरी त्यहाँ सम्पन्न बैठकमा अध्ययनको उद्देश्य तथा तयार गरिएका प्रतिवेदन तथा चेकलिस्ट र प्रश्नावलीको आवश्यक परिमार्जन गरी कार्य सम्पन्नताको लागि सबैको सहकार्य र सहयोगको लागि छलफल गरिएको थियो। अन्तिम रूप दिइएको सो चेकलिस्ट र प्रश्नावलीको प्रयोग गरी प्रदेश र स्थानीय तहमा तथ्याङ्क र सूचना सङ्कलनको कार्य सम्पन्न गरिएको थियो।(समूह छलफलका र अन्तरवार्ताका लागि प्रयोग गरिएका चेकलिस्ट र प्रश्नावली अनुसूची १ मा संलग्न गरिएको छ।)

बि.स. २०७९/७/१४ गते कर्णाली प्रदेश योजना आयोगका माननीय सदस्यसहित सम्बन्धित सबै मन्त्रालय तथा निकायहरूसँग भेटघाट र छलफल गरिएको थियो। उक्त छलफलमा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, सामाजिक विकास मन्त्रालयका सचिव र शिक्षा निर्देशनालयका निर्देशकलगायत अन्य सरोकारवालाको उपस्थिति रहेको थियो। छलफलमा फिल्ड सर्वेक्षणको लागि प्रस्ताव गरिएका स्थानीय तहहरूबारे छलफल गर्नुका साथै तथ्याङ्क सङ्कलनका लागि तयार गरिएका उपकरणहरू माथि छलफल गरी प्रस्तावित स्थानीय तहको नामावली र चेकलिस्ट तथा प्रश्नावलीलाई सामान्य संशोधनसहित अनुमोदन गरिएको थियो। साथै बैठकमा सहभागीमध्ये केही सरकारी प्रतिनिधिहरूसँग मुख्य विज्ञ उत्तरदाताका रूपमा अन्तरवार्तासमेत सम्पन्न गरिएको थियो।

## (ङ) मामिला अध्ययन

डेस्क पुनरावलोकनबाट प्राप्त तथ्याङ्क र जानकारी सङ्कलनको कार्य सम्पन्नपश्चात् मामिला अध्ययनका लागि फिल्ड भ्रमण गरी कार्य सम्पन्न गरिएको थियो। प्रारम्भिक प्रतिवेदनमा नै उल्लेख भएअनुरूप यस प्रदेशका लागि दिविल १ र २ लाई लिएर मामिला अध्ययन सम्पन्न गरिएको थियो। मामिला अध्ययनका लागि यस प्रदेश र यसअन्तर्गत छनौटमा परेका सबै स्थानीय तहहरूको भ्रमण गरियो। मामिला अध्ययनभित्र परेका दिविल २ अन्तर्गत लक्षित कार्यक्रम, मुख्यमन्त्री रोजगारी, प्रधानमन्त्री रोजगारी कार्यक्रम र कृषि सिञ्चाइ र तटबन्धसम्बन्धी प्रदेशस्तरबाट भएको बजेट विनियोजन र खर्चको खोजीनिती सम्पन्न गरिएको थियो। यस क्रममा प्रदेश आफैंले खर्च गरेको रकमको खोजीनिती गर्दा कार्यान्वयन भएका कार्यक्रमहरूलाई आधार मानी छुट्टा-छुटै प्रश्नावली र चेकलिस्टको सहयोगमा मुख्य सूचना अन्तर्वार्ता तथा केन्द्रित समूह छलफल सञ्चालन गरिएको थियो। स्थानीय तहस्तरको छनौट गर्दा प्रदेशका तराईका सबै जिल्लालाई समेटिने गरी Purposive Sampling विधिको प्रयोग गरिएको थियो। सरोकारवालाको सहमतिअनुसार नै साना सिञ्चाइ र लक्षित कार्यक्रम वा योजनाहरूका रूपमा कार्यान्वयनमा रहेका विषयमा मामिला अध्ययन सम्पन्न गरिएको थियो। यस प्रदेशमा सर्वेक्षणका लागि छनौट गरिएका एकाइहरूको सङ्ख्या तलको तालिका २ मा प्रस्तुत गरिएको छ।

**तालिका २ः कर्णाली प्रदेशमा सर्वेक्षणका लागि छनौट गरिएका एकाइहरू**

| एकाइ | सङ्ख्या | छनौट गरिएको एकाइको नाम |
|---|---|---|
| नगरपालिका | २ | भेरीगंगा/वीरेन्द्रनगर नगरपालिका सुर्खेत, आठविस नगरपालिका दैलेख |
| गाउँपालिका | ३ | कालिका गाउँपालिका कालिकोट, बारेकोट गाँउपालिका जाजरकोट, गुठिचौर गाउँपालिका र हुम्लाको सिमिकोट गाउँपालिका |
| स्थानीय सरकारी निकाय | ६ | ठुलो परिमाणमा खर्च गर्ने ६ सरकारी एकाइहरू |
| समूह छलफल | ३ | प्रदेशस्तरमा एक, जिल्लास्तरमा एक र स्थानीय तहमा एक |
| विज्ञ उत्तरदाता अन्तर्वार्ता | १४ | प्रदेशस्तरमा चार, जिल्लास्तरमा चार र स्थानीय तहमा छ |
| जम्मा | २८ | |

नोटः नोटः (अ) मुख्य उत्तरदाता अन्तरवार्ताः जिल्ला समन्वय समिति- १, स्थानीय तह प्रमुख/उपप्रमुख-४, निजी क्षेत्रका संघ संस्था (लक्ष्यसँग सम्बन्धित उपभोक्ता/विकास समिति) — ३, प्रदेश स्तरीय निकाय प्रमुख-२ (प्रदेश भ्रमणको क्रममा निश्चित गरिएको)

(आ) समूह छलफलः खर्च गर्ने एकाइसमेत गरी स्थानीय तहस्तरमा —१, लाभग्राही —१, प्रदेशस्तरका सेवा प्रदायक - १

(ई) यस तालिकामा निश्चित नगरिएका सूचनादाताहरूको यकिन प्रदेश योजना आयोग र सम्बन्धित मन्त्रालय र स्थानीय तहको छलफलबाट निर्णय गरिएको हो।

## (च) कोडिङ विधि

सङ्कलित तथ्याङ्कमा गरिएको दिबिलको साङ्केतीकरणमा समस्या देखिएकोले सङ्घीय तहमा प्रयोग गरिएका SDG बजेट कोड तथा प्रदेशका लागि तयार गरिएको SDG Coding स्रोत पुस्तिकालाई आधार मानी पूर्ण साङ्केतीकरण गरिएको छ। कर्णाली प्रदेशको दिबिलको साङ्केतीकरण गर्दा आर्थिक बर्ष २०७७/७८ र २०७८/८९ को विनियोजन र खर्चको तथ्याङ्क प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको कार्यकम शीर्षकअनुसार अध्ययन गरी सोहीबमोजिम साङ्केतीकरण गरिएको छ भने आर्थिक वर्ष २०७६/७७ को तथ्याङ्क विनियोजन भएको कार्यकम शीर्षकअनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त तथ्याङ्कलाई प्रत्येक कार्यक्रमको अध्ययन गरी सोहीअनुसार साङ्केतीकरण गरिएको छ। सो वर्षको खर्चको दिविलअनुसारको अनुमान आर्थिक वर्ष २०७७/७८ र २०७८/८९ का खर्चको प्रवृत्ति अनुसार गरिएको छ। कुन कार्यकम कुन दिविलअन्तर्गत पर्छ भन्ने निश्चित गरी खर्च गर्ने निकायअनुसार साङ्केतीकरण गरिएको छ। प्रदेश र स्थानीय तहको समेत बजेटमा भएको वित्तीय प्रवाहलाई छुट्याई अध्ययन तथा विश्लेषण गरिएको छ।

## (छ) तथ्याङ्क विश्लेषण

महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त यस प्रदेशको गत तीन आर्थिक वर्ष को बजेट सङ्कलन र यसको अध्ययन पश्चात दिविलअनुसार साङ्केतीकरण नगरिएको बजेटको प्रतिशत उच्च देखिएको थियो। यस विषयलाई लिएर अध्यनरत टिमले कर्णाली प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयसँग छलफल गरी निकालेको निष्कर्षअनुसार सङ्घीय तहमा प्रयोग गरिएका SDG Coding र प्रदेशस्तरको SDG Coding का लागि तयार पारिएको स्रोत पुस्तिकालाई आधार मानी प्रदेशको विनियोजित बजेट र सार्वजनिक खर्चको बजेट उपशीर्षक र क्रियाकलापको पुनः पूर्ण साङ्केतीकरण गरिएको थियो। यस Excel Sheet मा प्राप्त परिमाणात्मक तथ्याङ्कलाई आवश्यक विश्लेषण विधिअनुरूप अध्ययनका तीन वटै उद्देश्य पूरा हुने गरी सिलसिलाबद्ध तरिकाले परिणाम प्राप्त गरिएको थियो भने गुणात्मक विश्लेषणको लागि सङ्कलित तथ्याङ्क तथा जानकारीलाई परिमाणात्मक तथ्याङ्कसँग मिलाउँदै अध्ययनको प्रथम, द्वितीय र तृतीय उद्देश्य अनुरूपका परिणाम स्पष्ट हुने गरी प्रस्तुत गरिएको छ। यस विधिलाई मामिला अध्ययनको लागि पनि प्रयोग गरिएको छ ।

### (ज) तथ्याङ्कको गुणस्तरीयता कायम


तथ्याङ्कको उच्च गुणस्तरलाई कायम गर्नको निमित्त दुई स्थानीय व्यक्तिलाई सो काममा संलग्न गरी सम्बन्धित विषयका दुई विज्ञद्वारा दोहोरो परीक्षण गरी उक्त सङ्कलित तथ्याङ्कलाई फेरि सम्बन्धित सरकारी तथा सरोकारवाला विज्ञहरूको रोहवरमा तथ्याङ्क प्रमाणीकरण गरिएको थियो।

## १.६ वित्तीय एवम् सूचना प्रवाहको विद्यमान व्यवस्था

### १.६.१ स्रोत प्रवाहको चित्रण

प्रदेशस्तरबाट बजेट विनियोजनपश्चात् सो रकमको अन्तिम खर्च गर्ने एकाइसम्मको स्रोत प्रवाहका प्रक्रियाको खोजीनिती तयार गरिएको छ। यसले सरकारी पद्धतिअनुरूप खर्च गर्ने एकाइसम्म स्रोत परिचालन हुने प्रक्रियालाई स्पष्ट पार्नेछ।


चित्र १: स्रोत प्रवाहको खोजीनितीका अवयव



### १.६.२ अवधारणात्मक रूपरेखा

सङ्घीयतापछि नेपालमा वित्तीय स्रोतको प्रवाहको संरचनामा उल्लेख्य परिवर्तन भएको छ, जसअनुरूप सङ्घले प्रदेश र स्थानीय तहलाई चारवटा शीर्षकमा अनुदान दिने र प्रदेशले पनि स्थानीय तहलाई सोअनुरूप नै अनुदानहरू दिने गरी व्यवस्था गरिएको छ । सङ्घ प्रदेश र स्थानीय सरकारका केही साझा आयका स्रोतहरू पनि रहेका छन्। खास गरी प्रदेशले सङ्घबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान प्राप्त गरी आफ्नो आन्तरिक आयसमेत प्रदेशको सञ्चित कोषमा राख्दछ। सो रकम प्रदेश सरकार अन्तर्गतका सम्पूर्ण निकाय र प्रदेशभित्रका सबै स्थानीय तहहरूलाई सूत्रका आधारमा बजेट तय गरी क्षेत्राधिकारभित्र रही विनियोजन गर्दछन् (चित्र:२)।

चित्र २: अवधारणात्मक रूपरेखा



## १.७ अध्ययनको सीमा

समयको सीमितताका कारण यस सर्वेक्षणलाई अझ सूक्ष्म रूपले अध्ययन र विश्लेषण गर्न सकिएन। तथ्याङ्क र सूचना अध्ययनको महत्त्वपूर्ण आधार हो तर प्रदेश सरकार स्थापना भएको धेरै वर्ष नभई सकेको कारणले एकीकृत सूचना बैङ्कको अभाव भएको हुँदा पर्याप्त सूचना प्राप्त हुन कठिन रह्यो। त्यसमा पनि चुनावको कारण प्रदेश सरकारका कर्मचारीहरूको समयको सीमितता र स्थानीय निकायका प्रतिनिधिहरूको पनि समयको सीमितताले गर्दा वहाँहरूको उपलब्धतामा सीमितता रह्यो। समयसीमा र प्रदेशको भौगर्भिक स्थितिबिच तादाम्यता मिलाउन समस्या परेको थियो। यसका अतिरिक्त क्षेत्रगत तथ्याङ्कको अभावमा कर्णाली प्रदेशको समग्र क्षेत्रका कतिपय महत्त्वपूर्ण सूचकहरू र तिनको वर्तमान अवस्था प्राप्त गर्न नसक्दा अध्ययनको सङ्ख्यात्मक तथा गुणात्मक पाटा समेटेर विश्लेषण गर्ने कार्य पूर्ण रूपमा सम्पन्न गर्न कठिनाइ रहेको छ।

अध्याय- २

# कर्णाली प्रदेशको समग्र विकासको अवस्था

## २.१ पृष्ठभूमि

कृषि, उद्योग र सेवा नै कर्णाली प्रदेशका आर्थिक विकासका प्रमुख पक्ष हुन्। उच्च आर्थिक वृद्धि, आधारभूत भौतिक सुविधा, सबैलाई सम्मानजनक रोजगारीसहित सुरक्षित र स्वच्छ वातावरणमा बसोबास गर्ने सुखी नागरिकहरूको प्रदेश बनाउने दीर्घकालीन सोच प्रदेश आवधिक योजनाको रहेको छ। यो दीर्घकालीन सोचलाई ब्यवहारमा उतार्ने आवधिक योजनाले दीर्घकालीन लक्ष्य लिएको छ। यसका लागि योजनाले दीर्घकालीन रणनीतिअन्तर्गत समृद्धि र सुखको सिर्जना, समृद्धि र सुखको तीव्रता, र समृद्धि र दिगोपनलाई प्रदेशको राष्ट्रिय नारा बनाएको छ। यातायात, ऊर्जा, बस्ती विकास, सिचाइ खानेपानीलाई योजनाले पहिलो प्राथमिकतामा राखेको छ। प्रदेशको योजनाले पूर्वाधारमा आधारित विकासमार्फत उत्पादनका क्षेत्रमा लगानीको अवसर प्रशस्त गरी प्रदेशको लक्ष्यअनुरूपको दोहोरो अङ्कको आर्थिक वृद्धि हासिल गर्न सकिने तथ्य प्रस्तुत गरेको पाइन्छ। क्षेत्रफ़लका हिसाबमा यो प्रदेश मुलुकका अन्य प्रदेशभन्दा ठुलो भए तापनि आर्थिक, सामाजिक र पूर्वाधार विकासका हिसाबमा कमजोर अवस्थामा रहेको छ।

मुलुकको सबैभन्दा ठुलो भूभाग कर्णाली प्रदेशमा रहेको छ। यसको कुल क्षेत्रफ़ल ३०,२११ वर्ग कि. मी. रहेको छ, जुन नेपालको कुल भूभागको २१.६ प्रतिशत हो। उक्त भूभाग मध्ये १३.२ प्रतिशतमात्र खेती योग्य भूमि रहेको छ। कुल भूभागमध्ये हिमाली क्षेत्रमा ४७ प्रतिशतमध्ये पहाडी क्षेत्रमा ४८ प्रतिशत र चुरे क्षेत्रमा ५ प्रतिशत भूभाग रहेको छ। यस प्रदेशमा २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी जम्मा ७९ स्थानीय निकाय रहेका छन्। जनगणना २०२१ को प्रारम्भिक तथ्याङ्कअनुसार कर्णाली प्रदेशमा १६,९४,८८९ जनसङ्ख्या रहेको छ, जुन कुल जनसङ्ख्याको ५.८१ प्रतिशत हो।

## २.२ कर्णाली प्रदेशको अर्थतन्त्रको तुलनात्मक स्थिति

### २.२.१ कुल गार्हस्थ्य उत्पादनको अवस्था र आर्थिक वृद्धिदर

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.१ खर्ब ७१ अर्ब ७५ करोड ९० लाख रहेको अनुमान छ, जुन राष्ट्रिय अर्थतन्त्रको ४.१ प्रतिशत हुन आउँछ। विगत चार बर्षको तथ्याङ्कको स्थितिलाई हेर्दा आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको योगदान ३.९४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा पुग्दा ४.०८ प्रतिशत पुगेको देखिन्छ। विगत चार वर्षको योगदानको प्रतिशत स्थितिलाई हेर्दा खासै सुधार हुन सकेको देखिँदैन। चार बर्षको औसत अवस्थालाई हेर्दा कर्णाली प्रदेशको योगदान ४.०७ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७५/७६ मा कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ८.४२ प्रतिशत रहेकोमा त्यसपछि कोभिड महामारीका कारण मुलुकमा गरिएको वन्दाबन्दीले गर्दा आर्थिक वृद्धिदरमा ह्रास आई १.३९ प्रतिशतमा सीमित हुन पुगेको थियो। त्यसपछिका वर्षहरूमा क्रमिक रूपमा सुधार हुँदै आएको पाइन्छ। आर्थिक वर्ष २०७७/७८ मा आर्थिक वृद्धिदरमा सुधार आई ४.३४ प्रतिशत पुगेकोमा त्यसमा थप सुधार भई आर्थिक वर्ष २०७८/७९ मा ५.४७ प्रतिशतमा पुगेको छ। वृद्धिदरको अवस्थालाई तुलना गर्दा नेपालको आर्थिक वृद्धिदर र कर्णाली प्रदेशको आर्थिक वृद्धिदरको प्रवृत्ति एकै किसिमको रहेको देखिन्छ।

**तालिका ३: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको योगदान र आर्थिक वृद्धिदर (प्रतिशतमा)**

| आ.व | कर्णाली प्रदेशको योगदानको प्रतिशत | आर्थिक वृद्धिदर | नेपालको आर्थिक वृद्धिदर |
|---|---|---|---|
| २०७५/७६ | ३.९४ | ८.४२ | ६.६६ |
| २०७६/७७ | ४.१५ | १.३९ | -२.३७ |
| २०७७/७८ | ४.१० | ४.३४ | ४.२५ |
| २०७८/७९ | ४.०८ | ५.४७ | ५.०४ |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७९*

कर्णाली प्रदेशको कुल गार्हस्थ्य आम्दानीमा क्षेत्रगत संरचनाको अवस्थालाई हेर्दा सेवा क्षेत्रको योगदानको स्थिति उच्च रहेको छ। कर्णाली प्रदेशको गार्हस्थ्य उत्पादनको संरचनामा सेवा क्षेत्रले ५६.३ प्रतिशत योगदान पुऱ्याएको छ भने कृषि र उद्योगको योगदानको स्थिति क्रमश ३३.० र


१०.७ प्रतिशत रहेको छ । राष्ट्रिय कुल गार्हस्थ्य आम्दानीको संरचनाको प्रवृत्तिलाई हेर्दा दुवैको प्रवृत्ति एकै किसिमको रहेको छ ।

### तालिका ४: कुल गार्हस्थ्य उत्पादनमा राष्ट्रिय र कर्णाली प्रदेशको संरचनाको स्थिति

| क्षेत्र | कर्णाली प्रदेश | राष्ट्रिय |
|---|---|---|
| कृषि तथा वन | ३३.० | २३.९० |
| उद्योग | १०.७ | १४.३० |
| सेवा | ५६.३ | ६१.८० |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७९*

### चित्र ३: कुल गार्हस्थ्य उत्पादनमा राष्ट्रिय र कर्णाली प्रदेशको संरचनाको स्थिति




*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७९*

## २.२.२ राजस्व तथा वित्तीय क्षेत्र

कर्णाली प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाका शाखाको सङ्ख्या ४५१ रहेको छ यो सङ्ख्या नेपालका सबै प्रदेश मध्येको कम हो।यो सङ्ख्या नेपालमा भएका कुल वित्तीय संस्थाको शाखा सङ्ख्या को ३.९७ प्रतिशत हो । प्रतिशाखा जनसङ्ख्या राष्ट्रिय औसत (२५७२) रहेकोमा यस प्रदेशमा प्रति शाखा जनसङ्ख्या ३७५८ रहेको देखिन्छ। त्यस्तै बिमकको शाखा सङ्ख्या पनि यस प्रदेशमा जम्मा १८७ रहेको छ । यो राष्ट्रिय बिमक शाखा सङ्ख्याको ६.४४ प्रतिशत हो। यस तथ्याङ्कलाई हेर्दा यो प्रदेशको वित्तीय अवस्थामा जनताको पहुँच कमजोर रहेको छ। प्रदेशगत खर्चको विश्लेषण गर्दा यस प्रदेशको खर्च आर्थिक वर्ष २०७७/७८ मा रू. २२.०४ अर्ब रहेको छ, जुन कुल प्रदेशस्तरको खर्चको ११.६७ प्रतिशत हो। प्रदेशगत राजस्वको हिसाबमा यस प्रदेशले आर्थिक वर्ष २०७७/७८ मा रू ७.६७ अर्ब सङ्कलन गरेको थियो। यो परिमाण अन्य सबै प्रदेशको तुलनामा कम रहेको

देखिन्छ। समग्रमा बैङ्क तथा वित्तीय संस्थाका शाखा, बिमक शाखा सङ्ख्या र राजस्व सङ्कलनका हिसाबमा कर्णाली प्रदेशको स्थिति अन्य प्रदेशको तुलनामा कमजोर रहेको देखिन्छ।

### तालिका ५ : कर्णाली प्रदेशको राजस्व तथा वित्तीय परिसूचक

| परिसूचक | नेपाल | प्रदेश नं. १ | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| वित्तीय क्षेत्र:[1] | | | | | | | | |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सङ्ख्या | ११३४९ | १८२८ | १७२५ | २९२६ | १४०५ | २१८६ | ४५१ | ८२८ |
| प्रतिशाखा जनसङ्ख्या | २५७२ | २७२० | ३५५१ | २०७९ | १७६५ | २३४४ | ३७५८ | ३२७४ |
| बिमकको शाखा सङ्ख्या[2] | २९०५ | ५०६ | ३८४ | ८०७ | ३२१ | ४२१ | १८७ | २७९ |
| प्रदेशगत खर्च (रू.करोडमा)[3] | १८८८३ | २७९५ | २२५५ | ३५५९ | २५६२ | ३२१० | २२०४ | २२९७ |
| प्रदेशगत राजस्व (रू.करोडमा) | ८७९४ | १२४१ | १२२६ | २५६३ | ९७३ | १२१२ | ७६७ | ८१२ |

१.नेपाल राष्ट्र बैङ्क, २०७८, २.बिमा समिति, २०७८ ३.महालेखा नियन्त्रक कार्यालय, २०७८ (खर्च र राजस्वको तथ्याङ्क आर्थिक वर्ष २०७७/७८ को वार्षिक तथ्याङ्कमा आधारित)

कर्णाली प्रदेशको पुँजीगत खर्चतर्फ भने वर्षेनी सुधार हुँदै गएको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा ५४.०६ प्रतिशत पुँजीगत खर्चको हिस्सा रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा पुग्दा यसमा वृद्धि भई ६१.५७ प्रतिशत पुगेको छ।

### तालिका ६: कर्णाली प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति

| विवरण | २०७५७६/ | | | २०७६७७/ | | | २०७७७८/ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल खर्च | खर्च भार | पुँजीगत खर्चको अंश | कुल खर्च | खर्च भार | पुँजीगत खर्चको अंश | कुल खर्च | खर्च भार | पुँजीगत खर्चको अंश |
| प्रदेश नं१ . | २१२०.२९ | ०.१९ | ५३.९५ | २९८३.३२ | ०.१९ | ५९.८९ | २७९५.१३ | ०.१५ | ५६.७६ |
| मधेश | १५०९.२४ | ०.१३ | ५६.०९ | १८०१.७२ | ०.१२ | ४५.७१ | २२५४.५८ | ०.१२ | ६१.६७ |
| बाग्मती | २०६५.२७ | ०.१८ | ४६.२६ | २७९५.०९ | ०.१८ | ५६.११ | ३५५९.४८ | ०.१९ | ५६.२१ |
| गण्डकी | १३९२.८० | ०.१२ | ६२.५९ | २०४१.३६ | ०.१३ | ६८.५२ | २५६२.३४ | ०.१४ | ६८.६७ |
| लुम्बिनी | १७०३.४१ | ०.१५ | ५९.७२ | २५४०.७१ | ०.१६ | ५७.९४ | ३२१०.३० | ०.१७ | ५७.६४ |
| कर्णाली | १००१.६३ | ०.०९ | ५४.०६ | १६८८.०२ | ०.११ | ५६.४९ | २२०४.२० | ०.१२ | ६१.५७ |

| विवरण | २०७५।७६/ | | | २०७६।७७/ | | | २०७७।७८/ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल खर्च | खर्च भार | पुँजीगत खर्चको अंश | कुल खर्च | खर्च भार | पुँजीगत खर्चको अंश | कुल खर्च | खर्च भार | पुँजीगत खर्चको अंश |
| सुदूरपश्चिम | १४१६.३४ | ०.१३ | ५१.०७ | १७६१.२० | ०.११ | ५२.७४ | २२९६.८३ | ०.१२ | ५४.८७ |
| जम्मा | ११२०८.९९ | १.०० | ५४.४२ | १५६११.४० | १.०० | ५७.२१ | १८८८२.८६ | १.०० | ५९.३४ |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८*

## २.२.३ प्रदेशको सार्वजनिक आय तथा खर्चको अवस्था

महालेखा नियन्त्रक कार्यालयको प्रतिवेदन २०७८ अनुसार कर्णाली प्रदेशको आर्थिक वर्ष २०७७/७८ मा प्रादेशिक आय र खर्चको अवस्था हेर्दा जम्मा आय रू. ३२.२७ अर्ब रहेकोमा खर्च रू. २२.०४ अर्ब भएको देखिन्छ। आय र खर्चको स्थितिलाई हेर्दा प्रदेशमा सञ्चित कोष रू. ११.२२ अर्बले बचतमा रहन गएको छ।

तलको तालिका १० को अवस्थालाई हेर्दा राजस्व सङ्कलनका हिसाबमा कर्णाली प्रदेशको स्थिति अन्य प्रदेशको तुलनामा न्यून रहेको छ। यो प्रदेशको राजस्व सङ्कलनको अवस्था कुल राजस्वको परिमाणमा ८.७१ प्रतिशत रहेको छ। तर अनुदान प्राप्तिका हिसाबमा भने यो प्रदेश छैठौं स्थानमा रहेको छ। बेरुजुको अवस्थालाई हेर्दा कर्णालीमा पनि अन्य प्रदेशमा जस्तै वित्तीय अनुशासन सुधार गर्नुपर्ने अवस्था रहेको छ ।

**तालिका ७: आर्थिक वर्ष २०७७/७८ मा कर्णाली प्रदेशको सञ्चित कोषको अवस्था (रू. करोडमा)**

| विवरण | प्रदेश नं.१ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रादेशिक खर्च | २७९५.१३ | २२५४.५८ | ३५५९.४८ | २५६२.३४ | ३२१०.३० | २२०४.२० | २२९६.८३ | १८८८२.८६ |
| राजस्व | १२४१.११ | १२२६.०६ | २५६३.१८ | ९७३.३० | १२११.८४ | ७६६.६९ | ८१२.२२ | ८७९४.४० |
| कर | ११२२.४४ | ११३९.३६ | २०७८.१८ | ८४१.९८ | ९८४.१९ | ७५३.८४ | ७८०.८७ | ७७००.८५ |
| अन्य | ११८.६७ | ८६.७० | ४८५.०० | १३१.३३ | २२७.६४ | १२.८५ | ३१.३६ | १०९३.५५ |
| बेरुजु लगायत अन्य प्राप्ति | २०३.६० | १०९३.४८ | १८६१.१० | ६२५.९१ | ९६६.३० | १०९६.२७ | ७९४.३५ | ६६४१.०१ |
| अनुदान प्राप्ति | १७६१.०३ | १४४३.२८ | १६९१.४६ | १३९६.८५ | १७३७.६६ | १४६४.१४ | १५४०.३९ | ११०३४.८१ |
| ऋण लगानी फिर्ता | २७.०६ | ०.०० | २७.०६ | ०.०० | ०.०० | ०.०० | ०.०० | ५४.१३ |
| जम्मा प्राप्ति | ३२३२.८० | ३७६२.८२ | ६१४२.८१ | २९९६.०६ | ३९१५.७९ | ३३२७.०९ | ३१४६.९६ | २६५२४.३४ |

| विवरण | प्रदेश नं.१ | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश सञ्चित कोष न्यून-)बचत/(+)( | -४३७.६७ | -१५०८.२४ | -२५८३.३३ | -४३३.७२ | -७०५.४९ | -११२२.९० | -८५०.१४ | -७६४१.४८ |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७४*

## २.२.४ उद्योग ,वाणिज्य र पर्यटन विकासको स्थिति

औद्योगिक विकासतर्फ उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७८/७९ सम्ममा यस प्रदेशमा जम्मा ७९ वटा उद्योग दर्ता भएका छन् जुन नेपालमा दर्ता भएका उद्योगको सङ्ख्याको १ प्रतिशतभन्दा कम हो। त्यसै गरी लघु, घरेलु तथा साना उद्योगको तथ्याङ्क २९२४८ छ। यो सङ्ख्या मुलुकमा रहेका कुल लघु, घरेलु तथा साना उद्योगको ५.२६ प्रतिशत हो। लगानीको अवस्थालाई हेर्दा यस प्रदेशमा रू. १३५.२ अर्ब लगानी भएको देखिन्छ, जुन नेपालको कुल औद्योगिक लगानीको ५.३८ प्रतिशत हो। यो प्रतिशत अन्य प्रदेशको तुलनामा न्यून रहेको छ। यस प्रदेशमा लघु, घरेलु तथा साना उद्योगबाट १,३३,९६५ जनालाई रोजगारी उपलब्ध गराएको अनुमान रहेको छ। नेपाल सरकारले घोषणा गरेका औद्योगिक ग्राममध्ये ६ वटा औद्योगिक ग्राम कर्णाली प्रदेशमा रहेका छन्। कम्पनी दर्ताको स्थितिलाई हेर्दा यस प्रदेशमा जम्मा ३५२६ को सङ्ख्यामा कम्पनी दर्ता भएको देखिन्छ, जुन राष्ट्रिय सङ्ख्याको १.२ प्रतिशत मात्र हो। समग्रतामा यो प्रदेश औद्योगिक विकास विकासका हिसाबमा कमजोर अवस्थामा रहेको पाइन्छ।

### तालिका ८ः औद्योगिक क्षेत्रको परिसूचकको अवस्था र तुलना

| परिसूचक | नेपाल | प्रदेश नं. १ | मधेश | बाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| उद्योगको दर्ता सङ्ख्या[२] | ८६५६ | ८०७ | ५७२ | ५६१४ | ७९८ | ६५६ | ७९ | १३० |
| लघु, घरेलु तथा साना[२] उद्योगको सङ्ख्या | ५५५७७६ | ७६०५९ | ७८२०४ | १७६६८९ | ५९९८० | ९४१३८ | २९२४८ | ४१४५८ |
| उद्योगमा लगानी (रू.अर्बमा)[२] | २५१२.१ | ५५५.६ | १४१.७ | ९१२.७ | ५४८.७ | १७१.१ | १३५.२ | ४७.२ |
| कम्पनी दर्ता सङ्ख्या[३] | २८३३५८ | २०८३७ | १७५६२ | २००२६२ | १५७२४ | १८७१३ | ३५२६ | ५६७७ |

*स्रोतः अर्थ मन्त्रालय, २०७८*

## २.३ सामाजिक क्षेत्र

### २.३.१ शिक्षा

यस प्रदेशमा सामाजिक क्षेत्रको पूर्वाधारका रूपमा रहेको विद्यालयको सङ्ख्या ३,११२ रहेका छन्, जुन मुलुकको कुल विद्यालय सङ्ख्याको ९.०५ प्रतिशत हो। यसअन्तर्गत आधारभूत तह (१-५) मा विद्यालय विद्यार्थी अनुपात ८८ प्रतिशत रहेको छ, जुन मुलुकको औसत अनुपातभन्दा निकै कम हो। माध्यमिक तह (९-१०) मा विद्यालय-विद्यार्थी अनुपात मुलुकको औसत अनुपातभन्दा निकै बढी रहेको छ। शिक्षक विद्यार्थी अनुपातको अवस्थामा आधारभूत (१-५) तहमा कर्णाली प्रदेशको स्थिति राष्ट्रिय औसतभन्दा बढी रहेको छ। त्यसैगरी माध्यमिक (९-१०) तहमा यो प्रदेशको स्थिति मुलुकको औसत अनुपातभन्दा बढी रहेको देखिन्छ। विद्यमान स्थितिलाई विश्लेषण गर्दा शिक्षक विद्यार्थी अनुपातको अवस्थामा पुनर्विचार गर्नुपर्ने देखिन्छ। इन्टरनेट सुबिधा पुगेका विद्यालयको सङ्ख्या ५३८ पुगेको छ। आधारभूत तहको खुद भर्ना दरतर्फ राष्ट्रिय औसतभन्दा केही कम रहेकोमा तुलनात्मक रुपमा गण्डकी र कर्णाली प्रदेशबाहेक अन्य प्रदेशको भन्दा बढी रहेको छ। यस तथ्याङ्कका अनुसार कर्णाली प्रदेशमा शिक्षा क्षेत्रलाई थप प्राथमिकतामा राखी बजेट तथा कार्यक्रमहरू सुनिश्चित गर्नु आवश्यक देखिन्छ।

**तालिका ९: कर्णाली प्रदेशका सामुदायिक विद्यालयमा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात**

| प्रदेश | विद्यालय विद्यार्थी अनुपात | | | | शिक्षक विद्यार्थी अनुपात | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (१०-११) | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (१०-११) |
| प्रदेश नं१. | ८२ | ८४ | ८८ | १५८ | १९ | २७ | २१ | ६७ |
| मधेश | १९५ | १७५ | १६९ | १७२ | ४९ | ६७ | ४४ | ८५ |
| बागमती | ९२ | ८८ | ७६ | १६६ | १८ | २४ | १४ | ५० |
| गण्डकी | ६३ | ७६ | ७३ | ११७ | १३ | २१ | १५ | ३९ |
| लुम्बिनी | ११८ | ११४ | १११ | १७६ | २४ | ३३ | २४ | ७३ |
| **कर्णाली** | **८८** | **१०७** | **११८** | **१६७** | **२६** | **३५** | **३३** | **७५** |
| सुदूरपश्चिम | ९६ | १०२ | १११ | १६२ | २४ | ३१ | २७ | ५६ |
| जम्मा | १०४ | १०३ | ९९ | १६० | २१ | ३१ | २२ | ५७ |

*स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८*

विश्वविद्यालय अनुदान आयोगको प्रतिवेदनअनुसार कर्णाली प्रदेशमा उच्च शिक्षा प्रदान गर्ने एक विश्वविद्यालय र ६२ शैक्षिक संस्थाहरू रहेका छन्। उक्त सङ्ख्यामा १९ सरकारी, २५ सामुदायिक र १८ निजी क्षेत्रबाट संचालित संस्थाहरू हुन्।

### २.३.२ स्वास्थ्य

नेपालमा सरकारी र निजी दुवै क्षेत्रबाट स्वास्थ्य सुविधा उपलब्ध हुने गरेको छ। स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाको सङ्ख्या उल्लेख्य भए पनि जनशक्ति र उपकरणको अभावले गर्दा यस प्रदेशमा सबै जिल्लाहरूमा सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध हुन सकेको पाइँदैन। यस प्रदेशमा बाल मृत्युदर (५ वर्ष मुनिका) ५८ (प्रति हजार जीवित जन्ममा) र नवजात शिशु मृत्युदर २९ (प्रति हजार जीवित जन्ममा) रहनुका साथै आधा घण्टाको दुरीमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने परिवारको प्रतिशत २३.६ रहेको पाइन्छ। मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) २३९ छ भने प्रतिलाख जनसङ्ख्यामा चिकित्सक ५ जना रहेका छन्। यसका अतिरिक्त केही सूचकको स्थितिलाई विश्लेषण गर्दा यस प्रदेशमा ३५.८ प्रतिशत मानिसहरू पुड्कोपनाको समस्याबाट पीडित रहेको, ८४.३ प्रतिशतले पूर्ण खोप लगाएको र ७३.३ महिलाहरूले मात्र दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको स्थिति रहेको देखिन्छ । पाँच वर्षमुनिका ५८ बालवालिकाहरूमा कुपोषण छ। त्यसैगरी प्रदेशमा ४३३ वटा सार्वजनिक स्वास्थ्य संस्थाहरू छन् ।

**तालिका १० : कर्णाली प्रदेशको स्वास्थ्य सूचकको स्थिति (प्रतिशतमा)**

| प्रदेश | पुड्कोपन (प्रतिशतमा) | पूर्ण खोप लगाएको स्थिति (प्रतिशतमा) | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको स्थिति (प्रतिशतमा) |
|---|---|---|---|
| प्रदेश १ | २०.० | ८०.८ | ८१.८ |
| मधेश प्रदेश | २९.३ | ६७.७ | ६७.९ |
| बागमती प्रदेश | १७.६ | ८३.४ | ८६.६ |
| गण्डकी प्रदेश | १९.७ | ९३.४ | ८९.२ |
| लुम्बिनी प्रदेश | २५.१ | ८५.३ | ८६.९ |
| **कर्णाली** | **३५.८** | **८४.३** | **७२.३** |
| सुदूरपश्चिम प्रदेश | २८.० | ८८.८ | ८७.८ |

*स्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, २०२२*

### २.३.३ सामाजिक विकास

कर्णाली प्रदेशको लैङ्गिक सशक्तीकरणको अवस्था राष्ट्रिय औसतको हाराहारीमा रहेकोमा लैङ्गिक विकासतर्फ भने राष्ट्रिय औसतभन्दा केही बढी रहेको पाइएको छ। यस तथ्याङ्कका अनुसार प्रदेशमा

लैङ्गिक असमानता उच्च रहेको देखिन्छ। यस प्रदेशमा करिब २८.९ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि छन्। कर्णालीबासीको औसत आयु ६७ वर्ष छ जुन अन्य प्रदेशहरूका तुलनामा सबैभन्दा न्यून हो। मानव विकास तथा बहुआयामिक गरिबीको अवस्थालाई हेर्दा यस प्रदेशको अवस्था राष्ट्रिय औसतभन्दा पनि अत्यन्त नाजुक रहनुले सामाजिक सेवाको गुणस्तरीयता र गरिबी उन्मूलनसम्बन्धी प्रदेशको ठोस कार्यक्रम तथा प्राथमिकतामा विशेष जोड दिनुपर्ने देखिन्छ।

**तालिका ११: प्रदेशमा लैङ्गिक तथा मानव विकासको अवस्था**

| सूचक | नेपाल | प्रदेश १ | मधेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | **कर्णाली प्रदेश** | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|---|
| लैङ्गिक सशक्तीकरण सूचकाङ्क | ०.४७९ | ०.४५९ | ०.५०३ | ०.४५७ | ०.४६३ | ०.४७४ | **०.५५८** | ०.५२२ |
| मानव विकास सूचकाङ्क | ०.५८७ | ०.५८० | ०.५१ | ०.६६१ | ०.६१८ | ०.५६३ | **०.५३८** | ०.५४७ |
| बहुआयामिक गरिबी सूचकांक | १७.४ | १५.९ | २४.२ | ७.० | ९.६ | १८.२ | **३९.५** | २५.३ |
| लैङ्गिक विकास सूचकांक | ०.८८६ | ०.९०१ | ०.७८६ | ०.९२९ | ०.९८६ | ०.९०१ | **०.९०२** | ०.९०३ |

*स्रोतः आर्थिक सर्वेक्षण, २०२२; बहुआयामिक गरिबी सूचक, २०२१; नेपाल मानव विकास प्रतिवेदन, २०२०*

साथै यस प्रदेशमा ३५.९ प्रतिशत जनताहरू स्वच्छ खानेपानीबाट विमुख छन् र केवल ५० प्रतिशत जनसङ्ख्यामा मात्र शौचालयको सुविधा पुगेको छ। नेपालमा सङ्घीयताको कार्यान्वयसँगै कर्णाली प्रदेशको समग्र आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रहरूको विकास सकारात्मक दिशातर्फ उन्मुख भए तापनि प्रदेश चाहिँ नयाँ संरचना भएकाले यसको अभ्यास, संस्थागत क्षमता विकास र वित्तीय सङ्घीयताको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन।

यस प्रदेशमा भौगोलिक रूपमा सुगमदेखि अत्यन्त दुर्गम क्षेत्रसमेत समेटिएको हुँदा शिक्षा तथा स्वास्थ्यमा पहुँच, भौगोलिक विकटताले सामाजिक र आर्थिक क्षेत्रमा गुणस्तरीयता र सुलभ सेवा विस्तारको कार्य चुनौतीपूर्ण रहेको विभिन्न संचार तथा अनुसन्धनात्मक अध्ययनहरूले उजागर गरेको पाइन्छ भने संस्थागत संरचनामा समेत यथेष्ट रूपमा लगानी बढाउन आवश्यक रहेको पाइन्छ। धेरै समयदेखि गैरसरकारी संस्थाहरूको बाक्लो उपस्थिति रहे तापनि उच्च पहाडी भूभागमा आर्थिक तथा सामाजिक अवस्था अझै कमजोर रहेको MICS र NDHS जस्ता सर्वेक्षणहरूले देखाएका छन।

## २.४ पूर्वाधार क्षेत्र

### २.४.१ ऊर्जा

जलविद्युत् उत्पादनको हिसाबले यस प्रदेशमा जम्मा ११ मेगावाट रहेको छ, जुन राष्ट्रिय उत्पादनको १ प्रतिशतभन्दा कम रहेको छ। विद्युत् प्राप्त गरेका घर परिवारको प्रतिशत राष्ट्रिय औसतको तुलनामा अत्यन्त कम रहेकोमा अन्य प्रदेशको तुलनामा सबैभन्दा कम रहेको देखिन्छ।

**तालिका १२: कर्णाली प्रदेशको ऊर्जा सम्बन्धी परिसूचकको अवस्था र अन्य प्रदेशसँगको तुलना**

| परिसूचक | नेपाल | प्रदेश नं. १ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| जलविद्युत् उत्पादन (मेगावाट)[४] | २०२३ | ३२७ | २१ | १०१६ | ५६५ | ३१ | ११ | ५२ |
| विद्युत् प्राप्त घर परिवार (प्रतिशतमा) | ९४ | ९६.९५ | ९६.९९ | ९५.९१ | ९५.६८ | ९४.९१ | ४३.८७ | ७१.०७ |

*स्रोत: अर्थ मन्त्रालय, २०७८*

### २.४.४ सडक तथा सहरी पूर्वाधार विकास

यस प्रदेशमा स्थानीय सडक सञ्जालको स्थिति (वनसमेत) ३३०१ कि.मि. रहेको छ, यो राष्ट्रिय स्थानीय सडक सञ्जालको ५.१० प्रतिशत हो। उक्त सडकमध्ये २.७ प्रतिशत कालोपत्रे, ६ प्रतिशत ग्राबेल र बाँकी करिब ९१ प्रतिशत सडक कच्ची रहेका छन्। यस प्रदेशको बढी भूभाग पहाडी र उच्च पहाडी क्षेत्रमा रहेकाले त्यहाँ रहेका नगरपालिका र स्थानीय तहहरूमा अझै पनि स्तरयुक्त सडक सञ्जाल विकास हुन सकेको छैन। सामान्यतया लगानीको हिसाबले उल्लेख्य प्रतिशत बजेट यस क्षेत्रमा विनियोजित रहे तापनि सडकको यो अवस्थाले लगानीलाई थप प्राथमिकता दिनुपर्ने देखिन्छ।

**तालिका १३: कर्णाली प्रदेशको सडक सञ्जालका परिसूचकको अवस्था र अन्य प्रदेशसँगको तुलना**

| परिसूचक | नेपाल | प्रदेश नं. १ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| स्थानीय सडक सञ्जाल (कि.मी.) | ६४६१७ | १३१२९ | ६००२ | १६००१ | ११५७० | ९१३९ | ३३०१ | ५४७५ |
| सडक घनत्व | ०.४४ | ०.५१ | ०.६२ | ०.७९ | ०.५४ | ०.४१ | ०.१२ | ०.२७ |

*स्रोत: अर्थ मन्त्रालय, २०७८*

## २.५ वन तथा वातावरण

वन तथा वातावरणका दृष्टिले हेर्दा कर्णाली प्रदेशले राष्ट्रिय वनक्षेत्रको १७.९०% ओगटेको छ। कर्णाली प्रदेशमा कुल वनले ढाकेको क्षेत्र ११ लाख ८३ हजार ४ सय हेक्टर छ, जुन प्रदेशको भूभागको ३८.५७ प्रतिशत हो। वन क्षेत्रमध्ये सामुदायिक वनले सबैभन्दा धेरै ३४.५३ प्रतिशत ओगटेको छ। यस प्रदेशमा २२४ भन्दा बढी सुगन्धित वनस्पति र जडिबुटी भने २७ प्रजातिका पन्छी र १७५ प्रजातिका वन्यजन्तु पाइन्छन्। विश्वका प्रमुख रामसार क्षेत्रमध्ये दुईवटा क्षेत्र शे-फोक्सुण्डो र सबैभन्दा सानो राष्ट्रिय निकुञ्ज रारा राष्ट्रिय निकुञ्ज यसै प्रदेशमा पर्दछ। साथै बर्दिया राष्ट्रिय निकुञ्ज र बाँके राष्ट्रिय निकुञ्जको केही अंश पनि यस प्रदेशको क्षेत्रभित्र पर्दछ। देशमा काठजन्य वस्तुहरूको उच्च आयात रहेको अवस्थामा यस प्रदेशको वन पैदावारको समुचित प्रयोग तथा यस क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिबाट प्रशस्त आय आर्जन गर्न सकिने देखिन्छ।

**तालिका १४ः प्रदेशको वनक्षेत्रका परिसूचकको अवस्था र अन्य प्रदेशसँगको तुलना**

| परिसूचक | नेपाल | प्रदेश नं. १ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेशमा वन क्षेत्र (प्रतिशतमा) | ४४.७४ | ४३.७८ | २७.२९ | ५३.७४ | ३८.०१ | ४३.७२ | ४२.२९ | ५८.६६ |
| *नेपालको कुल वन क्षेत्रको हिंस्सा (प्रतिशत)* | १०० | १७.१६ | ३.९९ | १६.५० | १२.३६ | १४.७४ | १७.९० | १७.३४ |

*स्रोतः अर्थ मन्त्रालय, २०७८*

अध्याय - ३

# दिगो विकासको लक्ष्यअनुसार बजेट विनियोजन र खर्चको प्रवृत्ति

## ३.१ पृष्ठभूमि

कर्णाली प्रदेशमा प्रादेशिक सरकारले दिविललगायतका अन्य प्रादेशिक लक्ष्य प्राप्त गर्ने उदेश्यअनुसार क्षेत्रगत बजेट विनियोजनमा कुशलता र खर्चमा मितव्ययिता अपनाउँदै आएको छ। कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७४/७५ मा अल्पकालीन र आर्थिक वर्ष २०७५/७६ देखि पूर्ण बजेट तर्जुमा गरी कार्यान्व्यन गर्दै आएको छ। यस क्रममा यस प्रदेशले मध्यमकालीन खर्च संरचना तर्जुमा गरी दिविल कोडअनुसार बजेट विनियोजन गर्दै आएको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल बजेटको करिब ९५ प्रतिशत बजेट दिबिल कोडअनुसार साङ्केतीकरण गरिएको थियो भने आर्थिक वर्ष २०७८/७९ मा पनि सोही अनुपातमा बजेट साङ्केतीकरण गरिएको देखिन्छ। तर आर्थिक वर्ष २०७९/८० को विनियोजनको स्थितिमा भने साङ्केतीकरण नगरिएको मात्रामा एक्कासी वृद्धि भई ५३.५२ प्रतिशत पुगेको छ। यस अध्यायमा कर्णाली प्रदेशको समग्र खर्चको स्थिति, विद्यमान साङ्केतीकरणको अवस्था र प्रादेशिक स्रोत पुस्तिकामा आधारित भई बजेटको पूर्ण साङ्केतीकरण गर्दा प्राप्त परिवर्तित स्थितिलाई विश्लेषण गरिएको छ।

## ३.२ प्रदेशको बजेटको स्रोत विश्लेषण

कर्णाली प्रदेशमा स्रोतमा आएको उतार चढावसँगै बजेटको आकारमा पनि परिवर्तन भएको देखिन्छ। आन्तरिक राजस्वतर्फको स्रोत आर्थिक वर्ष २०७५/७६ को तुलनामा २०७७/७८ सम्म पुग्दा बढेको देखिन्छ। आर्थिक वर्ष २०७६/७७ को तुलनामा २०७७/७८ मा आन्तरिक राजस्वतर्फको स्रोत करिब दुईगुणा बढेको देखिन्छ। राजस्व बाँडफाँट (सङ्घ) बाट प्राप्त हुने अनुदानको मात्र २०७५/७६ को तुलनामा २०७६/७७ केही घटे तापनि २०७७/७८ मा केही सुधार आई ६२७ करोड पुगेको छ। समानीकरण अनुदानमा आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०७७/७८ सम्ममा खासै परिवर्तन भएको देखिँदैन। सशर्त अनुदान आर्थिक वर्ष २०७५/७६ को तुलनामा २०७६/७७ मा घटेर गएकोमा त्यसमा सुधार आई २०७७/७८ मा पुनः वृद्धि भएको

छ । आर्थिक वर्ष  २०७५/७६ र २०७६/७७ को तुलनामा आर्थिक वर्ष  २०७७/७८ मा समपूरक अनुदान अत्यधिक कम रहेको छ।

**तालिका १५: प्रदेशको गत तीन आर्थिक वर्षको बजेट स्रोत विवरण (रू.लाखमा)**

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|
| आन्तरिक राजस्व | ७०३.०० | २३४५.०० | ६३९५.०० |
| राजस्व बाँडफाँट (सङ्घ) | ६३४३१.०० | ५०७२७.०० | ६२७१३.०० |
| समानीकरण अनुदान | ९१३१४.०० | ९८४८३.०० | ९६३२९.०० |
| सशर्त अनुदान | ५६५४७.६८ | ३२६६२.३८ | ४३१८४.८३ |
| समपूरक अनुदान | ९२००.०० | ४६८९.०० | २५००.०० |
| विशेष अनुदान | ९०७७.१९ | ८१००.०० | ४४००.०० |

*श्रोतः कर्णाली प्रदेशको मध्यमकालीन खर्च संरचना, विभिन्न वर्ष ।*

## ३.३ बजेट विनियोजन तथा खर्चको प्रवृत्ति

समग्र विकासको आधार पुँजीगत खर्चतर्फको खर्च गर्ने क्षमतामा निर्भर रहन्छ। अन्य प्रदेशभन्दा भौगोलिक विकटताले कर्णाली प्रदेश भौतिक सुविधाहरूको प्रगतिमा त पछाडि परेको छ भने सामाजिक सूचकमा समेत पछि परेको छ। प्रस्तुत तालिकामा विनियोजित रकममा पुँजीगत खर्चको अंश प्रस्तुत गरिएको छ। आर्थिक वर्ष  २०७५/७६ र २०७६/७७ मा जम्मा २४.७ प्रतिशत र २७.८ प्रतिशत मात्र खर्च गरेको देखिन्छ भने आर्थिक वर्ष  २०७७/७८ र २०७८/७९  मा खर्च गर्ने क्षमतामा सुधार भई केही वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा यो वृद्धि पुँजीगत खर्च करिब ३९ प्रतिशत पुगेकोमा त्यसमा थप सुधार भई आर्थिक वर्ष २०७८/७९ मा ३९.२ प्रतिशत पुगेको छ। यही खर्चको प्रवृत्ति कुल खर्चको प्रगतिमा पनि दोहोरिएको छ। समग्रतामा कर्णाली प्रदेशको विकासको लागि पुँजीगत खर्चको वृद्धि गर्न बढी ध्यान दिनु आवश्यक रहेको देखिन्छ।

### तालिका १६ः प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति

| आर्थिक वर्ष | कुल विनियोजित बजेट (करोडमा) | कुल खर्च (करोडमा) | पुँजीगत खर्चको अंश | कुल प्रगति प्रतिशत |
|---|---|---|---|---|
| २०७५/७६** | २८२८.२९ | १००२.२६ | २४.७ | ३५.४ |
| २०७६/७७*** | ३४३५.३४ | १६८८.०२ | २७.८ | ४९.१ |
| २०७७/७८ | ३४९५.९९ | २२११.२४ | ३९.० | ६३.३ |
| २०७८/७९ | ३८४७.४३ | २४२७.२५ | ३९.२ | ६३.१ |

*स्रोतः कर्णाली प्रदेश लेखा नियन्त्रक कार्यालय, २०७८*

**कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को एकीकृत वार्षिक वित्तीय बिबरणको प्रतिवेदन

***कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को एकीकृत वार्षिक वित्तीय बिबरणको प्रतिवेदन

## ३.४ दिविलअनुसार बजेट विनियोजन र खर्चको विद्यमान प्रवृत्ति

दिविलअन्तर्गत रहेका विभिन्न क्षेत्रहरू एक आपसमा अन्तरसम्बन्धित रहने हुँदा कार्यक्रमहरूको बुझाइमा पनि भिन्नता हुन सक्ने सम्भावना अधिक रहन्छ। त्यसको प्रभाव यस प्रदेशको दिविल साङ्केतीकरणमा पनि पाइन्छ। नेपालमा सङ्घीय सरकारले आर्थिक वर्ष २०७३/७४ देखि दिविलको लक्ष्यअनुसार बजेटलाई साङ्केतीकरण गर्दै आएको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले समेत आवधिक योजना, मध्यमकालीन खर्च संरचना तर्जुमा गरी दिविलका लक्ष्यअनुसार बजेट विनियोजन खर्चलाई प्राथमिकतामा राखेको छ। महालेखा नियन्त्रण कार्यालयबाट प्राप्त तथ्याङ्कको अवस्थालाई हेर्दा आर्थिक वर्ष २०७७/७८ मा कुल विनियोजित बजेटको ९४.४ प्रतिशत बजेट दिविलका लक्ष्यअनुसार विनियोजित गरेको देखिन्छ। त्यस्तै, आर्थिक वर्ष २०७८/७९ मा कुल विनियोजित बजेटको ९५.३३ प्रतिशत बजेट दिविलका लक्ष्य साङ्केतीकरण गरी विनियोजनमा भएको आर्थिक वर्ष २०७८/७९ मा भने बजेट विनियोजन गर्दा साङ्केतीकरण नगरिएको रकमको परिमाणमा एक्कासि वृद्धि भई ५३.५२ प्रतिशत पुगेको छ। खर्चतर्फको अवस्थालाई हेर्दा आर्थिक वर्ष २०७७/७८ मा कुल विनियोजित बजेटको औसत ६५.५३ प्रतिशत बजेट खर्च भएको छ। आर्थिक वर्ष २०७८/७९ मा खर्चको प्रतिशत ३.३५ प्रतिशतले घटेर ६१.१८ प्रतिशतमा मात्र सीमित रहेको देखिन्छ।

आर्थिक वर्ष २०७७/७८ मा दिविल २ (भोकमरीको अन्त्य), दिविल ६ (खानेपानी) र दिविल ११ (दिगो सहरी विकास) मा बजेट विनियोजन नै भएको देखिँदैन भने बाँकी १३ वटै लक्ष्यमा बजेट विनियोजन गरिएको छ। लक्ष्यअनुसार बजेट विनियोजनको स्थितिलाई हेर्दा सबैभन्दा बढी (३०.३३

प्रतिशत) दिविल १ (गरिबीको अन्त्य) मा र दिविल १२ अन्तर्गत दिगो उपभोक्ता तथा उत्पादनमा सबैभन्दा कम (०.०९ प्रतिशत) बजेट विनियोजन गरेको देखिन्छ। साङ्केतीकरण गरिएको बजेटमध्ये बढी रकम विनियोजन गरिएका दिविलका अन्य लक्ष्यहरूमा क्रमश दिविल ८ (समावेशी आर्थिक वृद्धि र मर्यादित काम), दिविल १३ (जलवायु परिवर्तन अनुकूलन), दिविल ३ (स्वस्थ जीवन) र दिविल ५ (लैङ्गिक समानता) रहेका छन्। त्यसै गरी आर्थिक वर्ष २०७८/७९ मा साङ्केतिकरण गरिएको बजेटमध्ये सबैभन्दा वढी लक्ष्य नं १ र सबैभन्दा कम दिविल १२ मा विनियोजन गरेको छ। बढी बजेट विनियोजन गरिएका लक्ष्यहरूमा क्रमशः दिविल ८, १३, ३ र ५ रहेका छन्। आर्थिक वर्ष २०७९/८० मा साङ्केतीकरण गरिएको बजेटमध्ये सबैभन्दा बढी (१३.९६ प्रतिशत) दिविल १ र सबैभन्दा कम (०.०३ प्रतिशत) दिविल ८ मा विनियोजन गरेको देखिन्छ। त्यसै गरी बढी बजेट विनियोजन भएका लक्ष्यहरू क्रमशः दिविल ३, १०, ४ र १३ रहेका छन्। समग्रमा बजेट विनियोजनको प्रवृत्तिलाई हेर्दा गरिबीको अन्त्यलाई तीन बर्षकै बजेटले उच्च प्राथमिकतामा राखी बजेट विनियोजन गरेको देखिन्छ ।

बजेट खर्चतर्फको स्थितिलाई हेर्दा आ.ब. २०७७/७८ मा कुल विनियोजित बजेटको ६५.५३ प्रतिशत खर्च भएकोमा आर्थिक वर्ष २०७८/७९ मा यसमा ह्रास आई ६२.१८ प्रतिशतमा सीमित हुन पुगेको छ। दिविलअनुसार आर्थिक वर्ष २०७७/७८ को खर्चको अवस्थालाई हेर्दा कुल खर्चको विनियोजितको प्रतिशतभन्दा बढीले दिविल १,४,५,७,१३,१५ र १६ मा खर्च भएको देखिन्छ भने अन्य लक्ष्यहरूमा बजेट विनियोजनको प्रतिशतभन्दा कम प्रतिशतमा खर्च भएको देखिन्छ । त्यसै गरी आर्थिक वर्ष २०७८/७९ को खर्च स्थितिलाई हेर्दा बजेट विनियोजनको प्रतिशतभन्दा कुल खर्चमा दिविल १, ३, ४, ५, १०, १२, १३ र १५ मा बढी खर्च भएको देखिन्छ भने बाँकी लक्ष्यहरूमा कम खर्च भएको देखिन्छ । सम्रगतामा दुबै वर्षहरूको खर्चहरूमा तादाम्यता रहेको देखिन्छ।

कर्णाली प्रदेश समृद्धिका लागि गरिबी वाधकको रुपमा रहेको देखिन्छ। त्यसैले गरिबीको अन्तका लागि यहाँ ठुलो परिमाणमा बजेट विनियोजन गरेको देखिन्छ। त्यसपछि प्रदेशको भौगोलिक अबस्थालाई हेरी दिविल १३ अन्तर्गत जलवायु अनुकूलनको लागि बजेटको ठूलो अंश विनियोजन गरिएको देखिन्छ भने स्वास्थ्य क्षेत्रमा प्राप्त बजेटको उल्लेख्य प्रतिशत दिविल ३ अन्तर्गत प्रादेशिक अस्पताल निर्माण कार्यक्रम, कोभिड विशेष अस्पताल, अस्पताल सुदृढीकरण कार्यक्रमलाई मुख्य प्राथमिकता दिइएको पाइन्छ। दिविल ४ अन्तर्गतको शैक्षिक पहुँच विस्तारलाई प्राथमिकतामा राखी प्रदेश सरकारले शैक्षिक कार्यक्रममा बजेटको ठुलै अंश विनियोजन गरेको देखिन्छ। त्यस्तै दिविल १० अन्तर्गत आर्थिक सामाजिक असमानता कम गर्ने गरी बजेटको ठूलो अंश विनियोजन तथा खर्च ठूलो रहेको देखिन्छ भने दिविल १५ अन्तर्गतको वन तथा वातावरणको दिगो उपयोग तथा संरक्षणको लागि बजेटको ठूलो अंश विनियोजन तथा खर्च भएको पाइन्छ ।

## तालिका १७: विद्यमान साङ्केतीकरण र खर्चको स्थिति (प्रतिशत)

| दिविल लक्ष्य कोड | दिविलका लक्ष्य | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० |
|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | बजेट | खर्च | बजेट |
| ० | साङ्केतीकरण नगरिएको | ५.३६ | ०.९५ | ४.६७ | १.७५ | ५३.५२ |
| १ | गरिबीको अन्त्य | ३०.३३ | ३६.५० | २६.८३ | ३२.१७ | १३.९७ |
| २ | शून्य भोकमरी | ०.०० | ०.०० | ०.०० | ०.०० | १.९६ |
| ३ | स्वस्थ जीवन | ९.२२ | ८.८२ | १०.१९ | ११.७३ | १०.४४ |
| ४ | गुणस्तरीय शिक्षा | २.४० | २.५६ | ३.३० | ३.८२ | ४.५० |
| ५ | लैङ्गिक समानता | ५.८७ | ६.०१ | २.१५ | २.८२ | ०.८९ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १.४८ | १.७५ | ०.०० | ०.०० | ०.४८ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | २५.०९ | २२.५९ | २५.९४ | १८.४७ | ०.०३ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ३.८४ | ३.२९ | २.६६ | १.९५ | २.२५ |
| १० | असमानता न्यूनीकरण | ०.४९ | ०.३९ | ३.८१ | ४.६८ | ५.७३ |
| ११ | दिगो शहर र बस्तीहरू | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.९६ |
| १२ | दिगो उपभोग तथा उत्पादन | ०.०९ | ०.१० | ०.३१ | ०.३४ | ०.०६ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | १०.५९ | १३.७८ | १५.५५ | १९.२२ | २.८९ |
| १५ | भूसतह स्रोतको उपयोग | १.६६ | १.७९ | ०.७० | ०.९८ | ०.४८ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | १.२४ | १.३४ | २.१२ | १.२९ | ०.९१ |
| १७ | दिगो विकासका लागि साझेदारी | २.३२ | ०.१४ | १.७५ | ०.७७ | ०.९२ |
| जम्मा | | १०० | १०० | १०० | १०० | १०० |
| कुल बजेटमा खर्चको प्रतिशत | | | ६५.५३ | | ६२.१८ | |

*स्रोत: महालेखा नियन्त्रक कार्यालय -२०७९*

# ३.५ दिविलअनुसार बजेट विनियोजन तथा खर्चको प्रवृत्ति

आर्थिक वर्ष २०७३/७४ देखि नै वार्षिक बजेटमा दिगो विकास लक्ष्यको साङ्केतीकरणअनुसार विनियोजन र विनियोजित रकम प्रतिविम्बित गर्ने गरी Line Ministry Budget Information System (LMBIS) मा नै साङ्केतीकरण गर्दै आएको हो। यसअनुसार प्रदेश सरकारहरूले पनि आफ्नो बजेटलाई दिगो विकास लक्ष्यको सङ्केतअनुसार साङ्केतीकरण गर्दै आएका भए तापनि कार्यक्रमअनुसार साङ्केतीकरण

भएको देखिँदैन । उपलब्ध तथ्याङ्कको स्थितिलाई हेर्दा कर्णाली प्रदेशको आ.व २०७५/७६ मा दिविलअनुसार साङ्केतीकरण भएको छैन र त्यस वर्ष खाली नै राखिएको छ। आर्थिक वर्ष २०७६/७७ मा बजेट भाषणमा दिविल साङ्केतीकरणअनुसार बजेट बाँडफाँड भएकाले सोअनुसारको तथ्याङ्क उपलब्ध गराइएको तर खर्च दिविलअनुसार प्राप्त नभएकाले कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को एकीकृत वित्तीय विवरणको प्रतिवेदनअनुसार कुल खर्च विवरणलाई विनियोजित बजेटका आधारमा खर्चको पनि साङ्केतीकरण अनुसार प्रक्षेपण गरिएको छ । तल दिएको तालिकाअनुसार आर्थिक वर्ष २०७६/७७ देखि आर्थिक वर्ष २०७८/७९ सम्ममा नै दिविल कोड १० असमानता न्यूनीकरणमा बजेट विनियोजन भएको देखिँदैन। त्यसै गरी उल्लिखित तीन आर्थिक वर्षमा दिविल १२ दिगो उपभोग तथा उत्पादन र दिविल १३ जलवायु परिवर्तन अनुकूलमा अत्यन्त कम बजेट विनियोजन गरेको देखिन्छ। तर जलवायु परिवर्तनअनुकूल कार्यक्रममा पछिल्ला दुई आर्थिक वर्षमा २०७७/७८ र २०७८/७९ मा रू. २५.५ करोडबाट वढेर करिब रू. ५३ करोड पुगेको देखिए तापनि खर्चमा खासै सुधार आएको देखिँदैन। यसरी बजेटको धेरै हिस्सा दिविल ९, २, ११ र १७ मा भएको देखिन्छ। भोकमरीमा धेरै विनियोजन भए तापनि गरिबी अन्त्यमा खास बजेट विनियोजन भएको देखिएन। उपलब्ध तथ्याङ्कको बिश्लेषण गर्दा क्रमशः दिविल साङ्केतीकरणमा विनियोजित रकम र खर्चको रकममा साङ्केतीकरण हुन नसक्नु समस्याका रूपमा देखिएको छ ।

### तालिका १८ः दिविलअनुसार पूर्ण साङ्केतीकरण गर्दा विनियोजित बजेट र खर्चको प्रवृत्ति

(रू. करोडमा)

| दिविल कोड | दिविल | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | |
|---|---|---|---|---|---|---|---|
| | | बजेट* | खर्च** | बजेट | खर्च | बजेट | खर्च |
| १ | गरिबीको अन्त्य | १७३.० | ८४.३ | १२६.९ | ७१.० | ८२.८ | ३५.६ |
| २ | शून्य भोकमरी | ४७५.२ | ३२५.४ | ५५०.४ | ४३२.७ | ५४३.९ | ४१०.५ |
| ३ | स्वस्थ जीवन | २३१.६ | १२७.८ | ३२३.२ | २०४.९ | ३५६.१ | २७६.२ |
| ४ | गुणस्तरीय शिक्षा | १५५.० | ७८.५ | ८९.९ | ५२.३ | १०६.८ | ६७.० |
| ५ | लैङ्गिक समानता | ५१.७ | ३४.० | १४.६ | ११.० | २.७ | १.९ |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | १४३.४ | ८३.४ | २४१.४ | १६१.१ | २८३.२ | १९१.७ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ५८.० | ३३.० | ७७.९ | ५०.८ | १२१.० | ९०.६ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | २२८.८ | १२५.९ | ७८.० | ४९.३ | १०१.१ | ६०.६ |
| ९ | उद्योग, नवीन खोज र | ३५४.९ | १६२.६ | ९३७.३ | ४९२.९ | १००५.५ | ४८५.७ |

### तालिका १८: दिविलअनुसार पूर्ण साङ्केतीकरण गर्दा विनियोजित बजेट र खर्चको प्रवृत्ति

(रू. करोडमा)

| दिविल कोड | दिविल | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | |
|---|---|---|---|---|---|---|---|
| | | बजेट* | खर्च** | बजेट | खर्च | बजेट | खर्च |
| | पूर्वाधार | | | | | | |
| १० | असमानता न्यूनीकरण | ० | ० | ० | ० | ० | ० |
| ११ | दिगो शहर र बस्तीहरू | ३७६.८ | २१८.१ | ४००.५ | २६६.१ | ४७३.८ | ३०८.१ |
| १२ | दिगो उपभोग तथा उत्पादन | १.८ | १.१ | ०.६ | ०.४ | ०.० | ०.० |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ०.० | ०.० | २५.५ | १५.३ | ५३.१ | २४.८ |
| १५ | भूसतह स्रोतको उपयोग | ५९.४ | ४०.३ | १३१.० | १०२.१ | १३३.७ | १०२.२ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ८६५.८ | २०५.६ | १४८.७ | ४०.५ | १९३.५ | ७३.२ |
| १७ | दिगो विकासका लागि साझेदारी | २६०.० | १६८.७ | ३५०.२ | २६०.८ | ३९०.२ | २९९.० |
| | **जम्मा** | ३४३५.३ | १६८८.८ | ३४९६.० | २२११.२ | ३८४७.४ | २४२७.३ |

*२०७६/७७ को बजेट बक्तव्य


**कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को एकीकृत वार्षिक वित्तीय बिबरणको प्रतिवेदन

## ३.६ दिविलअनुसार खर्च गर्न सक्ने क्षमता

समग्र मुलुकको निर्धारित विकासका लक्ष्य प्राप्तिका लागि आफूसँग उपलब्ध स्रोत साधनलाई कुशलतापूर्वक विनियोजन र खर्चमा आधारित रहन्छ। नेपाल जस्तो विकासोन्मुख मुलुकमा आवश्यकताअनुसार स्रोतको व्यवस्थापन चुनौतीका रूपमा रहेको हुन्छ। वित्तीय लक्ष्य कार्यान्वयन गर्न सबै क्षेत्रबाट प्रतिवर्ष सरदर रू. २० खर्ब २५ अर्ब लगानी गर्नुपर्ने हुन्छ। एकातिर साधन व्यवस्थापनको कमीले गर्दा नेपालले सोअनुरूप बजेट विनियोजन गर्न सकिराखेको छैन भने अर्कातिर विनियोजित बजेट पनि विविध समस्याले गर्दा खर्च गर्न सकेको देखिँदैन। प्रस्तुत तालिकाअनुसार आर्थिक वर्ष २०७६/७७ देखि आर्थिक वर्ष २०७८/७९ सम्ममा नै दिविल १० अन्तर्गत असमानता न्यूनीकरणमा कुनै बजेट विनियोजन भएको देखिंदैन। सबैभन्दा अधिक खर्च दिविल ९ अन्तर्गत उद्योग, नवीन खोज र पूर्वाधार क्षेत्रमा भएको देखिन्छ।

आर्थिक वर्ष २०७६/७७ को महालेखा कार्यालयबाट प्राप्त तथ्याङ्कको अवस्थालाई हेर्दा कर्णाली प्रदेशले कुल विनियोजित बजेटको औसत ४९.२ प्रतिशत मात्रै खर्च गर्न सकेको देखिन्छ । दिगो विकास लक्ष्यअनुसार साङ्केतीकरण गरिएको विनियोजित बजेट र खर्चको स्थितिलाई हेर्दा यस आर्थिक वर्षमा सबैभन्दा बढी १९.३ प्रतिशत दिविल २ को भोकमरीको अन्त्य र सबैभन्दा कम दिविल १२ अन्तर्गत दिगो उपभोग तथा उत्पादनमा ०.१ प्रतिशत खर्च भएको देखिन्छ भने दिविल १३ मा यस वर्ष खर्च नै भएको देखिंदैन। दिविल १ अन्तर्गत गरिबीको अन्त्यमा ५ प्रतिशत मात्र खर्च भएको देखिन्छ। दिविल १६ अन्तर्गत शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाजमा अधिक मात्रामा खर्च भएको देखिन्छ, जुन पछिका आर्थिक वर्षहरूमा त्यसप्रकारको खर्चको प्रवृत्ति देखिंदैन।

### चित्र ४: दिविलअनुसार खर्च गर्ने क्षमता




*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०७७/७८ को तथ्याङ्कलाई हेर्दा कर्णाली प्रदेशले कुल विनियोजित बजेटको औसत ६३.३ प्रतिशत बजेट खर्च गर्न सकेको देखिन्छ । दिगो विकास लक्ष्यअनुसार साङ्केतीकरण गरिएको विनियोजित बजेट र खर्चको स्थितिलाई हेर्दा यस आर्थिक वर्षमा सबैभन्दा बढी २२.३ प्रतिशत उद्योग, नवीन खोज र पूर्वाधार दिविल ९ मा खर्च भएको देखिन्छ भने सबैभन्दा कम दिविल १२ अन्तर्गत दिगो उपभोग तथा उत्पादनमा ०.०२ प्रतिशत मात्र खर्च भएको देखिन्छ। त्यस्तै, दिविल १३ अन्तर्गत जलवायु परिवर्तन अनुकूलमा ०.७ प्रतिशत मात्र बजेट खर्च भएको देखिन्छ। कर्णाली प्रदेशमा दिविल १ अन्तर्गत भोकमरीको अन्त्यमा ३.२ प्रतिशत मात्र खर्च भएको देखिन्छ भने दिविल

२ अन्तर्गत शून्य भोकमरीमा अघिल्लो आर्थिक वर्षको हाराहारीमा १९.६ प्रतिशत खर्च भएको देखिन्छ। दिविल कोड १७ मा दिगो विकासका लागि साझेदारीका कार्यक्रममा ११.८ प्रतिशत बजेट खर्च भएको देखिन्छ ।

आर्थिक वर्ष २०७८/७९ को तथ्याङ्कलाई हेर्दा कर्णाली प्रदेशले कुल विनियोजित बजेटको औसत ६३.१ प्रतिशत खर्च गर्न सकेको देखिन्छ । दिगो विकास लक्ष्यअनुसार साङ्केतीकरण गरिएको विनियोजित बजेट र खर्चको स्थितिलाई हेर्दा यस आर्थिक वर्षमा सबैभन्दा बढी २०.० प्रतिशत दिविल ९ उद्योग, नवीन खोज र पूर्वाधारमा खर्च भएको देखिन्छ भने सबैभन्दा कम दिविल ५ लैङ्गिक समानतामा ०.१ प्रतिशत खर्च भएको देखिन्छ । त्यस्तै दिविल १२ दिगो उपभोग तथा उत्पादनमा भने कुनै खर्च भएको देखिंदैन। त्यसैगरी यस प्रदेशमा दिविल १ (गरिवीको अन्त्य) मा १.५ प्रतिशत मात्र खर्च भएको देखिन्छ भने दिविल २ (भोकमरीको अन्त्य) मा अघिल्लो आर्थिक वर्षको हारहारीमा १६.९ प्रतिशत खर्च भएको देखिन्छ। दिविल कोड १७ (दिगो विकासका लागि साझेदारी) मा १२.३ प्रतिशत खर्च भएको देखिन्छ । यस वर्ष अघिल्ला वर्षको तुलनामा दिविल ३ (स्वास्थ्य) मा भएको खर्च (११.४ प्रतिशत) पनि उल्लेखनीय रहेको छ। समग्रमा ३ आर्थिक वर्षको हेर्दा बजेट खर्च अंश दिविल १ (गरिबीको अन्त्य), दिविल २ भोकमरीमा घटिरहेको देखिन्छ भने दिविल १७ दिगो विकासका लागि साझेदारीमा वृद्धि भएको देखिन्छ ।

## ३.७ प्रदेशको समग्र बजेटमा दिविल साङ्केतीकरण कार्यान्वयनको अवस्था

दिबिलको साङ्केतीकरण कार्यमा धेरै कठिनाइ रहेका छन्। मन्त्रालयगत बजेटमा विस्तृत कार्यक्रम उल्लेख भएको भएमात्र सही साङ्केतीकरण गर्न सकिन्छ। विद्यमान साङ्केतीकरण स्थिति र पूर्ण साङ्केतीकरण गर्दाको स्थितिको अध्ययन गर्दा साङ्केतीकरणमा धेरै अस्पटता रहेको देखिन्छ। विद्यमान साङ्केतीकरणलाई हेर्दा सबैभन्दा कुल बजेटको दिबिल कोड (१) मा आर्थिक वर्ष २०७७/७८ मा करीव तीस प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा करिब सत्ताइस प्रतिशत रहेको छ भने शून्य भोकमरीमा कोड (२) मा दुवै आर्थिक बर्षमा बजेट विनियोजन भएको देखिँदैन तर पूर्ण साङ्केतीकरण गर्दा दिबिल कोड (१) मा आर्थिक वर्ष २०७७/७८ मा ३.६ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा २.२ प्रतिशत रहेको छ भने भोकमरीको अन्त्यको कोड (२) मा आर्थिक वर्ष २०७७/७८ मा १५.७ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा १४.१ प्रतिशत बजेट विनियोजन भएको छ। यही प्रवृत्तिले दिबिल कोड ९ (उद्योग, नवीन खोज र पूर्वाधार), दिबिल कोड ११ (दिगो शहर र बस्तीहरू) र दिबिल कोड १७ (दिगो विकासका लागि साझेदारी) मा पनि अधिक प्रतिशत भार बोकेको देखिन्छ। अन्य दिबिल कोडले समेत धेरथोर प्रतिशतमा भए पनि यही प्रवृत्तिलाई पछ्याएको देखिन्छ। तर स्वास्थ्य (३), शिक्षा (४), उर्जा (७) आदि जस्तो साङ्केतीकरण गर्दा प्रस्टै पहिचान रहेका कोडमा खास समस्या रहेको देखिँदैन ।

## तालिका १९: दिविल अनुसारको बजेट पूर्ण साङ्केतीकरण गर्दाको र विद्यमान साङ्केतीकरणको तुलनात्मक स्थिति

| दिबिल लक्ष्य कोड | दिबिलका लक्ष्य | पूर्ण साङ्केतीकरण गर्दाको स्थिति प्रतिशतमा | | विद्यमान साङ्केतीकरणको स्थिति प्रतिशतमा | |
|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| | | बजेट | बजेट | बजेट | बजेट |
| ० | साङ्केतीकरण नगरिएको | - | - | ५.४ | ४.७ |
| १ | गरिबीको अन्त्य | ३.६ | २.२ | ३०.३ | २६.८ |
| २ | शून्य भोकमरी | १५.७ | १४.१ | ० | ० |
| ३ | स्वस्थ जीवन | ९.२ | ९.३ | ९.२ | १०.२ |
| ४ | गुणस्तरीय शिक्षा | २.६ | २.८ | २.४ | ३.३ |
| ५ | लैङ्गिक समानता | ०.४ | ०.१ | ५.९ | २.२ |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | ६.९ | ७.४ | ० | ० |
| ७ | आधुनिक ऊर्जामा पहुँच | २.२ | ३.१ | १.५ | ० |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | २.२ | २.६ | १५.१ | २५.९ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | २६.८ | २६.१ | ३.८ | २.७ |
| १० | असमानता न्यूनीकरण | ० | ० | ०.५ | ३.८ |
| ११ | दिगो शहर र बस्तीहरू | ११.५ | १२.३ | ० | ० |
| १२ | दिगो उपभोग तथा उत्पादन | ० | ० | ०.१ | ०.३ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ०.७ | १.४ | १०.६ | १५.६ |
| १५ | भूसतह स्रोतको उपयोग | ३.७ | ३.५ | १.७ | ०.७ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ४.३ | ५. | १.२ | २.१ |
| १७ | दिगो विकासका लागि साझेदारी | १०.० | १०.१ | २.३ | १.८ |
| जम्मा | | १०० | १०० | १०० | १०० |

*स्रोत: म.ले.नि.का., २०७८/७९, प्र.ले.नि.का.,२०७८/७९*

अध्याय- ४

# दिगो विकासका लक्ष्यअनुसार खर्चको खोजीनिती (मामिला अध्ययन)

## ४.१ पृष्ठभूमि

कर्णाली प्रदेशमा विगत वर्षहरूमा केही सुधार देखिए पनि कर्णालीको विकासको समग्र दिगो विकासका आधार तथ्याङ्क सूचकहरूको अवस्था सामान्य रहेको देखिन्छ। जनसङ्ख्याको ठूलो हिस्सा, विशेष गरी महिलाहरू गरिब र अशिक्षित छन्, कृषि उत्पादन कमजोर छ, संरचना पर्याप्त छैनन् र अवसरहरूमा न्यून पहुँच छ। यसकारण स्वास्थ्य, शिक्षा र स्रोतसाधनमा गुणस्तरीय प्रगति हुन सकेको छैन।

## ४.२ प्रदेशमा गरिबी र भोकमरीको अवस्था र विश्लेषण

आर्थिक स्रोतको समान वितरण र पहुँचको अभाव, शिक्षामा पर्याप्त प्राथमिकताको अभाव र भौगोलिक विकटताका कारण अन्य प्रदेशहरूको तुलनामा कर्णाली प्रदेशमा आर्थिक उन्नति सहज हुन नसक्दा गरिबीको दुश्चक्र अझै मजबुत रहेको पाइन्छ। राष्ट्रिय स्तरको उपभोगमा आधारित गरिबी दर २५.१ रहँदा कर्णालीको गरिबी दर ३८.८ रहेको छ। यस प्रदेशमा ३५.३ प्रतिशत बालवालिकाहरू गरिब छन् भने अन्तर्राष्ट्रिय स्तरमा प्रचलित प्रतिदिन १.९ अमेरिकी डलरभन्दा कम आय भएकाको जनसङ्ख्या २७.१ प्रतिशत रहेको छ। प्रतिव्यक्ति प्रतिदिन (क्रयशक्ति क्षमताका आधारमा) १.९ डलरको आधारमा जनसङ्ख्याको प्रतिशत २७.५४ रहेको छ भने बहुआयामिक गरिबी सूचक दर प्रतिव्यक्ति ०.२३ मात्र रहेको छ। यस प्रदेशको बहुआयामिक गरिबी (जनसङ्ख्या प्रतिशतमा) ३९ छ भने राष्ट्रिय गरिबी रेखामुनि रहेका बालबालिकाहरूको सङ्ख्या (५ बर्ष मुनि) ४८.०५ प्रतिशत रहेको छ।

नेपालमा क्षेत्रफलका हिसाबले कर्णाली प्रदेश सबैभन्दा ठुलो (कुल भुभागको १६.६ प्रतिशत) रहेको छ भने उक्त जमिनको ११.१ प्रतिशतमा खेती गर्ने गरिएको छ । खेती योग्य जमिनमध्ये ७३ प्रतिशतमा मात्र खेती गरिएको छ। यस प्रदेशको कुल भूभागमध्ये ४७ प्रतिशत हिमाली, ४८ प्रतिशत

पहाडी र ५ प्रतिशत भूभाग चुरे क्षेत्रमा रहेको छ। कर्णाली प्रदेशमा २८ प्रतिशत नागरिकहरू खाद्य जोखिममा छन् भने ७ प्रतिशत नागरिकहरू उच्च खाद्य जोखिममा रहेका छन् ।

खेती योग्य जमिनको जम्मा ३१.५ प्रतिशत मात्र सिञ्चाइको सुविधा भएकाले यस प्रदेशले अक्सर खाद्य समस्या भोग्दै आएको छ। प्रत्येक वर्ष १६.८ हजार मेट्रिक टन खाद्यान्न कमी रहँदै आएको छ। त्यसै गरी, राष्ट्रिय औसत खाद्यान्न उत्पादन १९७ के.जी र कर्णालीको प्रतिव्यक्ति खाद्य उत्पादन १८५ के.जी मात्र छ। औसतमा साना खाद्य उत्पादकहरूको वार्षिक आय पनि कमै (जम्मा रू. २८,१०२) रहेको छ । करिब ६३.१ प्रतिशत (राष्ट्रिय औसत ४४ प्रतिशत छ) जनसङ्ख्याले कुल उपभोगको दुई तिहाइ भाग खाद्यमा खर्च गर्ने गरेको पाइन्छ।

## ४.३ अध्ययनको उपलब्धि एवं व्याख्या

### ४.३.१ दिविल १: गरिबीको अन्त्य

#### (क) बजेट विनियोजन तथा खर्च

आर्थिक वर्ष २०७८/७९मा दिविल १ अन्तर्गत प्रदेशस्तरबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयमार्फत कुल बजेटको २.१५ प्रतिशत (रू. ८२.८ करोड) यस क्षेत्रमा विनियोजन भएको देखिन्छ। सो विनियोजित रकमको यस आर्थिक वर्ष मा ४३.२ प्रतिशत खर्च गरिएको थियो।यस दिबिलमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मात्रै ८७.१ प्रतिशत (रू ७२.०८ करोड) विनियोजित रकममध्ये ७४.६६ प्रतिशत (रू २६ कारोड) खर्च भएको देखिन्छ । यस दिबिलअन्तर्गत मुख्यमन्त्री आयआर्जन कार्यक्रमले मात्र १७.८ करोड रकम खर्च गरेको देखिन्छ ।

#### (ख) मुख्य कार्यक्रम

यस क्षेत्रका सम्पूर्ण कार्यकम सञ्चालन गर्ने एकाइहरूमार्फत लक्षित आयआर्जन कार्यक्रम, आयआर्जन प्रबर्द्धन कार्यक्रम सम्पन्न गरिएका थिए। यस अध्ययनका लागि उक्त कार्यक्रमहरूमध्ये मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम खर्च खोजीनिती मा केन्द्रित गरिएको छ।

#### (ग) कार्यान्वयन

वीरेन्द्रनगर नगरपालिकाले मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रमको लागि वित्तीय समानीकरण अनुदान मार्फत १६ करोड ५० लाख प्राप्त गरेको देखिन्छ। जसमध्ये ११ करोड ५२ लाख खर्च गरेको देखिन्छ ।समानीकरण अनुदानमार्फत वीरेन्द्रनगर नगरपालिकाले प्राप्त गरेको रकम मुख्यमन्त्री

रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रमअन्तर्गत ७ करोड २७ लाख विनियोजन गरिएको मा ७७.७ प्रतिशत अर्थात् ५ करोड ६४ लाख खर्च गरिएको थियो । (स्रोतः आर्थिक वर्ष २०७८/७९ को वार्षिक समीक्षा प्रतिवेदन, वीरेन्द्रनगर नगरपालिका)

### (घ) आय आर्जनमा देखिएको प्रभाव

वित्तीय समानीकरण अनुदानमार्फत प्राप्त रकम विभिन्न टुक्रे कार्यक्रममा बाडफाँड गरेको पाइयो । शहरी क्षेत्रभन्दा ग्रामीण भेगमा गरिबी अधिक रहेकाले, ग्रामीण क्षेत्रमा साना साना कार्यक्रम बनाई बजेट विनियोजन गरिएको पाइयो । कतिपय कार्यकम सञ्चालनमा आउन सकेका छैनन् र सञ्चालन भएका कार्यकमहरूले पनि सकारात्मक परिणाम पनि ल्याउन सकेको देखिँदैन। हुनत गरिबी मापन तत्काल गर्न सकिँदैन। त्यसैले यी कार्यकमले कस्तो असर गरिरहेको छ ठ्याक्कै भन्न सकिँदैन।

## ४.३.२ दिबिल २ः भोकमरीको अन्त्य

### (क) बजेट विनियोजन तथा खर्च

आर्थिक वर्ष २०७८/७९मा दिविल २ अन्तर्गत प्रदेश स्तरबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मत्रालय, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयमार्फत कुल बजेटको १४.१ प्रतिशत (रू. ५४३.९ करोड) यस क्षेत्रमा विनियोजन भएको देखिन्छ। सो विनियोजित रकमको यस आर्थिक वर्ष मा ७५.४ प्रतिशत खर्च गरिएको थियो। यस दिबिलमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट मात्रै ५०.७ प्रतिशत (रू २७५.७ करोड) विनियोजित रकम मध्ये ७७.८ प्रतिशत (रू २०९.७८ कारोड) खर्च भएको देखिन्छ। यस दिबिलअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा "सिञ्चाइ संरचना निर्माण कार्यक्रम" मा मात्र विनियोजित रकमको ४८ प्रतिशत रकम (रू २६१.४ करोड) विनियोजन भएको छ भने १९३.७ करोड रकम खर्च भएको देखिन्छ।

### (ख) मुख्य कार्यक्रम

यस दिबिल २ लाई सम्बोधन गर्ने थुप्रै स-साना कार्यकमहरू सञ्चालन भएका छन्। यी कार्यकमहरू प्रदेश, जिल्ला तथा स्थानीय तहहरूले सञ्चालन गरेका छन्। तटबन्ध तथा बाँध निर्माण, बहुक्षेत्रीय पोषण कार्यक्रम, सिञ्चाइ संरचना निर्माण, कृषि उत्पादन वृद्धि कार्यक्रम, तरकारी उत्पादन, दुग्ध प्रवर्द्धन कार्यकम, पशुपन्छी व्यवसायिक कृषि उत्पादन आदि दिबिल २ लाई सम्बोधन गर्ने धेरै कार्यकमहरू रहेका छन् । यी कार्यक्रम मध्ये यस अध्ययनको लागि उक्त कार्यक्रहरूमध्ये "सिञ्चाइ संरचना निर्माण कार्यक्रम" को खर्च खोजीनितीमा केन्द्रित गरिएको छ ।

### (ग) कार्यान्वयन

आठबिस नगरपालिकाले "सिञ्चाइ संरचना निर्माण कार्यक्रम" का लागि वित्तीय समानीकरण अनुदानमार्फत १० लाख प्राप्त गरेको देखिन्छ जसमध्ये ९ लाख ९१ हजार खर्च गरेको देखिन्छ । समानीकरण अनुदानमार्फत आठबिस नगरपालिकाले प्राप्त गरेको रकम "नाके डाँडादेखि सल्ली डाँडा सिँचाई कुलो योजना" अन्तर्गत खर्च गरेको थियो । जसबाट ६५ घरपरिवार लाभान्वित भएका छन् भने करिब १० रोपनी सिञ्चाइ भएको छ।

### (घ) कृषि उत्पादनमा देखिएको प्रभाव

प्रदेश सरकारले ५० लाखभन्दा माथिका कार्यक्रमहरू, जिल्लाका ४० लाखसम्मका कार्यक्रमहरू, स्थानीय तहका ५ देखि ७ लाखका कार्यक्रमहरू सञ्चालन गर्ने नीति बनेपछि कृषिको व्यवसायीकरण भयो; साना सिञ्चाइका लागि विभिन्न स्थानमा कुलोको निर्माण भयो। यसको फलस्वरूप कृषि क्षेत्रमा उत्पादकत्व वृद्धि भएको छ । तरकारी खेती, टमाटर उत्पादन, वाख्रापालन, भैँसीपालन कार्यक्रम भएका स्थानमा यसमा सहभागी गाउँका कृषकहरूले लाभ प्राप्त गरेको देखिएको छ । "नाके डाँडा देखि सल्ली डाँडा सिञ्चाइ कुलो योजना" को सिराखोला जलविद्युत् योजनाको पानीको स्रोत एउटै रहेकाले उनीहरूबीच राम्रो समन्वय भएको देखिन्छ ।

## ४.४ मुख्य सूचनादाता अन्तर्वार्ता तथा समूह छलफलका केही अंशको सङ्क्षिप्त निष्कर्ष

### कर्णाली प्रदेशमा दिविल १ र २ का लागि कार्यक्रम

केन्द्रको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आधार बनाएर कर्णाली प्रदेशमा विशेष गरी भोकमरी र गरिबीलाई हटाउन मुख्यमन्त्री रोजगार कार्यक्रम चलिरहेको छ | यस कार्यक्रमअन्तर्गत विभिन्न सिप विकासका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्| यस कार्यक्रमको लागि १ अर्बभन्दा बढी छुट्याइएको छ | यसले केही हदसम्म दिविलप्राप्तिको लागि सहयोग पनि पुर्याएको छ, अरु कार्यक्रमको तुलनामा यसको अलि ठुलो प्रभाव देखिन्छ | माछापालन, मौरीपालन, बङ्गुरपालन गरेर कतिपय व्यक्तिहरूको स्तरोन्नति भएको कुरा अन्तर्वार्ताबाट थाहा भयो |

**“कार्यक्रमहरू कै तुलना गर्ने हो भने, मुख्यमन्त्री रोजगार कार्यक्रमले दिविलको लक्ष्य १ हासिल गर्न अलि ठुलो प्रभाव पारेको छ |”** -प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय

तर यसमा पनि बजेट विनियोजन पूर्ण रूपले वैज्ञानिक र तथ्याङ्कमा आधारित नभएको पाइयो, यसको मतलब आवश्यकताअनुरूप बजेट विनियोजनको कमी रहेको पाइयो ।

त्यस्तै यस प्रदेशमा सञ्चालन भइरहेको अर्को प्रभावकारी कार्यक्रम भनेको ब्याज अनुदान कार्यक्रम हो, जसका लागि आर्थिक मामिला मन्त्रालयले बैङ्कहरूसँग सम्झौता गरेको छ र समयसमयमा अनुगमन पनि गरिरहेको हुन्छ । तर यस कार्यक्रममा पनि केही चुनौतीहरू देखिए; जस्तै, गरिब र आशिक्षित व्यक्तिहरूलाई बैङ्किङ् प्रक्रियाहरू पूरा गर्न निकै अप्ठ्यारो भएको पाइयो ।

चुनौतीकै कुरा गर्दा केन्द्रबाट समयमा नै बजेट पठाए पनि प्रदेशबाट नै जिल्ला र स्थानीय तहमा बजेट बाँडफाँड गर्न ढिला भएकाले कतिपय समयमा बजेट फ्रिज भएको जानकारी पनि अन्तर्वार्ताबाट आयो ।

## सुर्खेतमा फेरियो कृषिको मुहार

सुर्खेतमा करिब तीन चार वर्षअघि ३० देखि ३५ प्रतिशत जग्गा बाँझो भैसकेको थियो र मान्छेहरू ज्यादै अल्छी भइसकेका थिए। गोरु पाल्न पनि छाडिसकेका थिए। तर नेपाल सरकारले कृषिमा दिएको अनुदानले धेरै नै परिवर्तन गरेको पाइयो। मेलमिलाप सहकारीका (नाम परिवर्तित) सदस्यहरू भन्छन्, "गोरु नभए कसरी खेत जोत्ने? मान्छेले धान पनि रोप्न छोडिसकेका थिए। तर निर्देशनालयबाट कृषि हाते ट्याक्टर अनुदान आएपछि अहिले बाँझो जग्गा भन्ने छैन"।

सुरुमा कृषकहरूले तरकारी खेती गर्न नमान्ने अनि आफ्नै परम्परागत खेती गर्ने भएकोले आधा कठ्ठामा आधा-आधा गरी तरकारी र मकै नै खेती गर्न अनुरोध गरेको भन्दै मेलमिलाप सहकारीका



सदस्यहरु बताउँछन्। उनीहरूले त्यही आधा तरकारी खेती गर्ने जमिनमा पनि आधामा काँक्रो र आधामा बोडी खेती गर्न लगाएका थिए। यसरी ट्रायल गर्न लगाउँदा मकैको उत्पादन चार-पाँच पाथी मात्र उत्पादन भयो र रू ५० प्रति पाथीका दरले दुई-चार सय रूपैंया मात्र कमाई भयो भने काक्राबाट पाँच हजार र बोडीबाट दुई हजार कमाई भएको थियो । यो प्रयोग पछिमात्र कृषकहरू तरकारी खेतीप्रति आकर्षित भए। अहिले भने धेरै कृषकहरूले तरकारी खेती व्यवसायिक रूपमा नै गर्न थालेका छन्। "अहिले सहकारीसँग आबद्ध कृषकहरूले मात्र वार्षिक ६०/७० लाखको तरकारीको कारोबार गर्नुहुन्छ" भन्दै मेलमिलाप सहकारीका एकजना सदस्यले थप बिस्तारमा बताए। यस ठाउँमा बीउविजनको समस्या नभएको तर पानीको समस्या रहेको पाइयो र हिउँदमा

पानी पाउने र समयमा मलखाद पाउने भए अझ धेरै कृषकको जीवनस्तरमा सुधार गर्न सकिने कुरा पनि समूह छलफलबाट प्रस्ट भयो । "यस क्षेत्रमा कृषकहरूको जीवनस्तरमा तरकारी खेती गर्नभन्दा पहिले र अहिलेको अवस्थामा धेरै नै परिवर्तन भएको छ"- छलफलका एक सहभागी भन्छन।

यस क्षेत्रमा काक्रा, बोडी खेती गर्ने भएकोले विषादीको धेरै प्रयोग छैन त्यसैमा पनि वातावरणप्रति कृषकहरू सचेत छन् भनी सहकारीका सदस्यहरूले बताए। तर यस ठाउँमा रासायनिक मल र सिञ्चाइको भने अलि समस्या भएको पाइयो।

यी सकारात्मक पक्षहरूसँगै केही ध्यान पु-याउनुपर्ने कुराहरू पनि छलफल तथा अन्तरवार्ताबाट आएका छन्। जस्तै, कुनै ठाउँमा कृषकहरूले अरूले कार्यक्रम पाएर आफुले नपाएको भन्दै जबर्जस्ती कार्यक्रम लाने तर काम नगर्ने प्रवृत्ति देखियो। आफ्नो आवश्यकताभन्दा अरुको देखासिकी गर्नेले केही काम गर्न नसकेको छलफलबाट थाहा पाइयो। कृषकमा जबसम्म चेतना र इच्छाशक्तिको विकास हुँदैन तबसम्म कार्यक्रम सफल हुँदैन भन्ने सिलसिलामा समूह छलफलमा भनिएको थियो।

"जमिन हुँदैमा कृषक हुँदैन, त्यसैले सही कृषक पहिचान, उसको चाहना र उसको रुचि आदि अध्ययन गरेर मात्र लक्षित कार्यक्रमहरू लाने हो भने मात्र दिविलका लक्ष्यहरू प्राप्त गर्न मद्दत पुग्ने देखिन्छ"।

### केही प्रयास धेरै चुनौती: बारेकोट

जाजरकोटको बारेकोट गाउँपालिकामा भोकमरी एक जटिल समस्याका रूपमा रहेको देखिन्छ। उत्पादन पर्याप्त नहुने र मानिसहरूमा कृषिप्रति त्यति साह्रै लगाव नभएपछी उक्त क्षेत्र अझ बढी जोखिममा परेको छ। यसै सिलसिलामा गाउँपालिकाका कर्मचारी भन्छन- यहाँ २ बाली लगाइन्छ तर त्यस उत्पादनले २-३ महिना पनि खान पुग्दैन। यहाँ आफूले गरेको उत्पादनले ६ महिना खान पुग्ने जम्मा १० प्रतिशत परिवार मात्र होलान; तर यस ठाउँमा प्रयासहरू नै नभएका पनि होइनन। गाउँपालिकाले कृषि क्षेत्रमा अनुदान दिएको छ, जस्तै फलफूल खेतीको लागि अनुदान दिनुका साथै आधुनिक बीउबिजनहरू पनि वितरण गरिरहेको छ। कतिपय मानिसहरूले उक्त बीउविजनको सही उपयोग नगरेका कुरा पनि छलफलमा आए। गाउँपालिकाका एक सदस्य भन्छन्- "हामी किसानहरूलाई गहुँदेखि मकैका आधुनिक बीउसमेत दिन्छौं, तर उनीहरूले बीउनै पिसेर रोटी बनाएर खाइदिन्छन्; अझै चेतनाको कमी छ।

त्यस्तैगरी गाउँपालिकाका किसानहरूले किवीको खेती धेरै गर्ने गरेको र उत्पादनसमेत बढी हुनेगरेको भएतापनि बजार व्यवस्थापन राम्रो नभएको कुरा छलफलका क्रममा गाउँपालिकाका सदस्यहरूले बताए। भौगोलिक विकटताका कारण विशेषगरी वर्षायाममा यातायातको निकै समस्या हुने गरेको कुरा छलफलबाट थाहा भयो। यसैगरी यस गाउँपालिकामा साझेदारीमा आधारित ऋण जोखिम बिमा कार्यक्रम सञ्चालन कार्यविधि निर्माण नभएको पाइयो|

त्यसैगरी, त्यस ठाउँमा हिउँदमा युवाहरू वैदेशिक रोजगारको लागि भारत जाने हुनाले दक्ष जनशक्तिको अभावले गर्दा कति कार्यक्रमहरू कार्यान्वयन गर्नमा चुनौती देखियो। यी समस्याहरूलाई मध्यनजर गर्दै त्यस ठाउँमा गरिबी अन्त्य गर्न र दिविलको लक्ष्य प्राप्ति गर्नको लागि मुख्य गरी कृषिलाई आधुनिकीकरण गर्न जरुरी रहेको सरोकारवालाहरूले बताए। तर धेरैजसो बजेट र कार्यक्रमहरू पूर्वाधार विकासमा लक्षित भएकाले भोकमरी र गरिबी अन्त्यमा लक्षित कार्यक्रमहरू ओझेलमा परेको पाइयो।

“हाम्रोमा भोकमरीको अन्त्य र गरिबी निवारणलाई मात्र लक्षित गरिएका कार्यक्रमहरू धेरै छैनन्। बजेटको हिसाबले बाटोघाटोलगायत पूर्वाधारलाई लक्षित गरिएका कार्यक्रम धेरै छन्”- स्थानीय तहका एक कर्मचारी बताउँछन्।

## ४.५ निष्कर्ष

कर्णाली प्रदेशको दिविल १ र २ को खर्च खोजीनिती विश्लेषण गर्दा यस प्रदेशमा गरिब लक्षित कार्यकम, मुख्यमन्त्री रोजगारी, प्रधानमन्त्री रोजगारी कार्यक्रमजस्ता दिविल १ केन्द्रित कार्यक्रमहरू राम्रोसँग सञ्चालन भएको पाइयो । प्रदेशको दीर्घकालीन सोच "समृद्ध कर्णाली सुखी कर्णालीवासी" अनुसार बनाउने सोच सकारात्मक दिशातर्फ उन्मुख भएको पाइन्छ। दिविल २ केन्द्रित कार्यक्रमहरू जस्तै सिञ्चाइ, कृषि सामग्री, बीउबिजन, पाल वितरण कार्यक्रमले सकारात्मक परिबर्तन भएको पाइयो। सिञ्चाइका कार्यक्रमहरू सञ्चालन गर्ने नीति बनेपछि कृषिको व्यवसायीकरण हुनुका साथै साना सिञ्चाइहरू निर्माण हुँदा कृषि क्षेत्रमा उत्पादकत्व वृद्धि भएको छ। त्यसैगरी यी कार्यक्रमहरूले तरकारी खेती, टमाटर उत्पादन, बाखापालन, भैंसीपालन कार्यक्रम भएका स्थानका गाउँका यसमा सहभागी कृषकहरूले राम्रो आयआर्जन गरेको देखिएको छ। यस प्रदेशका कार्यक्रमहरूमा पूर्वाधार विकासमा बजेट केन्द्रित रहेकोले दिगो विकास लक्ष्य १ र २ मा आधारित कार्यकमहरू आवश्यकताअनुसार बजेट विनियोजनमा कठिनाइ रहेको देखिन्छ ।

अध्याय- ५

# बजेट विनियोजन, हस्तान्तरण र खर्चसम्बन्धी समस्या र समाधान

बजेट सार्वजनिक वित्त व्यवस्थापनको अभिन्न अङ्ग हो। प्राथमिकता र सिद्धान्त निश्चित गरी राजनीतिक दस्तावेजका रूपमा सरकारको नीति तथा कार्यक्रम तर्जुमा गरिन्छ। प्रदेशका मन्त्रालय तथा निकायबाट खर्च भएको रकम प्रदेश लेखा नियन्त्रण कार्यालयबाट आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षकबाट अन्तिम लेखा परीक्षण गरी मूल्याङ्कन गर्ने गरिन्छ। यस क्रममा कर्णाली प्रदेशको खर्च प्रतिशतको स्थितिलाई हेर्दा विनियोजित रकमको तुलनामा विगत ३ वर्षमा करिब ५० प्रतिशतको हाराहारीमा मात्र खर्च भएको देखिन्छ। विभिन्न प्रतिवेदनको स्थितिलाई अध्ययन गर्दा विविध समस्याहरू रहेका छन्। यस प्रदेशमा बजेट विनियोजन, हस्तान्तरण, कार्यान्वयनका चरणहरूमा देखिएका समस्याहरू तल उल्लेख गरिएका छन्ः

## ३.५.१ बजेट विनियोजनमा देखिएका मुख्य समस्या

१) योजना छनौट प्रक्रियालाई सही ढङ्गले प्राथमिकीकरण गर्न नसक्नु,

२) आयोजना बैङ्क नहुनु,

३) अत्यधिक टुक्रे, साना र अनुदानमुखी आयोजनाका कारण प्रदेशका ठूला तथा महत्त्वपूर्ण कार्यक्रमका लागि बजेट विनियोजनमा असन्तुलन रहनु,

४) बजेट निर्माणको अन्तिममा हुने राजनीतिक हस्तक्षेप रोक्न नसक्नु,

५) माग र प्रमाणमा आधारित बजेट निर्माण नहुनु,

६) उत्पादनमा आधारित बजेट अनुदानको पद्धति नहुनु,

७) समयमा नै अख्तियारी प्रदान गर्न नसक्नु,

८) जनशक्तिको अभाव हुनु,

९) बारम्बार कर्मचारीहरूको सरुवा हुनु,

१०) सङ्घीयताको मर्मअनुरूप कानुनी र संरचनागत व्यवस्था समयमा हुन नसक्नु,

११) स्थानीय निकाय र प्रदेश सरकारबिच समन्वयको अभाव हुनु,

१२) सङ्घ र प्रदेशको कार्यक्षेत्रका बारेमा बारम्बार द्विविधा देखा पर्नु,

१३) सङ्घीय सरकार र प्रदेश सरकारबिच समन्वयको विलम्बता,

१४) जानकारीको अध्ययन, अनुसन्धान र समन्वयको अभावका कारण बजेटमा दोहोरोपना रहनु,
१५) कार्यक्रमहरू सोझै स्थानीय तहलाई विनियोजन हुन नसक्नु,
१६) सार्वजनिक खरिद प्रणालीमा रहेको प्रक्रियागत कठिनाइ,
१७) विज्ञ तथा सरोकारवालाहरूसँगको घनीभूत छलफलपछि बजेट तर्जुमा गर्ने अभ्यास हुन नसक्नु ।

## ३.५.२ बजेट हस्तान्तरणमा देखिएका मुख्य समस्याहरू

१) खर्च गर्ने एकाइलाई बजेट हस्तान्तरण सँगसँगै खर्च गर्ने मापदण्ड प्रदान गर्न नसक्नु,
२) खर्च गर्ने एकाइलाई हस्तान्तरित बजेटबारे समयमा जानकारी नहुने ।

## ३.५.३ बजेट कार्यान्वयमा देखिएका मुख्य समस्याहरू

१) दक्ष जनशक्तिको अभाव, विशेष गरी विकट स्थानीय तह/ठाउँहरूमा, जसले गर्दा निर्धारित कार्यक्रमहरू सञ्चालनमा अवरोध,
२) आयोजनाको अनुपातमा प्राविधिक जनशक्ति पर्याप्त नहुँदा खर्चमा दक्षता नहुनु,
३) संस्थागत कार्यक्षमता कम हुँदा खर्च बढाउन कठिनाइ हुनु,
४) भौगोलिक विकटताले समयमा कार्यकम सञ्चालन हुन नसक्नु,
५) अनुगमन तथा मूल्याङ्कन फितलो रहनु,
६) राजनीतिक प्रतिबद्धताको पालनामा अभाव,
७) कोभिडका कारण खर्च कम हुनु,
८) बजेट कार्यान्वय मार्गदर्शन अक्षरशः पालना नहुनु,
९) खरिद कानुन झन्झटिलो रहनु,
१०) प्रदेशको राजनीतिक स्थायित्व नहुनु ।

प्रदेश नयाँ संरचना भएकाले यसको अभ्यास, संस्थागत क्षमता विकास र वित्तीय सङ्घीयताको कार्यान्वयन प्रभावकारी हुनसकेको छैन। यस प्रदेशका बजेट कार्यान्वयमा देखिएका अन्य समस्याहरू निम्नानुसार रहेको पाइन्छः

१) मन्त्रालयगत कार्ययोजना नहुनु,
२) अख्तियारीमा समस्या रहनु,
३) मार्गदर्शनको प्रभावकारी कार्यान्वय नहुनु,
४) नियमित अनुगमन नहुनु,
५) प्राप्त बजेट खर्च नहुँदै थप बजेट माग गर्ने प्रवृत्तिमा वृद्धि हुनु,
६) वित्तीय अनुशासनमा समस्या हुनु,
७) उद्देश्यभन्दा बाहिर बजेट संशोधन गर्ने प्रवृत्तिमा वृद्धि हुनु,
८) गैर-बजेटरी खर्चमा बढोत्तरी हुनु,

९) अर्थ मन्त्रालयको सुझाव विना नै मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने प्रवृत्तिमा वृद्धि हुनु,

१०) सुरुमा अनिवार्य दायित्वका शीर्षकमा बजेट विनियोजन नगरी पछि थप निकासा माग गर्ने प्रवृत्तिमा वृद्धि,

११) टुक्रे कार्यक्रममा बजेट विनियोजनको अवस्थामा वृद्धि,

१२) अनुसन्धान विना अनुदान दिने प्रवृत्तिमा वृद्धि।

अध्याय - ६

# दिगो विकास लक्ष्यका सूचकहरूको प्रगति

## ६.१ सरकारी खर्चले दिविलमा ल्याएको परिवर्तन

प्रदेशमा विनियोजित बजेटको खर्चको अवस्था त्यति सन्तोषजनक नदेखिएको भएपनि यसको प्रतिफल भने क्षेत्रअनुसार मिश्रित रहेको पाइएको छ। दिविलको लक्ष्यअनुसार क्षेत्रगत रूपमा भएको खर्च र त्यस खर्चको उपलब्धिअनुसार विगत चार आर्थिक वर्ष मा भएको मुख्य प्रगतिलाई साङ्केतिक रूपमा निम्नानुसार तालिकामा समेटिएको छ।

### तालिका २० : कर्णाली प्रदेशमा सरकारी खर्चले दिविलमा ल्याएको परिवर्तनको सारांश

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधार रेखा | चार आर्थिक वर्ष का मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| १: गरिबीको अन्त्य | गरिबी निवारण, सहकारी | १) गरिबीको रेखामुनि रहेको जनसङ्ख्या<br>२) बहुआयामिक गरिबी सूचकाङ्क<br>३) प्राकृतिक प्रकोपबाट जन धनको क्षति | १) गरिब तथा विपन्न लक्षित बर्ग विशेष कार्यकम<br>२) मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यकम<br>३) दलित समुदायको सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम | १)गरिब तथा विपन्नर्गको चाहना तथा माग बमोजिम कार्यकम भएकोले यस्ता बर्गका कृषकहरू कृषि पेसामा आकर्षित भएको स्वरोजगार तथा आत्मनिर्भर बनेकोले आम्दानीमा वृद्धि<br>२)स्थानीय पूर्वाधार निर्माणमा सहयोग, बेरोजगारी दरमा क्रमशः न्यूनीकरण हुने<br>३) आर्थिक वर्ष २०७५/७६ मा ३३३६ जना दलित अपाङ्ग तथा बिपन्न वर्ग सिपमूलक तालिम तथा सिपजन्य सामग्री वितरण | |
| २. भोकमरीको अन्त्य | कृषि तथा पशुपन्छी विकास, पोषण, सिंचाइ | १) पुड्कोपनाको व्यापसता<br>२) भूमि तथा कृषि उत्पादकत्व<br>३) बर्षैभरि सिञ्चाइ उपलब्ध | १)कृषि सिञ्चाइ बजेडा आली पुदाल खोला देखि सम्ल्या आली सिञ्चाइ कुलो, सिञ्चाइ प्रणाली | १) RCC कुलो तथा तटबन्ध ०.२७८ किमी निर्माण तथा १२३ घरधुरी लाभान्वित<br>२) ७१०मिनीटिलर/पावर टिलर तथा बाली कटानी/ढुवानीमा प्रयोग | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधार रेखा | चार आर्थिक वर्ष का मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| | | हुने खेतीयोग्य क्षेत्र | निर्माण<br>२)कृषि यान्त्रीकीकरण कार्यकम | हुने मेसेनरी औजार वितरण भएको, पशुपन्छीतर्फ ११० वटा च्याफकटर, ५२ वटा दुध दुहुने मेसिन तथा अन्य मेसिनरी औजार वितरण भएको | |
| ३. स्वस्थ जीवन | स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण | १) मातृमृत्यु दर (प्रति लाखमा)<br>२) दक्ष स्वास्थ्यकर्मीवाट सुत्केरी गराउने<br>३) पूर्ण खोप प्रतिशत<br>४) ३० मिनेटको दुरीमा स्वास्थ्य सेवाको पहुँच प्राप्त परिवारको प्रतिशत | १) विशेष स्वास्थ्य सिबिर सञ्चालन<br>२) स्वास्थ्य सेवा संस्थाहरूको वृद्धि<br>३) क्षयरोग, कुष्ठरोग,औलो, HIV, कालाजार आदि बिरामीहरूको पहिचान गरी उपचारको दायरामा ल्याउने<br>४) समुदायिक/सहरी स्वास्थ्य एकाइहरू को स्थापना | १) जम्मा३९ स्थानमा ३३०३३ जना लाई स्वास्थ्य सेवा उपलब्ध गराइएको<br>२) ५१६ बटा स्वास्थ्य सेवा संस्थाहरूको वृद्धि गरी, सेवामा जनसङ्ख्याको पहुँच बढेको<br>३) क्षयरोगका १२२३, कुष्ठरोगका ६५,औलोका २५३, HIV का २८ , कालाजारका १६६ जना बिरामीहरूको पहिचान गरी उपचारको दायरामा आएका<br>४) ५० स्थानमा समुदायिक/सहरी स्वास्थ्य एकाइहरू स्थापना भएका | |
| ४. शिक्षा र सामाजिक विकास | शिक्षा, समावेशीकरण, युवा, भाषा संस्कृति | १) प्राविधिक तथा व्यावसायिक शिक्षामा महिलाको भर्ना अनुपात<br>२) सक्षरता दर | १) बिद्यालयहरू भौतिक पूरवाधारहरूको स्तर उन्नति तथा गुणस्तरमा सुधार<br>२) बालविकास केन्द्रहरूको विकास गर्ने | १) २०८ बटा बिद्यालयहरूको भौतिक पूर्वाधारहरूको गुणस्तरमा सुधार गरिएको, १६५ विद्यालयहरूका ४६२ वटा कक्षाकोठा थप निर्माण भएको<br>२) २४ वटा बालविकास केन्द्र नमुनाको रूपमा विकास भएको | |
| ५. लैङ्गिक समानता | महिला सशक्तीकरण, जेष्ठ नागरिक संरक्षण, बालबालिका | १) १५ वर्ष मुनिका विवाहित किशोरीको अनुपात<br>२) श्रममा महिला | १)अपाङ्गता भएका व्यक्तिहरूको सिप तथा क्षमता विकास कार्यक्रम<br>२) छोरी बुहारी | १) आर्थिक वर्ष २०७५/७६ मा १४० जना अपाङ्गता भएका व्यक्तिहरूलाई सिप विकास तालिममार्फत व्यवसायिक दक्षता प्राप्त गरेका<br>२) प्राविधिक डिप्लोमा अध्ययन | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधार रेखा | चार आर्थिक वर्ष का मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| | | सहभागिताको दर<br>३) प्रदेश प्रतिनिधि सभामा महिलाको प्रतिशत | छात्रवृत्ति कार्यक्रम | गर्ने १७७ जनाले छोरी बुहारी छात्रवृत्ति प्राप्त गरेका | |
| ६.स्वच्छ पानी र सरसफाइ | खानेपानी र सरसफाइ | १) सुरक्षित खानेपानी प्रयोग गर्ने जनसङ्ख्या (प्रतिशत)<br>२) शौचालयको प्रयोग गर्ने जनसङ्ख्याको प्रतिशत | १) आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने<br>२)सामुदायिक सहभागितामा सरसफाइलाई अभियानको रूपमा सञ्चालन गर्ने | १) ८१प्रतिशत परीवारलाई आधारभुत खानेपानी सुविधा पुगेको<br>२) ८० प्रतिशत परीवारले सुधारिएको सरसफाई सुविधा प्राप्त गरेको | |
| ७. दिगो उर्जा व्यवस्थापन | जलविद्युत्, सौर्य उर्जा, बायोग्यास | १) विद्युतको पहुँच पुगेको जनसङ्ख्या<br>२) विद्युत् उपभोग (kw-hr) | १) कर्णाली उज्यालो कार्यक्रम<br>२) तक्सुगाड जलविद्युत् आयोजना | १) दुर्गम स्थानमा ग्रामीण विद्युतीकरणको पहुँच विस्तार भई ७० प्रतिशत घरपरिवारको पहुँच भएको<br>२) आयोजना पहिचान भएको | |
| ८. पर्यटन | पर्यटन, सङ्ग्रहालय, होमस्टे | १) प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन<br>२) वित्तीय सेवामा पहुँच<br>३) बेरोजगार दर<br>४)जीवन बिमा गरेकाको प्रतिशत | १)पर्यटन प्रवर्धन कार्यकम/पर्यटन विकास | १) पर्यटन प्रवर्धनका लागि गुरु योजना निर्माण गरी कार्यन्वयनमा रहेका पर्यटकीय पदमार्गहरूको विकास भएको<br>२) ३३ बाट होमस्टेको सञ्चालन, १०० बटा पर्यटकीयस्तरका होटलहरू सञ्चालन, | |
| ९. उद्योग, पूर्वाधार | सडक, पुल, औद्योगिक क्षेत्र, खानी र खनिज पदार्थ | १) सडक घनत्व<br>२) कालोपत्रे गरेको सडक लम्बाई<br>३)मोबाइल नेटवर्कको पहुँच पुगेको जनसङ्ख्या | १) झोलुङ्गे पुल कार्यक्रम<br>२)रत्नराजमार्ग देखि शान्तिनगर कटुवा हुँदै बुद्बुदी कृषि सडक | १)झोलंगे पुल निर्माण तथा सम्भाव्यता अध्ययन<br>२) २१.४९ किमी बाटो निर्माण भएको, २८ किमी बाटो मर्मत भएको, १६९४ परिवार लाभान्वित भएका | |
| १०. | | १) जिनी गुणाङ्क | १) सबैको बैङ्क | १) ५४ प्रतिशत बि न पा | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधार रेखा | चार आर्थिक वर्ष का मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| असमानता घटाउने | | २) कृषक परिवारमा लघुवित्तीय संस्थाको पहुँच | खातामा पहुँच | घरपरिवारको बैक खातामा पहुँच पुगेको | |
| ११. दिगो र उत्थानशील बस्ती विकास | भवन निर्माण, सहरी पूर्वाधार विकास, आवास, पार्क | १) सुरक्षित घरमा बसोबास गर्ने घरपरिवार<br>२) सुरक्षित र भरपर्दो यातायातको उपलब्धता<br>३) योजनाबद्ध नयाँ सहरको विकास<br>४) प्राकृतिक विपत्तिबाट हुने दुर्घटना र मृत्यु | १) जनता आवास, विपन्न घर र एकीकृत बस्ती विकास कार्यकम<br>२) सरकारी भवन, आवास तथा सामुदायिक भवन निर्माण र मर्मत कार्यकम | १एकिकृत बस्ति विकास अन्तर्गत ( आबस निर्माणको कार्य भएको<br>२) सरकारी भवन निर्माण र मर्मत भएको | |
| १२. दिगो उत्पादन र उपभोग | | १) खाद्यान्न उत्पादनको लागि भूमिको प्रयोग<br>२) वार्षिक प्रतिव्यक्ति खाद्य उपभोग | | | |
| १३. जलबायु परिवर्तन र प्रभाव नियन्त्रण | विपद न्यूनीकरण तथा व्यवस्थापन, बाढी भबिष्यबाणी, नदी नियन्त्रण, जल उत्पन्न प्रकोप | १) प्राकृतिक विपत्तिबाट आर्थिक नोक्सानी<br>२) जलबायु अनुकूलन नमुना गाउँ<br>३) जलवायु अनुकूलन खेती<br>४) जलवायु अनुकूलनमा तालिम प्राप्त व्यक्तिहरू | १)वातावरण अध्ययनका लागि सामग्री खरिद<br>२) जलवायु परिवर्तनसम्बन्धी जनचेतनामूलक डकुमेन्ट्री निर्माण | १) वातावरण अध्ययनका लागि सामग्रीहरू खरिद भएको<br>२) जलवायु परिवर्तनसम्बन्धी जनचेतनामूलक डकुमेन्ट्री निर्माण हुने | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधार रेखा | चार आर्थिक वर्ष का मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| १५. बन तथा जैविक विविधताको दिगो उपभोग तथा संरक्षण | वन वन पैदावार, जैविक विविधता, | १) कुल क्षेत्रफ़लमा बन जङ्गलको क्षेत्रफ़ल<br>२) थप वृक्षारोपण | १) एकीकृत जलाधार व्यवस्थापन कार्यकम<br>२) वृक्षारोपण कार्यक्रम | १) ३०० भन्दा बढी तटबन्ध तथा बाँध निर्माण भएका खेतीयोग्य जमिन संरक्षण भएको, नदीकटान नियन्त्रण तथा बायो इन्जिनियरिङ् कार्य व्यापक भएको<br>२) २६१.१ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको | |
| १६. सुशासन, शान्ति र समावेशी समाज | कानुन, शान्ति, न्याय, सेवा प्रवाह, क्षमता विकास, संस्थागत विकास, सार्वजनिक खर्च तथा वित्त व्यवस्थापन, राजस्व, आर्थिक मामिला, सूचना तथा सञ्चार | १) पारदर्शिता र जवाफदेहिता<br>२) सार्वजनिक सेवामा सेवाग्राहीको सन्तुष्टिको प्रतिशत<br>३) सार्वजनिक संस्थाको निर्णय प्रक्रियामा महिलाको नेतृत्वको अनुपात | १) हाम्मा कुडा हाम्मा मुख्यमन्त्री गुनासो सुनुवाई अभिमुखीकरण कार्यक्रम सञ्चालन<br>२) कर्मचारीको क्षमता विकास कार्यक्रम | १) ३६५ वटा जनगुनासोहरूको सुनुवाइ तथासुझाव कार्यन्वयन<br>२) ४६ जना प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूको क्षमता विकाससम्बन्धी तालिम प्रदान गरिएको | |
| १७. दिगो विकासको लागि साझेदारी | प्रदेश र स्थानीय तहको साझेदारी | १) प्रदेश बजेटमा कर राजस्वको योगदान प्रतिशत<br>२) इन्टरनेटको घनत्व (प्रति सय व्यक्तिमा)<br>३) साझेदारी सहभागिता | -प्रदेशबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण | -गाउँपालिका र नगरपालिकाले सञ्चालन गरेका विशेष गरी सडक, भवन निर्माण, खेल मैदान निर्माण, तथा बस्ती निर्माणका कार्यक्रम | |

हरियोः लक्ष्य प्राप्त गरेको, पहेंलोः लक्ष्य उन्मुख, रातोः लक्ष्य प्राप्त गर्न कठिन, (पुरै तथ्याङ्क उपलब्ध भएपछि तालिका अद्यावधिक गरिने, हाललाई उपलब्ध तथ्याङ्कको आधारमा मात्र तयार गरिएको)

अध्याय - ७

# निष्कर्ष तथा सुझाव

## ७.१ निष्कर्ष

संविधानले प्रदेशका आफ्ना अधिकार क्षेत्रभित्रको आर्थिक–सामाजिक, प्राकृतिक, मानवीय स्रोत र साधानहरू परिचालन गर्न प्रदेशलाई समुन्नत बनाउने उत्प्रेरणा दिएको छ। प्रदेशले आर्थिक वर्ष २०७५/७६ देखि हाल आर्थिक वर्ष २०७९/८० सम्ममा आफूलाई परिष्कृत गर्दै संरचनागत रूपमा स्थापित गर्दै लगेका छन्। त्यसैले प्रदेशमा बजेट विनियोजन, साधन र स्रोतको प्रवाह, खर्च व्यवस्थापन कार्यक्रमहरूको तर्जुमा एवम् कार्यान्वयन संस्थागत क्षमता आदिमा क्रमशः सुधार तथा दक्षता हासिल हुँदै आएको देखिन्छ।

सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू हासिल गर्न प्रदेश सरकारको भूमिका महत्त्वपूर्ण रहन्छ। दिविल बारेमा बुझाइ, कार्यान्वयन र आम जनतासम्म यसको प्रतिफल पुर्याउने कार्यमा प्रदेशको कार्यदक्षता महत्त्वपूर्ण रहन सक्दछ। प्रदेशको आफ्ना आवश्यकता, उपलब्ध साधन स्रोत, आर्थिक, सामाजिक रुपान्तरणको विद्यमान प्रयासमा दिविलको अवधारणा समावेश गरिएको छ। प्रदेशका योजना तथा प्राथमिकतासँग दिविल आन्तरिकीकरण गर्न प्रयास गरिएको छ। त्यसैले प्रदेशले आफ्ना अधिकार क्षेत्रभित्र रहेर बनाएका योजना मध्यमकालीन खर्च संरचना र बजेटले तय गरेका प्राथमिकता दिएका कार्यक्रमहरूलाई दिविलको कोडअनुसार बजेटमा दिइएको प्राथमिकता बजेट विनियोजन र खर्चको तादाम्यता मिल्यो कि मिलेन भन्ने कुरा हेर्नु जरुरी छ। दिविलसम्बन्धी प्रदेशगत सार्वजनिक खर्चको खोजीनिती (Tracking) गर्दा यसै दृष्टिकोणलाई आधार मानिएको छ।

दिविलसँग सम्बन्धित सार्वजनिक खर्चको खोजीनिती गर्दा एक अर्कामा अन्तरसम्बन्धित ३ वटा उद्देश्यहरूलाई लिइएको छ। (१) प्रदेश सरकारले विनियोजन गरेको बजेट एवम् खर्चलाई दिविलअनुसार कोड गरिएको अवस्थाको विश्लेषण गर्ने (२) दिविल प्राप्तिका लागि स्रोत विनियोजन, हस्तान्तरण तथा कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान गर्ने (३) दिविलको उपलब्धिहरूको विश्लेषण गर्ने र विद्यमान समस्याहरूको दक्षतापूर्ण रूपमा समाधान गर्न योग्य सुझावहरू दिने। उपरोक्त उद्देश्यहरू पूरा गर्नका लागि प्रदेशले तर्जुमा गरेका र कार्यान्वयनमा ल्याएका कानुनी एवम् संरचनात्मक अवस्था, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, बजेट, स्रोतको परिचालन र प्रवाह आदिबारे प्राप्त प्रतिवेदनहरूको विश्लेषण, स्थलगत अवलोकन, पदाधिकारी एवम् कार्यान्वयन गर्ने

निकायहरूसँगको छलफल, प्रमुख उत्तरदाताहरूसँगको अन्तरवार्ता, लाभग्राहीहरूसँग समूहगत छलफल जस्ता विधिहरू प्रयोग गरिएको थियो।

कर्णाली प्रदेशमा मुलुकको सबैभन्दा ठुलो भूभाग रहेको छ । यसको कुल क्षेत्रफ़ल ३०,२११ वर्ग कि. मी. रहेको छ जुन नेपालको कुल भूभागको २१.६ प्रतिशत हो । उक्त भूभागमध्ये १३.२ प्रतिशत मात्र खेती योग्य भूमि रहेको छ । कुल भूभागमध्ये हिमाली क्षेत्रमा ४७ प्रतिशतमध्ये पहाडी क्षेत्रमा ४८ प्रतिशत र चुरे क्षेत्रमा ५ प्रतिशत भूभाग रहेको छ यस प्रदेशमा २५वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी जम्मा ७९ स्थानीय निकाय रहेका छन् ।जनगणना २०२१ को प्रारम्भिक तथ्याङ्कअनुसार कर्णाली प्रदेशमा १६,९४,८८९ जनसङ्ख्या रहेका छ जुन कुल जनसङ्ख्याको ५.८१ प्रतिशत हो।

यस प्रदेशमा मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा दिविलअनुसार बजेट कोड प्रविष्ट गर्ने व्यवस्था छ। पर्याप्त तालिमको अभाव, दक्ष कर्मचारीको अभाव, एवम् PLMBIS आफैंमा जटिल र कार्यक्रमहरू प्रविष्ट गर्न समय लाग्ने भएका कारण दिविलअनुसार कोड दिँदा पर्याप्त ध्यान दिन सकेको देखिँदैन। फलस्वरूप करिब एक तिहाइ बजेट एवम् खर्चलाई दिविलअनुसार कोड दिन सकिएन। यस अध्ययनबाट प्राप्त निष्कर्ष अनुसार पछिल्ला आर्थिक वर्षहरूमा दिविलअनुसार कोड दिने कार्यमा गुणस्तरीयता बढ्दै गएको देखिन्छ। खर्च गर्ने क्षमता पनि बढ्दै गएको देखिन्छ। गरिबीको अन्त्य, असमानता न्यूनीकरण र दिगो उपभोग तथा उत्पादनका लक्ष्यहरूसँग सम्बन्धित कार्यक्रमहरू केन्द्रित, स्पष्ट र गुणस्तरीय हुन नसक्दा यसमा गरिएको खर्च न्यून अथवा गणना योग्य हुन सकेको छैन। त्यसैले यस सार्वजनिक खर्च खोजीनिती सर्वेक्षणमा कार्यक्रम एवम् बजेट शीर्षकअनुसार पुनः दिविल अनुसार साङ्केतीकरण गरी यसको गुणस्तरलाई बढाउने र प्रदेश सरकारलाई प्रेरणा दिने प्रयत्न गरिएको छ।

कर्णाली प्रदेशको दिविल १ र २ को खर्च खोजीनिती विश्लेषण गर्दा यस प्रदेशमा गरिब लक्षित कार्यकम, मुख्यमन्त्री रोजगारी, प्रधानमन्त्री रोजगारी कार्यक्रमजस्ता दिविल १ केन्द्रित कार्यक्रमहरूले राम्रोसँग सञ्चालन भएको पाइयो। प्रदेशको दीर्घकालीन सोंच "समृद्ध कर्णाली सुखारी कर्णालीवासी" अनुसार बनाउने सोच सकारात्मक दिशातर्फ उन्मुख भएको पाइन्छ। दिविल २ केन्द्रित कार्यक्रमहरू जस्तै सिञ्चाइ, कृषि सामग्री, बीउबिजन, पाल वितरण कार्यक्रमले सकारात्मक परिवर्तन भएको पाइयो । सिञ्चाइका कार्यक्रमहरू सञ्चालन गर्ने नीति बनेपछि कृषिको व्यवसायीकरण हुनुका साथै साना सिञ्चाइहरू निर्माण हुँदा कृषि क्षेत्रमा उत्पादकत्व वृद्धि भएको छ। त्यसैगरी यी कार्यक्रमहरूले तरकारी खेती, टमाटर उत्पादन, बाख्रापालन, भैंसीपालन कार्यक्रम भएका स्थानमा गाउँका यसमा सहभागी कृषकहरूले राम्रो आय आर्जन गरेको देखिएको छ। यस प्रदेशका कार्यक्रमहरूमा पूर्वाधार विकासमा बजेट केन्द्रित रहेकोले दिगो विकास लक्ष्य १ र २ मा आधारित कार्यकमहरू आवश्यकताअनुसार बजेट विनियोजनमा कठिनाइ रहेको देखिन्छ। समग्रमा दिविल २ उल्लेख्य

वित्तीय र भौतिक प्रगति भएकोमा र दिविल १ मा दुवैतर्फको प्रगति सामान्यतया सन्तोषजनक रहन कठिनाइ रहेको देखिन्छ।

प्रदेशको आन्तरिक स्रोतको आयतन आवश्यक कार्यको तुलनामा निकै सानो भएको र सरकारका सबै अङ्गहरू सञ्चालन गर्न र आर्थिक सामाजिक रुपान्तरणका कार्यहरू गर्न प्रयाप्त साधन-स्रोत नभएको तथ्य छलफल र अन्तरवार्ताको क्रममा पटकपटक प्रस्तुत भएका थिए। तीनै तहका सरकारका कार्यहरू जनताले बुझ्ने गरी स्पष्ट नभएका कारण पनि साझेदारीमा समस्या भएको कुराहरू समुदायसँगको छलफलमा पहिचान भएका थिए। समूहगत छलफल, प्रमुख जानकारीदातासँगको अन्तवार्ता र अवलोकनबाट प्राप्त तथ्यका आधारमा समस्याहरूलाई निम्नानुसार सङ्क्षेपीकरण गरिएको छ।

१) बजेट तर्जुमा मध्यमकालीन खर्च संरचना तर्जुमाजस्ता कार्यहरू प्रक्रिया पूरा गर्नका लागि उपयोगी रहने तर वास्तविक रूपमा बजेटरी प्रक्रियालाई सुधार गर्न महत्त्वपूर्ण रूपमा ध्यान दिइएको देखिएन। बजेट तर्जुमा गर्दा स्थानीय सरकारसँग कम समन्वय भएको पाइयो ।

२) दिविलको बारेमा सुने, बुझेको पाइयो तर कार्यान्वयन तहमै लैजान आवश्यक पर्ने बुझाइ कार्यक्रम तय गर्ने क्रममा ज्ञान, सिप, बजेटमा साङ्केतीकरण गर्ने मार्ग निर्देशन, प्राथमिकीकरणमा परेका कार्यक्रम भएका संस्था वा कार्यान्वयन गर्ने एकाइहरूमा राम्रै बुझाइ रहेको पाइयो भने दिविल ३ र १६ सम्बन्धी कार्यहरूबारे निकायहरूमा तालिम छलफल कम भएको पाइयो।

३) सम्बन्धित निकायसँगको छलफल र प्रमुख उत्तरदातासँगको छलफलमा उक्त अख्तियारी प्राप्त गर्न कार्यक्रम र मन्त्रालयअनुसार एक महिनादेखि ३ महिना समय लाग्ने जानकारी प्राप्त भयो। अख्तियारी प्राप्त भए पनि कार्यान्वयनमा लैजानको लागि थप समय लाग्ने कुरा बताइएको थियो।

४) सालवसाली कार्यक्रमहरू कार्यान्वयन गर्न तुलनात्मक रूपमा सजिलो र छिटो हुने भए पनि नयाँ कार्यक्रमहरू कार्यान्वयन गर्न केही समय लाग्ने बताइयो। नयाँ कार्यक्रमको लागि कार्यविधि बनाउनु पर्ने, कार्यान्वयनको मोडालिटी तयार गर्नुपर्ने आदि कारणले ढिलो हुन जाने देखियो।

५) बजेट अनुमोदनपछि कार्यान्वयन गर्नुपर्ने सशर्त, समपूरक अनुदानका विनियोजित बजेट प्राप्त हुन नसकेको कुरा स्थानीय सरकारहरूबाट सुनियो र प्रदेशले कार्यान्वयन गर्ने र अनुगमन कसले गर्ने भन्ने कुरा स्पष्ट नहुँदा कार्यान्वयनको गुणस्तर कमजोर रहेको कुरा छलफलबाट प्राप्त भयो। सशर्त अनुदानका सर्तहरूले कार्यक्रम कार्यान्वयन गर्न जटिल भएको र कार्यान्वयन गर्न नसकिएकोले रकम फिर्ता जाने समस्या रहेको पाइयो।

६) कर्मचारी सरुवा भइरहने, आवश्यक तालिमको अपर्याप्तता, अपर्याप्त जनशक्ति अभाव, प्रशासनिक लामो प्रक्रिया आदि साझा समस्याका रूपमा रहेको पाइयो। त्यसैले बजेट तर्जुमा सांकेतीकरण, कार्यान्वयन, खर्च र उपलब्धिमा अपेक्षाकृत सफलता कम रहेको पाइयो।

७) बजेट, खर्च, उपलब्धि बारेमा रेकर्ड राख्ने तथा सार्वजनिक गर्ने खालका परिपाटीमा समस्या देखिए। तथ्याङ्कहरू व्यवस्थित छैनन् भने भएका तथ्याङ्कहरूको तुलना गर्दा कतिपय नमिल्ने देखिएकोले तथ्याङ्कको गुणस्तरीयतामा दुविधा हुने देखियो।

८) कतिपय कार्यक्षेत्र र अधिकारका सन्दर्भमा दोहोरो अवस्था अथवा थप व्याख्याको अवस्था देखा पर्दा स्थानीय स्रोत साधन परिचालन गर्न कठिनाइ भएको थप स्रोतहरूको पहिचान गर्न नसकिएको जस्ता समस्याहरू देखियो।

९) प्रदेशका संरचनाले अझ पनि आफ्नो स्पष्ट स्वरूप निर्धारण गर्न सकेको छैन। मन्त्रालयहरू परिवर्तन भइरहेका छन्। कार्यक्षेत्र परिवर्तन भइरहेका छन्। समेटिएका कार्यक्षेत्रहरूमा पनि क्षेत्रअनुसार ज्ञान अनुभव भएका कर्मचारीहरूको वितरण ठिक ढङ्गले नहुँदा र अप्रयाप्त हुदा कार्यान्वयनमा निकै समस्या देखिएको छ।

१०) कानुनी आधार, कार्यक्षेत्र, बजेट योजना तर्जुमालाई यथार्थपरक, कार्यान्वयनयोग्य, नतिजामूलक र आवश्यकतामा आधारित बनाई समग्र प्रणालीसँग जोड्न नसकिएको तथ्यहरू पनि छलफलबाट प्राप्त भएका थिए।

## ७.२ सुझाव

१) दिविलअनुसार कार्यक्रमको समूह निर्धारण गरी सोअनुरूप बजेट विनियोजनको सन्तुलन मिलाउन उपयुक्त हुने।

२) दिविल दीर्घकालीन लक्ष्य भएकाले त्यसैअनुसारका कार्यक्रमहरू तयार गर्नुपर्ने। टुक्रे र छरिएका कार्यक्रमले खासै प्रतिफल दिन नसक्ने भएकाले कतिपय कार्यक्रमहरू एकत्रित गर्न र कार्यान्वयनमा ल्याउने।

३) आम जनताले बुझ्ने गरी तीन तहका सरकारको काम कर्तव्य र अधिकार स्पष्ट हुनुपर्ने। दोहोरोपन हटाउनुपर्ने। बजेट तर्जुमाको समयमा तीनै तहका सरकारले समन्वय, सहकार्य र छलफल गर्नुपर्ने।

४) सिप र दक्षतायुक्त कर्मचारीको व्यवस्था गर्नुपर्ने र त्यसका लागि आवश्यक तालिम, व्यावहारिक ज्ञान, सिप, प्रविधिसम्बन्धी सिप दिनुपर्ने तथा प्रोत्साहनयुक्त प्रभावकारी कार्य सम्पादन कार्यान्वयन गर्नुपर्ने।

५) बजेट तर्जुमा मध्यमकालीन खर्च संरचनालाई बजेटरी सुधार प्रक्रियाको रूपमा कार्यान्वयन गरी नतिजामूलक बजेटरी प्रक्रियामा जानुपर्ने। कार्यान्वयन योग्य योजना र निर्माणलाई ध्यान दिने।

६) परियोजना बैङ्कमा परियोजनाहरूको विस्तृत कार्ययोजना तयार गरी प्रभावकारी कार्यान्वयन हुनुपर्ने।

७) तथ्याङ्कहरूको सङ्कलन, संरक्षण, उपयोग र सुलभ रूपमा उपलब्ध हुने व्यवस्था सुनिश्चित गर्नुपर्ने। अनुसन्धान र वस्तुगत रूपमा कार्यक्रमहरूको तर्जुमा गर्नका लागि उपलव्ध तथ्याङ्कहरूको उपयोग गर्ने।

८) स्थानीय जनशक्तिको विकास र उपयोगमा विशेष ध्यान दिनुपर्ने।

९) कतिपय कार्यक्रमहरू स्थानीय तहसँग दोहोरो पर्न गएका सामान्यतः टुक्रे कार्यक्रमहरू स्थानीय तहलाई नै जिम्मा दिन उपयुक्त हुने।

१०) सङ्घीय सरकारका जति संरचना छन् त्यति नै प्रदेश सरकारका संरचना बनाउदै जाँदा सेवाप्रवाह झन् लागतमुखी हुने, दोहोरोपन हुने, कार्यक्षेत्र अस्पष्ट हुन जाने समस्या देखापर्ने भएकाले छरितो स्पष्ट कार्यदिशा भएको र सेवामुखी संरचना बनाउन उपयुक्त हुने।

११) छुट्टै अधिकार र संरचना भएको सङ्घीय सरकारमा रहेका समस्याहरू सुरुदेखि नै हटाउन सकिने हुँदाहुदै पनि त्यसको उपयोग नगरी सङ्घीय सरकारमा भएका समस्याहरू प्रदेश सरकारतिर पनि सर्ने अवस्था देखिएकाले त्यसमा समयमै सुधार गर्नुपर्ने।

१२) प्रदेशको आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक कार्यक्रमको प्रमुख प्रगति सूचकमा तादाम्यता कायम गर्नुपर्ने।

१३) राजनीतिक तथा अन्य तवरबाट बजेट विनियोजनमा प्रभाव कम हुनुपर्ने।

१४) दिविल १, ८, १० र १२ सम्बन्धी ठोस कार्यक्रमहरू समावेश गरिनु पर्ने।

१५) ठुला र रूपान्तरणकारी कार्यक्रमहरूको तयारी गर्दा दिविलका एकभन्दा धरै लक्ष्य छुने हुँदा प्रत्येक लक्ष्य माथिको विनियोजन र खर्चप्रतिशत तथा समग्र प्रभावबारे उल्लेख गरिनुपर्ने।

## सन्दर्भ सामाग्री


१) अर्थ मन्त्रालय (२०७६). आर्थिक सर्वेक्षण २०७६/७७. काठमाडौंः नेपाल सरकार, अर्थ मन्त्रालय।

२) अर्थ मन्त्रालय (२०७७). आर्थिक सर्वेक्षण २०७७/७८. काठमाडौंः नेपाल सरकार, अर्थ मन्त्रालय।

३) अर्थ मन्त्रालय (२०७८). आर्थिक सर्वेक्षण २०७८/७९. काठमाडौंः नेपाल सरकार, अर्थ मन्त्रालय।

४) राष्ट्रिय योजना आयोग (२०७५-२०७९). मध्यमकालीन खर्च संरचना २०७५-७६,२०७६-७७,२०७७-७८, २०७८-७९. काठमाडौं: नेपाल सरकार, राष्ट्रिय योजना आयोग।

५) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७९). दिगो विकास लक्ष्यको सांङ्केतीकण स्रोत पुस्तिका, २०७९. काठमाडौ: नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

६) कर्णाली प्रदेश सरकार (२०७८). आर्थिक सर्वेक्षण २०७८/७९. सुर्खेतः कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय।

७) कर्णाली प्रदेश सरकार (२०७६-२०७९). मध्यमकालीन खर्च संरचना २०७६/७७,२०७७/७८, २०७८/७९. सुर्खेतः कर्णाली प्रदेश सरकार, कर्णाली प्रदेश योजना आयोग।

८) कर्णाली प्रदेश सरकार (२०७६). वार्षिक प्रगति पुस्तिका २०७५/७६. सुर्खेतः कर्णाली प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय।

९) कर्णाली प्रदेश सरकार (२०७७). वार्षिक प्रगति पुस्तिका २०७६/७७, सुर्खेतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय।

१०) कर्णाली प्रदेश सरकार (२०७५-२०७९). बजेट वक्तव्य २०७५/७६, २०७६/७७, २०७७/७८, २०७८/७९. सुर्खेतः प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय।

११) कर्णाली प्रदेश सरकार (२०७९). वार्षिक प्रतिवेदन २०७८/७९. सुर्खेतः प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय।

१२) कर्णाली प्रदेश सरकार (२०७७). प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१). सुर्खेतः कर्णाली प्रदेश योजना मन्त्रालय।

१३) कर्णाली प्रदेश सरकार (२०७५-२०७८). कर्णाली प्रदेश सरकारको आर्थिक बर्ष २०७५/७६, २०७६/७७, २०७७/७८ को एकीकृत वित्तीय विवरणको प्रतिवेदन. सुर्खेत: कर्णाली प्रदेश सरकार, प्रदेश लेखा नियन्त्रण कार्यालय।

१४) कर्णाली प्रदेश सरकार (२०७७). वार्षिक बजेट तथा कार्यक्रम २०७७-७८. सुर्खेतः सामाजिक विकास मन्त्रालय।

१५) कर्णाली प्रदेश सरकार (२०७८). सामाजिक विकास मन्त्रालयबाट सम्पादित प्रमुख कार्य एवं उपलब्धिहरू २०७८. सुर्खेत प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय।

१६) वीरेन्द्रनगर नगरपालिका (२०७९). मध्यकालीन खर्च संरचना (आर्थिक वर्ष २०७९/८०-२०८१/८२). सुर्खेतः वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कर्णाली प्रदेश

१७) वीरेन्द्रनगर नगरपालिका (२०७९). आर्थिक वर्ष २०७८/८९ को वार्षिक समीक्षा. सुर्खेतः वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कर्णाली प्रदेश।

१८) राष्ट्रिय योजना आयोग (२०२१). बहुआयामिक गरिबी सूचक- २०२१. काठमाडौंः राष्ट्रिय योजना आयोग ।

१९) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (२०२२). नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण - २०२२ काठमाडौंः नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

२०) राष्ट्रिय योजना आयोग (२०२०). नेपाल मानव विकास प्रतिवेदन -२०२० काठमाडौंः नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।

२१) केन्द्रीय तथ्याङ्क (२०२१). उत्पादनमुलक उद्योगको विश्लेषणात्मतमक प्रतिबेदन-२०२१. काठमाण्डौः केन्द्रीय तथ्याङ्क विभाग ।

२२) NPC, (2020). Nepal Sustainable Development Goals progress assessment report 2016-19. Kathmandu: National Planning Commission, Government of Nepal.

# अनुसूची १ः तथ्याङ्क सङ्कलन गर्ने प्रश्नावली

**नेपालमा दिगो विकास लक्ष्यसम्बन्धी प्रदेशगत सार्वजनिक खर्च खोजीनिती सर्वेक्षणः कर्णाली प्रदेश**

[SDG Based Public Expenditure Tracking Survey (PETS) of Karnali Province, Nepal]

**दिगो विकास लक्ष्य १ र २ सँग सम्बन्धी प्रश्नावली**

**मुख्य/समूह सूचनादाताको जानकारी**

| | | | |
|---|---|---|---|
| **नाम:** | १.<br>२.<br>३.<br>४. | **तह:** | १.<br>२.<br>३.<br>४. |
| **प्रदेश/स्थानीय तह:** | | | |
| **जिल्ला:** | | | |
| **अन्तरवार्ता मिति:** | | **फोन:** | |

**मन्जुरी फाराम**

मैले यस अध्ययनको उद्देश्य र यसको उपादेयताबारे स्पष्ट बुझेको छु। यसमा मैले स्वैच्छिक रूपमा यस अध्ययनको उत्तरदाताको रूपमा जाने बुझेको सबै जानकारीहरू दिने निर्णय गरेको हुँ। यसमा मलाई कुनै जोखिम नरहेको बुझेको छु। मलाई कुनै द्विविधा रहेमा यस अध्ययनका टोली संयोजकसँग बुझ्न सक्छु।

सूचनादाताको हस्तक्षारः १) ............. २............. ३............... ४...................

छापिएको नामः ...................

मितिः .......................

अन्तरवार्ता लिनेको हस्ताक्षरः.................... नामः ...........................

**अ. दिविल १ सँग सम्बन्धी प्रश्नावली –गरिबीको अन्त्य**

**सेवा प्रदायकको लागि (KII)**

१) विगत चार वर्ष देखि दिविलको लक्ष्य १ अथवा गरिबीको अन्त्य गर्ने क्षेत्रका कार्यक्रमहरू कसरी पहिचान गरी सञ्चालन गरिएको छ? ती कार्यक्रमहरूले दिविलको उद्देश्य पूरा गर्न के कस्तो सहयोग पुगेको छ? (KII सबै सेवा प्रदायक)

(अति गरिबीको अन्त्य, प्रति व्यक्ति आय वृद्धि, गरिबीको रेखामुनि रहेको जनसङ्ख्यालाई आधा बनाउने, जलवायु अनुकूलन आर्थिक सामाजिक विकास, आर्थिक स्रोतमा समान अवसर, स्रोतको प्रभावकारी परिचालन, स्वास्थ्य तथा सामाजिक सुरक्षा, सहकारीको पहुँच र विकास, प्राकृतिक प्रकोपबाट प्रभावितको लागि राहत, लैङ्गिक विकास, सामाजिक सुरक्षा नीति, वित्तीय बजार अनुगमन, प्रभावकारी आर्थिक तथा वित्तीय संस्थाको स्थापना, योजनावद्ध र व्यवस्थित आप्रवास नीति, विशेष सहुलियत उपचार पद्धति, विप्रेषणमा कम लागतबारे विस्तृत जानकारी लिने)

२) वर्तमान सङ्घीय संरचनाअनुरूप प्रदेशमा गरिबीको अन्त्य गर्ने क्षेत्रमा वित्तीय स्रोतको प्रवाहबारे जानकारी

| |
|---|
| गराउन सक्नुहुन्छ? अनुमोदित बजेट प्रक्रिया पुरा गरी खर्च गर्ने एकाइसम्म आइपुग्न कति समय लाग्छ? (खर्च गर्ने एकाइ मात्र) |
| ३) गरिबीको अन्त्य गर्ने क्षेत्रका ती कार्यक्रमहरू तथा यिनको सञ्चालनका लागि छुट्टयाइएको बजेटको पर्याप्तता बारे बताउन सक्नुहुन्छ? यदि अपर्याप्त रहेको भए कारणहरू बताउन सक्नुहुन्छ? (सबै) |
| ४) गरिबीको अन्त्य गर्ने क्षेत्रमा सञ्चालित कार्यक्रमहरूमध्ये कुन कार्यक्रमले बढी र कुन कार्यक्रमले कम उद्देश्यअनुरूप उपलब्धि हासिल गरेका छन्? यस उपलब्धिले दिविलको लक्ष्य प्राप्तिमा कस्तो सहयोग पुगेको अनुमान गर्नु भएको छ? (मन्त्रालय र स्थानीय तह स्वास्थ्य शाखा) |
| ५) गरिबीको अन्त्य गर्ने क्षेत्रका लागि विनियोजित बजेट समयमै प्राप्त भएको थियो? यदि नभएमा के के कारणले सो प्राप्त हुन नसकेको हो? ((मन्त्रालय र स्थानीय तह स्वास्थ्य शाखा) |
| ६) गरिबीको अन्त्य गर्ने क्षेत्रका कार्यक्रम तर्जुमा तथा विनियोजित बजेटको खर्च गर्दा आइपरेका समस्याहरू बताउन सक्नुहुन्छ? (प्रदेशका सबै र स्थानीय तह)(सबै)(नीति-नियम, खरिद प्रक्रिया, टेन्डर, संयुक्त स्वीकार्यताबारे विस्तृत जानकारी लिने) |
| ७) ती कार्यक्रमहरूले समाजको परिवर्तनमा कस्तो प्रभाव रहेको पाउनुभएको छ? दिविलको लक्ष्य प्राप्तिका लागि हालका कार्यक्रम पर्याप्त छन्? वा सो प्राप्तिको लागि के कस्तो प्रयास आवश्यक रहेको छ? (सबै) |
| **लाभग्राहीको लागि मात्र (FGD)**<br>१) प्रदेशको बजेटमार्फत् सञ्चालित गरिबीको अन्त्य गर्ने क्षेत्रका (दिविल सम्बन्धित) कार्यक्रमहरूले यस समुदायको आर्थिक सामाजिक सुधारमा कस्तो योगदान पुर्याएको छ?<br><br>२) अति गरिबीको अन्त्य, प्रति व्यक्ति आय वृद्धि, गरिबीको रेखामुनि रहेको जनसङ्ख्यालाई आधा बनाउने, जलबायु अनुकूलन आर्थिक सामाजिक विकास, आर्थिक स्रोतमा समान अवसर, स्रोतको प्रभावकारी परिचालन, स्वास्थ्य तथा सामाजिक सुरक्षा, सहकारीको पहुँच र विकास, प्राकृतिक प्रकोपबाट प्रभावितको लागि राहत, लैङ्गिक विकास, सामाजिक सुरक्षा नीति, वित्तीय बजार अनुगमन, प्रभावकारी आर्थिक तथा वित्तीय संस्थाको स्थापना, योजनाबद्ध र व्यवस्थित आप्रवास नीति, विशेष सहुलियत उपचार पद्धति, विप्रेषणमा कम लागतबारे विस्तृत जानकारी दिन सक्नुहुन्छ?<br><br>३) दिगो रूपमा गरिबी अन्त्यका लागि हालसम्म सञ्चालित कार्यक्रमहरूले यस क्षेत्रका गरिबीको अन्त्य गर्ने सम्बन्धी जटिलताहरू निराकरण गर्दै लगेका छन् ? (दिविल विशेष कार्यक्रमहरूको विस्तृत जानकारी लिने) |
| **आ. दिविल २ सँग सम्बन्धी प्रश्नावलीः दिगो कृषि प्रवर्द्धनद्वारा भोकमरीको अन्त्य** |

| |
|---|
| **सेवा प्रदायकको लागि (KII)**<br>१) प्रदेशमा आवश्यक दिगो कृषि प्रवर्द्धनद्वारा भोकमरी अन्त्यका लागि के कस्ता कार्यक्रमहरू गरिएका छन्? (सबैका लागि सुरक्षित, पोषणयुक्त र पर्याप्त खाद्य वस्तुको सुनिश्चितता, ख्याउटे र पुड्कोपनको लागि कार्यक्रम, कृषि उत्पादकत्व र आयमा वृद्धि गर्ने कार्यक्रम, प्राकृतिक प्रकोपरहित तथा जलवायु परिवर्तन अनुकूलित कृषि उत्पादन (सुख्खा, बाढी), बीउको विविधता र नयाँ प्रजातिको प्रयोग, कृषि अनुसन्धानमा लगानी वृद्धि, कृषि वस्तु निर्यातमा अनुदान र पिछडिएका र सीमान्तकृत विशेष कृषि तथा खाद्य सुरक्षा कार्यक्रम, प्राकृतिक विपद् तथा प्रकोप विरुद्धको स्थानीय तयारी, सबैको लागि ब्यायामको लागि खुला ठाउँ —खेलमैदान - सार्वजनिक बगैंचा, प्राकृतिक सम्पदाहरूको संरक्षणबारे विस्तृत जानकारी लिने) (सबै) |
| २) वर्तमान सङ्घीय संरचनाअनुरूप प्रदेशमा दिगो कृषि प्रवर्द्धनद्वारा भोकमरी अन्त्य गर्नमा हुने वित्तीय स्रोतको प्रवाहबारे जानकारी गराउन सक्नुहुन्छ? अनुमोदित बजेट प्रक्रिया पूरा गरी खर्च गर्ने एकाइसम्म आइपुग्न कति समय लाग्छ? (खर्च गर्ने एकाई मात्र) (मन्त्रालय र स्थानीय तह) |
| ३) दिगो कृषि प्रवर्द्धनद्वारा भोकमरी अन्त्य गर्ने खालका ती कार्यक्रमहरू तथा यिनको सञ्चालनका लागि छुट्टयाइएको बजेटको पर्याप्तता बारे बताउन सक्नुहुन्छ? यदि अपर्याप्त रहेको भए कारणहरू बताउन सक्नुहुन्छ? (सबै) (खर्च गर्ने सबै एकाइ) |
| ४) दिगो कृषि प्रवर्द्धनद्वारा भोकमरी अन्त्य गर्न सञ्चालित कार्यक्रमहरू मध्ये कुन कार्यक्रमले बढी र कुन कार्यक्रमले कम उद्देश्यअनुरूप उपलब्धि हासिल गरेका छन्? यस उपलब्धिले दिविलको लक्ष्य प्राप्तिमा कस्तो सहयोग पुगेको अनुमान गर्नु भएको छ? (मन्त्रालय र स्थानीय तह पूर्वाधार शाखा) |
| ५) दिगो कृषि प्रवर्द्धनद्वारा भोकमरी अन्त्य गर्नको लागि विनियोजित बजेट समयमै प्राप्त भएको थियो? यदि नभएमा के के कारणले सो प्राप्त हुन नसकेको हो? (मन्त्रालय र स्थानीय तह पूर्वाधार शाखा) |
| ६) दिगो कृषि प्रवर्द्धनद्वारा भोकमरी अन्त्य गर्नको लागि कार्यक्रम तर्जुमा तथा विनियोजित बजेटको खर्च गर्दा आइपरेका समस्याहरू बताउन सक्नुहुन्छ? (प्रदेशका सबै र स्थानीय तह) (सबै) |
| ७) ती कार्यक्रमहरूले समाजको परिवर्तनमा कस्तो प्रभाव रहेको पाउनुभएको छ? दिविलको लक्ष्य प्राप्तिका लागि हालका कार्यक्रम पर्याप्त छन् ? वा सो प्राप्तिको लागि के कस्तो प्रयास आवश्यक रहेको छ? (सबै) |
| **लाभग्राहीको लागि मात्र (FGD)**<br>१) प्रदेशको बजेटमार्फत सञ्चालित दिगो कृषि प्रवर्द्धनद्वारा भोकमरी अन्त्य गर्नका लागि संचालित (दिविल सम्बन्धित) कार्यक्रमहरूले यस समुदायको आर्थिक सामाजिक सुधारमा कस्तो योगदान पुर्याएको छ? |

२) सबैका लागि सुरक्षित, पोषणयुक्त र पर्याप्त खाद्य वस्तुको सुनिश्चितता, ख्याउटे र पुड्कोपनको लागि कार्यक्रम, कृषि उत्पादकत्व र आयमा वृद्धि गर्ने कार्यक्रम, प्राकृतिक प्रकोपरहित तथा जलवायु परिवर्तन अनुकूलित कृषि उत्पादन (सुख्खा, बाढी), बीउको विविधता र नयाँ प्रजातिको प्रयोग, कृषि अनुसन्धानमा लगानी वृद्धि, कृषि बस्तु निर्यातमा अनुदान) र पिछडिएका र सीमान्तकृत विशेष कृषि तथा खाद्य सुरक्षा कार्यक्रम प्राकृतिक विपद् तथा प्रकोपविरुद्धको तयारी, सबैको लागि खुला ठाउँ —खेलमैदान - सार्वजनिक बगैंचा, प्राकृतिक सम्पदाहरूको संरक्षण बारे विस्तृत जानकारी दिन सक्नुहुन्छ?

३) दिगो कृषि प्रवर्द्धनद्वारा भोकमरी अन्त्यका लागि हालसम्म सञ्चालित कार्यक्रमहरूले यस क्षेत्रका आर्थिक सामाजिक उत्थान सम्बन्धी जटिलताहरू निराकरण गर्दै लगेका छन? (दिविल विशेष कार्यक्रमहरूको विस्तृत जानकारी लिने)

**समयको लागि धन्यवाद।**

## अनुसूची २ : आर्थिक वर्ष २०७८/७९ को दिविल अनुसार खर्चको साङ्केतीकरण

| विवरण | कोड |
|---|---|
| | १ |
| आयुर्वेद सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | १ |
| आवास व्यवस्था कार्यक्रम(संघ शसर्त अनुदान) | १ |
| उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरु | १ |
| उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १ |
| एकीकृत कृषि प्रयोगशाला | १ |
| कृषि विकास कार्यालयहरु | १ |
| कृषि विकास निर्देशनालय | १ |
| कृषि विभाग(संघ शसर्त अनुदान) | १ |
| कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | १ |
| डिभिजन वन कार्यालयहरु | १ |
| पशु अस्पताल तथा पशु सेवा कार्यालयहरु | १ |
| पशुपन्छी विकास निर्देशनालय | १ |
| पूर्वाधार विकास कार्यालयहरु | १ |
| पूर्वाधार विकास निर्देशनालय | १ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १ |
| भूमी व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय | १ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | १ |
| वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १ |
| वागवानी विकास केन्द्रहरु | १ |
| शिक्षा विकास निर्देशनालय | १ |
| सामाजिक विकास कार्यालयहरु | १ |
| सामाजिक विकास मन्त्रालय | १ |
| स्वास्थ्य सेवा कार्यालयहरु | १ |
| २ | |
| एकीकृत कृषि प्रयोगशाला | २ |
| कर्णाली अंचल सिंचाई विकास कार्यक्रम(संघ शसर्त अनुदान) | २ |
| कर्णाली प्रदेश योजना आयोग | २ |
| कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम(संघ शसर्त अनुदान) | २ |
| कृषि विकास कार्यालयहरु | २ |
| कृषि विकास निर्देशनालय | २ |
| कृषि विभाग(संघ शसर्त अनुदान) | २ |
| कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | २ |

| | |
|---|---|
| खानेपानी सिंचाइ तथा ऊर्जा विकास कार्यालयहरु | २ |
| जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | २ |
| जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | २ |
| डिभिजन वन कार्यालयहरु | २ |
| नदी नियन्त्रण(संघ शसर्त अनुदान) | २ |
| पशु अस्पताल तथा पशु सेवा कार्यालयहरु | २ |
| पशु सेवा विभाग(संघ शसर्त अनुदान) | २ |
| पशुपन्छी विकास निर्देशनालय | २ |
| पूर्वाधार विशेष कार्यक्रम | २ |
| प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना(संघ शसर्त अनुदान) | २ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २ |
| भूमी व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय | २ |
| मझौला सिंचाई आयोजना(संघ शसर्त अनुदान) | २ |
| मर्मत संभार आयोजनाहरु(संघ शसर्त अनुदान) | २ |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | २ |
| वागवानी विकास केन्द्रहरु | २ |
| समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना(संघ शसर्त अनुदान) | २ |
| ३ | |
| अस्पतालहरु | ३ |
| आयुर्वेद औषधालयहरु | ३ |
| आयुर्वेद सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | ३ |
| उपचारात्मक सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | ३ |
| एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम(संघ शसर्त अनुदान) | ३ |
| एड्स तथा यौन रोग नियन्त्रण(संघ शसर्त अनुदान) | ३ |
| कोभिड-१९ महामारी नियन्त्रण कार्यक्रम | ३ |
| क्षयरोग नियन्त्रण(संघ शसर्त अनुदान) | ३ |
| नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कयिक्रम(संघ शसर्त अनुदान) | ३ |
| प्रदेश जनस्वास्थ्थ प्रयोगशाला | ३ |
| महामारी तथा रोग नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान) | ३ |
| मानव संशाधन विकास केन्द्र | ३ |
| शिक्षा विकास निर्देशनालय | ३ |
| सामाजिक विकास कार्यालयहरु | ३ |
| सामाजिक विकास मन्त्रालय | ३ |
| स्वास्थ्य ब्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ३ |
| स्वास्थ्य सेवा कार्यालयहरु | ३ |
| स्वास्थ्य सेवा निर्देशनालय | ३ |
| ४ | |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ४ |
| प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(संघ शसर्त अनुदान) | ४ |

| | |
|---|---|
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४ |
| मानव संशाधन विकास केन्द्र | ४ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४ |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | ४ |
| राष्ट्रिय खेलकुद परिषद्(संघ शसर्त अनुदान) | ४ |
| राष्ट्रिय तालिम कार्यक्रम(संघ शसर्त अनुदान) | ४ |
| राष्ट्रिय परीक्षा बोर्ड(संघ शसर्त अनुदान) | ४ |
| राष्ट्रिय युवा परिचालन कार्यक्रम(संघ शसर्त अनुदान) | ४ |
| राष्ट्रिय युवा परिषद्(संघ शसर्त अनुदान) | ४ |
| राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र(संघ शसर्त अनुदान) | ४ |
| विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर(संघ शसर्त अनुदान) | ४ |
| शिक्षा विकास निर्देशनालय | ४ |
| सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम(संघ शसर्त अनुदान) | ४ |
| सामाजिक विकास कार्यालयहरु | ४ |
| सामाजिक विकास मन्त्रालय | ४ |
| ५ | |
| अस्पतालहरु | ५ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ५ |
| आयुर्वेद औषधालयहरु | ५ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ५ |
| उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरु | ५ |
| उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ५ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ५ |
| एकीकृत कृषि प्रयोगशाला | ५ |
| कर्णाली प्रदेश योजना आयोग | ५ |
| कृषि विकास कार्यालयहरु | ५ |
| कृषि विकास निर्देशनालय | ५ |
| कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | ५ |
| खानेपानी सिंचाइ तथा ऊर्जा विकास कार्यालयहरु | ५ |
| जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ५ |
| डिभिजन वन कार्यालयहरु | ५ |
| पशु अस्पताल तथा पशु सेवा कार्यालयहरु | ५ |
| पूर्वाधार विकास कार्यालयहरु | ५ |
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला | ५ |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान) | ५ |
| प्रदेश लेखा इकाई कार्यालयहरु | ५ |
| प्रदेश लेखा नियन्त्रक कार्यालय | ५ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ५ |
| भूमी व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय | ५ |

| | |
|---|---|
| भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | ५ |
| मानव संशाधन विकास केन्द्र | ५ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५ |
| यातायात व्यवस्था सेवा कार्यालयहरु | ५ |
| वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ५ |
| वन तथा वातावरण निर्देशनालय | ५ |
| शिक्षा विकास निर्देशनालय | ५ |
| सडक डिभिजन कार्यालयहरु | ५ |
| सामाजिक विकास कार्यालयहरु | ५ |
| सामाजिक विकास मन्त्रालय | ५ |
| स्वास्थ्य सेवा कार्यालयहरु | ५ |
| स्वास्थ्य सेवा निर्देशनालय | ५ |
| ६ | |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ६ |
| कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | ६ |
| खानेपानी तथा गुणस्तर सुधार  कार्यक्रम(संघ शसर्त अनुदान) | ६ |
| खानेपानी सिंचाइ तथा ऊर्जा विकास कार्यालयहरु | ६ |
| जलवायु अनुकुलित वृहत खानेपानी आयोजना(संघ शसर्त अनुदान) | ६ |
| जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ६ |
| जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ६ |
| पूर्वाधार विकास निर्देशनालय | ६ |
| पूर्वाधार विशेष कार्यक्रम | ६ |
| प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(संघ शसर्त अनुदान) | ६ |
| भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | ६ |
| मानव संशाधन विकास केन्द्र | ६ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | ६ |
| ७ | |
| अर्थ वित्तीय व्यवस्था | ७ |
| जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ७ |
| पूर्वाधार विशेष कार्यक्रम | ७ |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | ७ |
| राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम(संघ शसर्त अनुदान) | ७ |
| स्वास्थ्य सेवा निर्देशनालय | ७ |
| ८ | |
| अस्पतालहरु | ८ |
| आयुर्वेद औषधालयहरु | ८ |
| उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरु | ८ |
| उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ८ |

| | |
|---|---|
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ८ |
| एकीकृत कृषि प्रयोगशाला | ८ |
| कर्णाली प्रदेश योजना आयोग | ८ |
| कृषि विकास कार्यालयहरु | ८ |
| कृषि विकास निर्देशनालय | ८ |
| कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | ८ |
| डिभिजन वन कार्यालयहरु | ८ |
| पशु अस्पताल तथा पशु सेवा कार्यालयहरु | ८ |
| पशुपन्छी विकास निर्देशनालय | ८ |
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला | ८ |
| प्रदेश संग्रहालय तथा अभिलेखालय | ८ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ८ |
| भूमी व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय | ८ |
| भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | ८ |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | ८ |
| वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ८ |
| वन तथा वातावरण निर्देशनालय | ८ |
| वागवानी विकास केन्द्रहरु | ८ |
| सामाजिक विकास कार्यालयहरु | ८ |
| सामाजिक विकास मन्त्रालय | ८ |
| स्वास्थ्य सेवा कार्यालयहरु | ८ |
| स्वास्थ्य सेवा निर्देशनालय | ८ |
| ९ | |
| उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरु | ९ |
| गुमी-पाटिहाल्ना चौर(सुर्खेत)(संघ शसर्त अनुदान) | ९ |
| ग्रामीण पहुंच कार्यक्रम(संघ शसर्त अनुदान) | ९ |
| झोलुंगे पुल क्षेत्रगत कार्यक्रम(संघ शसर्त अनुदान) | ९ |
| डिभिजन वन कार्यालयहरु | ९ |
| तल्लो डुङ्गेश्वर-सातखम्वा-दुल्लु-पिपलकोट-दैलेख(संघ शसर्त अनुदान) | ९ |
| देवस्थल-कैनडांडा-चौरजहारी-डोल्पा(संघ शसर्त अनुदान) | ९ |
| पशु अस्पताल तथा पशु सेवा कार्यालयहरु | ९ |
| पूर्वाधार विकास कार्यालयहरु | ९ |
| पूर्वाधार विकास निर्देशनालय | ९ |
| पूर्वाधार विशेष कार्यक्रम | ९ |
| भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | ९ |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | ९ |
| यातायात व्यवस्था कार्यालयहरु | ९ |
| यातायात व्यवस्था सेवा कार्यालयहरु | ९ |
| संभावित रणनीतिक सडकहरु(संघ शसर्त अनुदान) | ९ |

| | |
|---|---|
| सडक डिभिजन कार्यालयहरु | ९ |
| स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना(संघ शसर्त अनुदान) | ९ |
| ११ | |
| अस्पतालहरु | ११ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ११ |
| आयुर्वेद औषधालयहरु | ११ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ११ |
| आवास व्यवस्था कार्यक्रम(संघ शसर्त अनुदान) | ११ |
| उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरु | ११ |
| उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ११ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ११ |
| एकीकृत कृषि प्रयोगशाला | ११ |
| कृषि विकास कार्यालयहरु | ११ |
| कृषि विकास निर्देशनालय | ११ |
| कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | ११ |
| कोभिड-१९ महामारी नियन्त्रण कार्यक्रम | ११ |
| झोलुंगे पुल क्षेत्रगत कार्यक्रम(संघ शसर्त अनुदान) | ११ |
| डिभिजन वन कार्यालयहरु | ११ |
| पशु अस्पताल तथा पशु सेवा कार्यालयहरु | ११ |
| पशुपन्छी विकास निर्देशनालय | ११ |
| पूर्वाधार विकास कार्यालयहरु | ११ |
| पूर्वाधार विकास निर्देशनालय | ११ |
| पूर्वाधार विशेष कार्यक्रम | ११ |
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला | ११ |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान) | ११ |
| प्रदेश लेखा नियन्त्रक कार्यालय | ११ |
| प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(संघ शसर्त अनुदान) | ११ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ११ |
| भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | ११ |
| मानव संशाधन विकास केन्द्र | ११ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ११ |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | ११ |
| यातायात व्यवस्था कार्यालयहरु | ११ |
| यातायात व्यवस्था सेवा कार्यालयहरु | ११ |
| राष्ट्रिय खेलकुद परिषद्(संघ शसर्त अनुदान) | ११ |
| राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम(संघ शसर्त अनुदान) | ११ |
| वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ११ |
| वन तथा वातावरण निर्देशनालय | ११ |
| विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर(संघ शसर्त अनुदान) | ११ |

| | |
|---|---|
| शिक्षा विकास निर्देशनालय | ११ |
| सामाजिक विकास कार्यालयहरु | ११ |
| सामाजिक विकास मन्त्रालय | ११ |
| स्वास्थ्य सेवा कार्यालयहरु | ११ |
| स्वास्थ्य सेवा निर्देशनालय | ११ |
| १३ | |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | १२ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | १२ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १२ |
| डिभिजन वन कार्यालयहरु | १२ |
| नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान) | १२ |
| भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | १२ |
| वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १२ |
| वन तथा वातावरण निर्देशनालय | १२ |
| वातावरण विभाग(संघ शसर्त अनुदान) | १२ |
| सामाजिक विकास मन्त्रालय | १२ |
| १५ | |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १५ |
| कृषि विकास कार्यालयहरु | १५ |
| जडिबुटी विकास कार्यक्रम(संघ शसर्त अनुदान) | १५ |
| जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | १५ |
| जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | १५ |
| डिभिजन वन कार्यालयहरु | १५ |
| नदी नियन्त्रण(संघ शसर्त अनुदान) | १५ |
| नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान) | १५ |
| पूर्वाधार विशेष कार्यक्रम | १५ |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | १५ |
| राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | १५ |
| वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १५ |
| वन तथा भू-संरक्षण विभाग(संघ शसर्त अनुदान) | १५ |
| वन तथा वातावरण निर्देशनालय | १५ |
| वागवानी विकास केन्द्रहरु | १५ |
| वातावरण विभाग(संघ शसर्त अनुदान) | १५ |
| १६ | |
| अर्थ वित्तीय व्यवस्था | १६ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | १६ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | १६ |
| कर्णाली प्रदेश योजना आयोग | १६ |
| जिल्ला समन्वय समितिहरु | १६ |

| | |
|---|---|
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघ शसर्त अनुदान) | १६ |
| प्रदेश लेखा इकाई कार्यालयहरु | १६ |
| प्रदेश लेखा नियन्त्रक कार्यालय | १६ |
| प्रदेश लोक सेवा आयोग | १६ |
| प्रदेश लोक सेवा आयोग (प्रशासनिक खर्च समेत) | १६ |
| प्रदेश सभा | १६ |
| प्रदेश सभा सचिवालय | १६ |
| भैपरी आउने - विकास कार्यक्रम | १६ |
| भैपरी आउने - साधारण प्रशासन | १६ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | १६ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १६ |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | १६ |
| स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान(संघ शसर्त अनुदान) | १६ |
| १७ | |
| अदानचुली गाउँपालिका | १७ |
| आठबिसकोट नगरपालिका | १७ |
| आठबीस नगरपालिका | १७ |
| कनकासुन्दरी गाउँपालिका | १७ |
| कपुरकोट गाउँपालिका | १७ |
| काईके गाउँपालिका | १७ |
| कालिमाटी गाउँपालिका | १७ |
| कुमाख गाउँपालिका | १७ |
| कुसे गाउँपालिका | १७ |
| खत्याड गाउँपालिका | १७ |
| खाँडाचक्र नगरपालिका | १७ |
| खार्पुनाथ गाउँपालिका | १७ |
| गुठिचौर गाउँपालिका | १७ |
| गुराँस गाउँपालिका | १७ |
| गुर्भाकोट नगरपालिका | १७ |
| चंखेली गाउँपालिका | १७ |
| चन्दननाथ नगरपालिका | १७ |
| चामुण्डा बिन्द्रासैनी नगरपालिका | १७ |
| चिङ्गाड गाउँपालिका | १७ |
| चौकुने गाउँपालिका | १७ |
| चौरजहारी नगरपालिका | १७ |
| छत्रेश्वरी गाउँपालिका | १७ |
| छायाँनाथ रारा नगरपालिका | १७ |
| छार्का ताङसोङ गाउँपालिका | १७ |
| छेडागाड नगरपालिका | १७ |

| | |
|---|---|
| जगदुल्ला गाउँपालिका | १७ |
| जुनीचाँदे गाउँपालिका | १७ |
| ठाँटीकाँध गाउँपालिका | १७ |
| ठूलीभेरीनगरपालिका | १७ |
| डुंगेश्वर गाउँपालिका | १७ |
| डोल्पो बुद्ध गाउँपालिका | १७ |
| ताँजाकोट गाउँपालिका | १७ |
| तातोपानी गाउँपालिका | १७ |
| तिला गाउँपालिका | १७ |
| तिलागुफा नगरपालिका | १७ |
| त्रिपुरासुन्दरी नगरपालिका | १७ |
| त्रिवेणी गाउँपालिका | १७ |
| दार्मा गाउँपालिका | १७ |
| दुल्लु नगरपालिका | १७ |
| नरहरिनाथ गाउँपालिका | १७ |
| नलगाड नगरपालिका | १७ |
| नाम्खा गाउँपालिका | १७ |
| नारायण नगरपालिका | १७ |
| नौमुले गाउँपालिका | १७ |
| पचालझरना गाउँपलिका | १७ |
| पञ्चपुरी नगरपालिका | १७ |
| पलाता गाउँपालिका | १७ |
| पातारासी गाउँपालिका | १७ |
| बनगाँड कुपिण्डे नगरपालिका | १७ |
| बराहताल गाउँपालिका | १७ |
| बाँफिकोट गाउँपालिका | १७ |
| बागचौर नगरपालिका | १७ |
| बारेकोट गाउँपालिका | १७ |
| बीरेन्द्रनगर नगरपालिका | १७ |
| भगवतीमाई गाउँपालिका | १७ |
| भेरीगंगा नगरपालिका | १७ |
| भेरीमालिका नगरपालिका | १७ |
| भैरवी गाउँपालिका | १७ |
| महाबु गाउँपालिका | १७ |
| महावै गाउँपालिका | १७ |
| मुगुमकार्मारोंग गाउँपालिका | १७ |
| मुड्केचुला गाउँपालिका | १७ |
| मुसिकोट नगरपालिका | १७ |
| रास्कोट नगरपालिका | १७ |

| | |
|---|---|
| लेकबेसी नगरपालिका | १७ |
| शारदा नगरपालिका | १७ |
| शिवालय गाउँपालिका | १७ |
| शुभ कालिका गाउँपालिका | १७ |
| शे फोक्सुन्डो गाउँपालिका | १७ |
| सर्केगाड गाउँपालिका | १७ |
| सानीभेरी गाउँपालिका | १७ |
| सान्नी त्रिवेणी गाउँपालिका | १७ |
| सिंजा गाउँपालिका | १७ |
| सिद्ध कुमाख गाउँपालिका | १७ |
| सिमकोट गाउँपालिका | १७ |
| सिम्ता गाउँपालिका | १७ |
| सोरु गाउँपालिका | १७ |
| स्थानीय तह अनुदान- एकमुष्ट | १७ |
| हिमा गाउँपालिका | १७ |
| | |

नोटः अन्तिम खर्च भएको कार्यक्रमका आधारमा कोडिङ्ग गरिएको छ। अस्पताल, शिक्षाका केहि कार्यक्रमहरुको भवन निर्माण मा खर्च भएकोले ११ मा राखिएको छ। स्रोत पुस्तिका अनुसारनै सबै कोडिङ्ग भएको छ ।

**प्रकाशकः**
कर्णाली प्रदेश योजना आयोग
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत, नेपाल
फोनः (+९७७) ०८३-५२१६७६
इमेलः ppckarnali@gmail.com
वेबः kppc.karnali.gov.np